अनुत्पादक क्षेत्रमा लगानी

कौडीको भाउमा सरकारी सम्पत्ति

१८औं
वर्ष प्रवेश

nepal.ekantipur.com

आइतबार • २२ साउन २०७४ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक



प्रभावशून्य प्रतिपक्ष



ठूला पार्टीभित्र विपक्षी भूमिका दयनीय

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
चिसो चिसो
COOL COOL
बेहतर फॉर्मुला
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
९ असरदार
जड़ी - बूटियों के साथ
राहत • आराम • तरोताजगी
नवरत्न
आयुर्वेदिक तेल

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५
नेपालमा बनेको
ISO 9001:2008 CERTIFIED COMPANY

भित्र

आइतबार, २२ साउन २०७४ (वर्ष १८, अंक १)
NEPAL National Weekly, 6 Aug 2017 (Vol. 18, No.1)
नेपाल
www.nepal.ekantipur.com

ठूला पार्टीका निरीह विपक्ष

आवरण ३४

१८ संवाद
'भूगोललाई बाहेक गरेर राज्यको न संरचना, न पुन:संरचना'
- नेत्र घिताल

२३ एमाओवादी
फेरि प्रचण्ड प्राधिकार

२६ सार्वजनिक खर्च
विकास बजेट अनुत्पादक क्षेत्रमा



४० अनियमितता
कौडीको भाउमा सरकारी सम्पत्ति

५४ झल्याकझुल्युक

कमजोर कमब्याक



४४ साहित्य
लेखकको रुवावासी

कहीँ नभएको जात्रा लुम्बिनीमा	१५
गण्डकको साँचो भारतसँग	१६
विमर्श : अच्युत वाग्ले	२०
मतान्तर : उज्ज्वल प्रसाई	३२

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **विशेष प्रतिनिधि** : सीताराम बराल, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम, **अर्थ** : सुरेशराज न्यौपाने

कपी डेस्क : ईश्वरी ज्ञवाली, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १५ साउन २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

१८ औं

वर्ष प्रवेश

प्रकाशकीय

१८ का हामी

सूचना, विश्लेषण र विचारको जगमा उभिएर *नेपालले* म्यागेजिनकारिता गर्न थालेको १७ वर्ष पूरा गरी १८ वर्षमा पाइला टेकेको छ ।

यस अवधिमा नेपाली पत्रकारिता क्षेत्रमा *नेपालले* आफ्नो केन्द्र पाठक मात्र हुन्, अन्य सबै पक्ष गौण हुन् भन्ने मन्त्रलाई कहिल्यै बिर्सिएन । त्यही मन्त्र नै हो, जसले *नेपाललाई* जस्तै कठिन परिस्थिति र विपत्तिका बाबजुद पनि पाठकलाई सूचना सम्प्रेषित गर्ने दायित्वबाट दायाँबायाँ हुन दिएन ।

लोकतान्त्रिक मूल्य, मान्यता र आदर्श नै हाम्रा आधारस्तम्भ हुन् । यसैभित्र पर्छ, उत्तरदायित्वसहितको पत्रकारिता । सूचना र प्रविधिको सहज पहुँच अनि हत्केलामै सञ्चारको सुविधाको युग हो अहिलेको । तर, जनतालाई कुन माध्यमबाट सुसूचित गर्ने भन्ने कुरा महत्त्वपूर्ण होइन, महत्त्वपूर्ण त जिम्मेवार पत्रकारिता हो । राज्यका अंगहरू, सरकार र त्यस मातहतका निकाय, राजनीतिक दल र निजी क्षेत्रलाई जनताप्रति जिम्मेवार बनाउन पत्रकारिता कति सक्षम छ भन्ने हो । हो, यही विन्दुमा महत्त्वपूर्ण भूमिका छ, जिम्मेवारी र दायित्वसहितको पत्रकारिताको । *नेपाल* यो मामिलामा कहिल्यै चुकेन, चुक्ने छैन ।

कुनै पनि क्षेत्रमा थिति बस्नै नसकेको हाम्रोजस्तो मुलुकमा पत्रकारिता आफैंमा दुरूह सेवा हो । तर, यो चुनौतीलाई स्वीकार गरेर नै १७ वर्षदेखि निरन्तर *नेपालले* असल कामका लागि स्याबासी दिन नहिचकिच्याउने र बेथितिमाथि खबरदारी गर्न नडराउने बाटो अँगाल्यो ।

ठीक यही विन्दुमा *नेपालले* आफ्नो जिम्मेवारीलाई सधैं स्मरणमा राखिरहनेछ । सरोकारवाला पक्षलाई घचघच्याएर हुन्छ कि खबरदारी गरेर, सामाजिक सद्भावसहितको समृद्धिको सुनौलो द्वार खोल्नका लागि *नेपालले* हैंसेमा होस्टे गर्ने आफ्नो जिम्मेवारी कदापि बिर्सने छैन ।

नेपाललाई यो उचाइमा पुर्‍याउने पाठकलगायत सबैप्रति आत्मीय आभार तथा साधुवाद प्रकट गर्दै आगामी दिनमा पनि एवंरीतले सद्भाव र सहयोगको अपेक्षा गर्दछौं ।

कैलाश सिरोहिया
अध्यक्ष तथा प्रबन्ध निर्देशक
कान्तिपुर पब्लिकेसन्स प्रालि

nepalpatra@kmg.com.np

कांग्रेसका लागि नराम्रो

कोइराला परिवारका सदस्यले २१औं शताब्दीमा पनि पारिवारिक विरासतको राजनीति गर्ने सोच पालेको देख्दा दया लागेर आयो *(सहमतिमा दोस्रो पुस्ता, १५ साउन)*। आफ्नै बलबुतामा राजनीति गर्ने सोच उनीहरूमा कहिले आउला ? पारिवारिक विरासतको राजनीति कांग्रेसका लागि मात्र होइन, समग्र मुलुककै लागि राम्रो होइन। कोइराला परिवारलाई चेतना भया !

सहम तिमा दोस्रो पुस्ता

● **मुक्ति गुरुङ**
पाटनढोका, ललितपुर

- कोइराला परिवारबाट टाढिँदै गएको नेपाली कांग्रेसलाई आफ्नो पकडमा ल्याउने शेखर, शशांक र सुजाता कोइरालाको प्रयास सराहनीय लाग्यो। तर, यी 'तीन स' देउवाका कारण गुम्दै गएको कांग्रेसको साख फर्काउन कत्तिको सफल हुन्छन्, त्यो त समयले नै बताउला। तर, 'भाइ फुटे गँवार लुटे'को स्थितिमा कोइराला परिवार छिन्नभिन्न हुँदा कांग्रेसको नेतृत्व उनीहरूबाट फुस्किएको पीडा ढिलै भए पनि यो दोस्रो पुस्ताले महसुस गरेछ। यसैमा खुसी लाग्यो।

● **रविन कोइराला**
विराटनगर-१४, मोरङ

दमदार कलम

मुलुकको वास्तविक अवस्था छर्लंग पार्ने किसिमको विचारक हस्त गुरुङको आलेख दमदार लाग्यो *(भय-परिवेष्टित हामी, १५ साउन)*। असल छिमेकी भएका मुलुकले गरेको प्रगतिका उदाहरण दिँदै त्यसबाट हामीले पनि केही कुरा सिक्न सके मुलुकको उन्नति हुने उनको सुझाव मननीय छ। मुलुकका लागि हित हुने खालका प्रस्ताव राख्न नसक्ने हाम्रा शासकलाई उनले दरिलो झापड दिएका छन्।

● **गोकर्ण पण्डित**
चन्द्रनिगाहपुर, रौतहट

भाग्यमानी नेता

आफ्नो पार्टीभित्र गुटबन्दी रहेको एमाले नेता प्रदीप नेपालले नलुकाई भनेका छन् *('मेरो नेता मदन भण्डारी मात्र हो', १५ साउन)*। एमालेभित्रका हक्की नेता हुन् उनी। गुटभन्दा आफ्नो विवेकले देखेको कुरा गर्ने उनको स्वभाव मन पर्‍यो। 'केपी ओली गुटमा नरहेकाले आफू हारिने निश्चित थियो' भनेर पार्टीभित्र गुट राजनीति कति चर्को रहेछ भन्ने कुरा पनि उनले सार्वजनिक गरिदिएका छन्। ओली गुटमा नभए पनि त्यही गुटबाटै टिकट पाउने भाग्यमानी नेता भने हुन् प्रदीप नेपाल।

● **रामकृष्ण अधिकारी**
चाबहिल, काठमाडौं

अंकुश जरुरी

राजनीतिक पहुँच र शक्तिका आडमा राज्यस्रोतमाथि दोहन गर्दै आफन्त पोस्ने प्रवृत्ति मौलाउँदो छ *(विलासी गाडीको खोसाखोस, १५ साउन)*। सरकार फेरिएपिच्छे नयाँ नयाँ र विलासी गाडी चढ्ने प्रवृत्तिमाथि कानुनत: अंकुश लगाउनुपर्छ। यसो नगरेसम्म यो प्रवृत्ति रोकिन मुस्किल छ।

● **कृष्ण लिम्बू**
दमक, झापा

गैरजिम्मेवार नेपाल टेलिकम

अन्तर्राष्ट्रिय मापदण्डको सेवा होइन, सामान्य सेवा प्रवाह गर्नमा पनि नेपाल टेलिकम चुक्दै गइरहेको छ *(व्यापार गुमाउँदै टेलिकम, १५ साउन)*। यसको ताजा उदाहरण हो, भैरहवाको पडसरी। यस क्षेत्रमा टेलिफोनको लाइन अवरुद्ध भएको महिनौं भयो। स्थानीयवासीले धेरैपटक दूरसञ्चार कार्यालय गएर समस्या अवगत गराउने काम पनि गरेका छन्। तर, दूरसञ्चारका कर्मचारी यस्ता समस्या वास्तै गर्दैनन्। टेलिफोन शुल्क तिर्न एक दिन ढिला भए जरिवाना लगाउने नेपाल टेलिकमले टेलिफोन लाइन अवरुद्ध भएको यतिका दिन बितिसक्दा पनि वास्ता नगर्नु गैरजिम्मेवारीपन हो। मुलुकमा अब नेपाल टेलिकमको मात्र एकाधिकार छैन भन्ने कुरा टेलिकमका कर्मचारीले कहिले बुझ्ने ?

● **केशव पोखरेल**
पडसरी, भैरहवा

KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा नि:शुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।
गुनासो, जानकारी, परामर्श सुझाव...
नि:शुल्क टोल फ्रि नम्बर
1660 01 22222 NTC
9801 57 2222 Ncell
अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
टोल फ्री नम्बरमा कल गर्दा कुनै पनि शुल्क लाग्ने छैन।
KANTIPUR PUBLICATIONS PVT. LTD.
Radio Kantipur
KANTIPUR TELEVISION NETWORK (P.) LTD.
KANTIPUR DIGITAL CORP
KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group
कान्तिपुर
kathmandupost
साप्ताहिक
नेपाल
नारी
ekantipur
सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म।
www.kmg.com.np

विदेशबाट

बन्द भयो हात्ती सफारी

यदि हात्तीमा बसेर चितवन राष्ट्रिय निकुञ्जको जंगल सफारीमा निस्किने तपाईंको धोको छ भने अब त्यो पूरा नहुन सक्छ । किनभने, त्यहाँ यस्तो सेवा बन्द गरिएको छ । चितवन राष्ट्रिय निकुञ्ज हात्ती सफारीकै लागि प्रख्यात ठाउँ थियो । अहिले त्यहाँ हात्ती सफारीमा नयाँ तर दयालु तरिका अपनाइएको छ ।

पहिला पर्यटकहरू हात्तीमा बसेर सफारीमा निस्कन्थे । अब भने उनीहरू हात्तीसँगै हिंड्छन् । पहिला हात्ती सफारीका साधनजस्तै थिए भने, अहिले उनीहरू गाइडजस्तै भएका छन् । चितवनमा सफारीको यस्तो नयाँ तरिका टाइगर टप्स एलिफेन्ट क्यापले हात्तीहरूकै हितका लागि



काम गर्ने एक अमेरिकी परोपकारी संस्थाका संस्थापक क्यारोल बक्लीसँग मिलेर तयार पारेको हो । त्यहाँका हात्तीलाई अहिले फलामे साङ्लाले बाँधेर राख्न पनि छोडिएको छ । बरू, उनीहरूलाई घेरिएको मैदानभित्र खुला रूपमा हिंड्न दिइन्छ ।

सफारीमा निस्कँदा हात्तीमाथि आठ जनासम्म पर्यटक बस्न सक्थे । अचेल पर्यटक हात्तीसँगै हिंडे पनि माउते भने हात्तीमाथि नै बस्छन् । किनभने, माउते पनि पर्यटकसँगै हिंड्दा हात्ती अलमलमा परेको देखियो । सुरूमा यो तरिका माउतेहरूलाई नै ठीक लागेको थिएन । अहिले भने यही तरिका ठीक भएको उनीहरूले बुझ्न थालेका छन् । सन् १९९८ देखि माउते रहेका काले कुमालले द *गार्डियन*सँग भनेका छन्, 'अहिले हात्तीहरू पनि खुसी देखिन्छन् । मान्छे बोक्दाको जस्तो हल्लिएर उनीहरूको ढाडमा घाउ पनि हुँदैन । यो एकदमै सही तरिका हो । र, अरूले पनि यस्तै गरेको हामी देख्न चाहन्छौं ।' ◆

सुर-बेसुर

“प्रचण्डजी (माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल)ले सबै माओवादी शक्ति पुनः एक ठाउँमा आउने क्रम जारी रहेको बताए पनि उहाँले सपना देखेको हुन सक्छ, पार्टी एकताको कुनै सम्भावना छैन ।”

बाबुराम भट्टराई
संयोजक, नयाँ शक्ति नेपाल
सेतोपाटी

तस्बिरमा इतिहास

मिसन : १६ वटा
सैन्य संख्या : ४४५० (जसमध्ये महिला : ११८)



ट्याक्सी नं ५१८...
४८ वर्षअघि राजधानीको वसन्तपुरमा यात्रुको पर्खाइमा भारतमा निर्मित फियेट कम्पनीको ट्याक्सी ।

सोझै



तथ्यचित्र

अदुवा अर्थशास्त्र

● परिमाण (किलोग्राममा)
● मूल्य (रू करोडमा)

आर्थिक वर्ष	परिमाण (किलोग्राममा)	मूल्य (रू करोडमा)
०६७/६८	२८.२२	१,३२,७९,६८३
०६८/६९	५०.७५	२,३९,४९,९५९
०६९/७०	१३३	६,२८,४३,३६३
०७०/७१	४४.९९	२,०४,३२,६६६
०७१/७२	४६.४९	२,४५,४८,६३७
०७२/७३	६४.२८२३	२,८३,४७,२१४
०७३/७४	२४.१७४९	४,३८,४६२१

श्रोत : भन्सार विभाग   इन्फोग्राफिक्स : यमन मानन्धर

साताका चर्चित

प्रेमसागर कर्माचार्य
रक्तदाता

रक्तदान गर्न अभिप्रेरित गर्ने गीति एल्बम सार्वजनिक गरेकाले । यसअघि पनि रक्तदानमै केन्द्रित गरी गीति एल्बम सार्वजनिक गरेका कर्माचार्य बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउने स्वयंसेवीका रूपमा चिनिन्छन् । कर्माचार्यले विगत साढे तीन दशकदेखि हरेक तीन महिनामा रक्तदान गर्दै आइरहेका छन् । उनले अहिलेसम्म १ सय ५० पटक रक्तदान गरिसकेका छन् । नेपालमा सबैभन्दा धेरैपटक रक्तदान गर्ने व्यक्तिमा उनै पर्छन् ।

पानीजहाज र खाल्डो

जेठमा जन्मिएका शेरबहादुर देउवा र फागुनमा जन्मिएका केपी ओलीको ग्रहदशा बाझाबाझ छ । त्यसैले उनीहरू प्रायः एक जना दक्षिणतिर र अर्को उत्तरतिर मुख फर्काएर बसेका हुन्छन् । एकअर्काको सपना धुजाधुजा पारेर च्यात्न या बिथोल्न पाउँदा चरमसुख महसुस गर्छन् । यस्ता किस्सा त यति छन् कि हजार जिब्रो भएका शेषनागले पनि वर्णन गर्न सक्दैनन् भने यो साधारण मनुवाको के तागत ?

पछिल्लो किस्सा अझ स्मरणयोग्य छ । त्यो के भने राजधानीका जलमग्न सडकमा सवारी साधन चलाउनुभन्दा डुङ्गा चलाउन सहज भइसकेको थियो । आफ्नै देशमा पानीजहाज चलाउने सपना बुनेर बसेका बालकोट निवासी ओलीको मुहारमा चमक देखिन थालिसकेको थियो । तर, हाल बालुवाटार निवासी देउवालाई साह्रै डाह लागेछ । रातारात राजधानीका खाल्डाखुल्डी पुर्न आदेश गरिहाले । आफ्नो देशको राजधानीमै पानीजहाज चलाउने इच्छा पूरा हुन लागेका बेला विचरा ओली देउवाको खाल्डो पुर्ने अभियानका अगाडि गर्ल्याम्मै ढले । तर, होस गर्नूस् है देउवाजी, रिसाएका ओलीले तपाईंलाई ढाल्न प्रधानमन्त्रीको कुर्सीकै मुन्तिर खाल्डो खन्नुहोला नि फेरि । प्रधानमन्त्रीको कुर्सी, आज हो कि भोलि ?

■ **सूर्जे नेवाः**

जे हिजो, त्यही आज



नयाँ पेट्रोल पम्प, ग्यास उद्योग जे खोल्न पनि नेपाल आयल निगमलाई बक्सिस नटक्र्याई सम्भव छैन । हिजो घाटामा जाँदा सरकार जमानी बसेर भए पनि कर्मचारीलाई बोनस खुवाएकै हो । यस्तो ऐतिहासिक धरोहर बोकेको निगमले डेढ अर्बको जग्गा किन्दा जाबो ६७ करोड रुपियाँ घोटाला गरेकामा के के न भएजसरी संसदीय समितिले छानबिन गरिरहेको छ । चल्तीको भाउभन्दा दोब्बर मोल हालेको, खोलाको कमसल जग्गा किनेको आरोप मात्र न हो, यहाँनेर विगत सम्झनुपर्छ । हिजो, निगमकै मिलेमतोमा उपभोक्तालाई मिसावटयुक्त तेल बेचेको होइन ? कम परिमाणमा तेल दिएको होइन ? अनि, आज निगमले कसरी अब्बल जग्गा किन्ने नैतिकता राख्छ ? जे अभ्यास गरेको थियो, त्यसैलाई निरन्तरता मात्र हो । अब संसदीय समितिलाई किन ऐतिहासिक कारबाही नगर्ने ?

■ **लुकुवा बाजे**

कसका मन्त्री ?

सात महिना आयु भएको सरकारले करिब दुई महिना गुजारेपछि बल्लबल्ल १९ थान मन्त्री पाएको छ । यो, शेरबहादुर देउवा सरकारको चानचुने सफलता होइन । २० वर्षअगाडि नै ५१ जनाको जम्बो सरकार चलाएका देउवाजीलाई यति जाबो मन्त्री थप्न पनि महाभारतै भयो । हुनलाई कांग्रेस पार्टी सभापति नेतृत्वकै सरकार छ । तर, थपिएका मन्त्री कांग्रेसकै हुन् भन्नेमा सन्देह छ । नेपाल सरकारको

मन्त्री त परै जाओस् । घोषित रुपमा कोही शेरबहादुर देउवाका मन्त्री छन्, कोही रामचन्द्र पौडेलका । कोही प्रकाशमान सिंह र खुमबहादुर खड्काका प्रतिनिधि त कोही कृष्णप्रसाद सिटौलाका । पछिल्लो खबर त के छ भने विमलेन्द्र निधिले पनि एक थान मन्त्री उछिट्याएछन् । यी मन्त्रीहरू अरू क-कसका हुन् भन्ने त काम-कारबाहीबाटै देखिने छ ।

■ **लाल कुमाल**

छट्टुका अगाडि डा केसी

एउटा खान्की पसल रै'छ, जसको भित्तामा 'आज नगद, भोलि उधारो' लेखिएको थियो । त्यो लेखोटलाई बेवास्ता गर्दै ग्राहकहरू पसलेसँग उधारो माग्थे । तीमध्ये एक जना छट्टु ग्राहक सधैं विभिन्न बहानामा खाएर जान्थ्यो, पैसा दिने बेलामा 'भोलि...भोलि...' भन्थ्यो । कहिले 'आज त पक्का, पहिलेको उधारो तिर्न पैसा ल्याएको छु' भन्थ्यो, पेटभरि खान्थ्यो । फेरि उही बहाना । कहिले भने 'आज खान दिएनौ

भने पहिलेको उधारो पनि तिर्दिनँ' भन्थ्यो र पसले उसलाई खान्की दिन बाध्य हुन्थ्यो । तर, अघाएपछि पैसा तिर्न किन मन लाग्थ्यो र ?

यो कथामा हुने गरेको उधारोको लेनदेनमा जन्मसिद्ध पीडित डा गोविन्द केसी हुन् । हरेकपटक उही माग राखेर एघारौंपटक अनशन बसेका छन् तर मागको सुनुवाइ हुने कुनै लक्षण छैन । अब भन्नूस्, हरेकपटक झुक्याएर मुख मिठ्याउने ग्राहक को हो ? नियमित तिकडमबाट बच्न पसलेले खान्की दिनुभन्दा पहिल्यै छट्टुको खल्तीमा पैसा छ कि छैन, जांच गरे कसो होला ?

■ छुल्याहा गुरु

झटारो | लक्ष्मण गाम्नागे

सचिवज्यूको सडक सिद्धान्त

यस वर्षको गाईजात्रा पर्व आउनुभन्दा २० दिनअघि नै संसद्को सार्वजनिक लेखा समितिको बैठकमा राजधानीका सडकको दुरावस्थाबारे सडकमा उपद्रो मच्चाउने मन्त्रालयका सचिवहरू र लेखा समितिका सदस्य सांसदहरूबीच एक ऐतिहासिक छलफल भएछ ।

सडकको भद्रगोल अवस्थाबारे माननीयहरूले थुप्रै प्रश्न, जिज्ञासा र आक्रोश पोखेपछि सचिवहरूको जवाफ दिने पालोमा खानेपानी तथा सरसफाइ सचिवले बन्द-हडतालहरू नभएकाले सडकको दुर्दशा बढ्दै गएको रहस्य खोलेछन् । सचिवज्यूको कुरा सुनेर बैठकमा सहभागी सबैका कान ठाडाठाडा भए । सचिवले आफ्नो भनाइलाई थप प्रस्ट पार्दै भनेछन् :

हुन त बन्द-हडताल भनेको सामाजिक अपराध हो तर कुनै समय नेपालमा हजुरहरूले नै सबैभन्दा धेरै बन्द-हडताल गर्नुहुन्थ्यो । बन्दले गर्दा सडक खाली हुन्थे, हामीलाई काम गर्न सजिलो हुन्थ्यो । राष्ट्र निर्माणमा हजुरहरूको त्यो योगदान अविस्मरणीय छ । अहिले राजनीतिक दलहरूको अकर्मण्यताले गर्दा बन्द हुन छाडे अनि सडकमा पनि भ्वाङैभ्वाङ पर्न थाले ।

पैदल यात्री तथा सवारी चालकहरूले राम्ररी आँखा नहेरी हिँड्नाको दोष पनि हामीमाथि नै खनिनु आपत्तिजनक छ । उदाहरणका लागि सामाखुसीको सडकमा उर्लिएको भेलमा एउटी स्कुले केटी डुब्नुमा हाम्रो के दोष ? सडकमा समुद्र बगेको देख्दा देख्दै तिनले त्यसरी झ्वाम्मै हाम फाल्नु हुन्छ ? आखिर तिनी ढलमा पसेर सजिलै बाहिर निस्किएर घरतिर लुरुलुरु गइछन् । त्यो भिडिओ बनाउनेहरूले तिनी डुबेको दृश्य मात्र देखाएका छन्, निस्किएर हाँस्दै हाँस्दै घर गएको चाहिँ देखाउनु पर्दैन ? यसबाट के प्रस्ट हुन्छ भने यो हामीलाई गाल पार्न रचिएको षड्यन्त्र मात्र हो ।

त्यस्तै अर्को घटनामा पनि मृतक केटीकै गल्ती छ । गएको वर्ष त्यही ठाउँमा एक जना युवालाई बाढीले बगाएको थियो । त्यस्तो दुर्घटनाग्रस्त क्षेत्रमा जानु हुन्छ ? आगो र पानीसँग जोगिएर हिँड्नू भनेर हाम्रा पुर्खाहरूले त्यसै भनेका हुन् र !

माननीयज्यूहरूले हाम्रो पदको ख्यालै नगरी हामीलाई सडकका खाडल किन नपुरेको भनेर सोध्नुभयो । खाडल पुर्ने भए किन यत्रो पढेलेखेर, लोक सेवा पास गरेर हजार कोसिस गरेर सचिव पदमा पुग्नुपर्थ्यो, निरक्षरै बसेर ज्यामी नै भइहालिन्थ्यो नि ! अथवा निरक्षरै बसेर हजुरहरूजस्तै मन्त्री, सांसद बनेर झन्डा हल्लाइन्थ्यो नि ! अर्को कुरा उपत्यकाका यी खाडलहरू मञ्जुश्रीका पालादेखिका हुन् । त्यो बेला मञ्जुश्रीले चोभारको डाँडो काटेर उपत्यकालाई बस्तीयोग्य बनाउँदा यहाँको ढल व्यवस्थापन कसरी गर्ने भन्ने पनि सोच्नु पर्थ्यो । त्यस बेलादेखिको गल्ती दुई-चार वर्ष सचिव पदमा बस्ने हामीले सल्टाउन सम्भव छ ?

खानेपानीको पाइपभन्दा माथि ढल राखेको बारे पनि माननीयज्यूले निकै आक्रोशमा प्रश्न राख्नुभयो । फलाम र सिमेन्टीका पाइप हुन्, हत्तपत्त फुट्दैनन् । कदाचित् कुनै दिन ढलको पाइप फुटेर खानेपानीमा मिसिएछ भने त्यही बेला टालौंला भन्ने दूरदर्शी सोच राखेर त्यसो गरिएको हो । अन्त्यमा एउटा जिज्ञासा पनि राख्न चाहन्छु, आफू मन्त्री भएका बेला हजुरहरू के हेरेर बस्नुभयो र अहिले मन्त्री नभएका बेला हाम्रो सातो खानुहुन्छ भनेर सोध्न मिल्छ कि मिल्दैन ? धन्यवाद ।

यसरी एक जना सचिवको जवाफबाटै सबै माननीयहरू सन्तुष्ट भएकाले त्यस दिनको बैठक त्यहीँ सकिएछ ।

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
BRANDING
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
What makes a good Brand? What attracts people?
What can companies do to establish their message? Can we find a balance?
Find all you need to know about Branding.
the kathmandupost
escalate
BRAND
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the
form of cutting edge information, analytical knowledge and expert insight
on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
IT'S ALL ABOUT
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

रेवतीरमण खनाल

भारतीय कर्मचारीको ओइरो

विसं २००९ को कुरा हो । प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भारतीय समकक्षी जवाहरलाल नेहरुलाई नेपालको प्रजातान्त्रिक प्रक्रियालाई पुनःगठन र सञ्चालन गर्न विशेषज्ञ कर्मचारी आवश्यक भएकाले त्यस्ता कर्मचारी पठाइदिन अनुरोध गर्दै पत्र पठाए ।

प्रधानमन्त्री नेहरुले ००८ मा नेपाल भ्रमण गरेपछि प्रधानमन्त्री कोइराला भारत गएका थिए । नयाँ दिल्लीमा नेपाल र भारतबीच छलफल हुँदा नेपालको प्रजातान्त्रिक व्यवस्थालाई सहयोग पुऱ्याउन र भारतीय अनुभव नेपालमा काम लाग्ने भएकाले जिल्ला र केन्द्रका सरकारी अड्डा, विभाग आदिमा कस्तो जनशक्ति आवश्यक पर्छ भनेर राय-सुझाव दिन एनएम बुचको नेतृत्वमा एसके आनन्द र केपी मथरानी सदस्य रहेको तीन सदस्यीय कार्यदल गठन गरिएको थियो । त्यसलाई सघाउन नेपालका तर्फबाट कानुनसचिव कर्णेल तिलकशमशेर राणा र अर्थसचिव हिमालयशमशेर राणा सहयोगी तोकिएका थिए । त्यो कार्यदलले दिएको प्रतिवेदनका आधारमै प्रधानमन्त्री कोइरालाले भारतीय समकक्षी नेहरुलाई कर्मचारी पठाइदिन आग्रह गर्दै पत्र लेखेका रहेछन् ।

प्रधानमन्त्री कोइरालाद्वारा केन्द्र र जिल्लाका लागि सहसचिवस्तरका १०, प्रहरी कमिस्नर तीन, डेपुटी इन्स्पेक्टर १६, जिल्ला अधिकृत १६, हेड क्लर्क (नासु) र खरिदार ३२, सुपरभाइजर ३२, सुपरीटेन्डेन्ट अफ पुलिस १६, इन्स्पेक्टर १६, जिल्ला कारिन्दा १६ का साथै जिल्ला न्यायाधीश तहमा कानुनका ज्ञाता दुई र एक जना हाई कोर्टका रजिस्टार नेपालमा जरुरी रहेको भनी माग गरी पत्र लेखेका थिए ।

प्रधानमन्त्री कोइरालाको अनुरोधबमोजिम सयौँको संख्यामा भारतीय कर्मचारी नेपाल आए र केन्द्रदेखि जिल्ला तहसम्मका अड्डा, अदालत, कार्यालय र विभागमा छरिए । यहाँसम्म कि मन्त्रिपरिषद्लाई सल्लाह दिने र निर्णय लेख्ने काममा पनि उनीहरू नै हुन्थे । दरबारमा पनि उनीहरूले सहज पहुँच प्राप्त गरे । स्वयं राजा त्रिभुवनका प्रमुख सचिवका रूपमा भारतीय कर्मचारी गोविन्दनारायण सिंह नियुक्त भएका थिए ।

प्रधानमन्त्री कोइरालाले भारतीय कर्मचारी आवश्यक भएको पत्र पठाउने क्रममा निश्चित समयावधि तोक्नुपर्ने बुच कमिसनको सुझावलाई भने वास्ता गरेनन् । त्यसैले जुन प्रयोजनका लागि उनीहरूलाई ल्याइएको थियो, त्यो काम सकिएपछि पनि उनीहरू स्वदेश फर्किन चाहेनन् । समयावधि तोकेर मुलुक प्रवेश गराउनुपर्ने भारतीय कर्मचारीलाई समयावधि नतोकीदिँदा पछि उनीहरूलाई भारत फर्काउन नेपालको कर्मचारी प्रशासनले भुक्तमान बेहोर्नुपऱ्यो ।

हाम्रो प्रशासनिक क्षेत्रमा भारतीय कर्मचारी प्रवेश गर्नुपूर्व नेपाली कर्मचारीलाई सेवा गरेबापत जग्गाको आयस्ता खान दिने प्रचलन थियो । सोही आयस्ताबाट उनीहरूको तलब काटिन्थ्यो । भारतीय कर्मचारीको नेपाल प्रवेशसँगै नेपाली कर्मचारीले पनि नगदमा तलब बुझ्न थाले । *नेपालको कानुनी इतिहासको रूपरेखा* (०५९ सालको मदन पुरस्कार प्राप्त कृति) सार्वजनिक गर्ने क्रममा यस्ता धेरै तथ्यतथ्यांक मैले सार्वजनिक गरेको छु ।

नेपालको प्रशासनिक सेवामा काम गर्ने क्रममा भारतीय कर्मचारीको दबाब धेरैले अनुभव गरे । नेपाली कर्मचारीलाई उनीहरू कर्मचारी नै नगन्ने र नेपाली काइदा-कानुन अनुसार गरेको कामलाई स्वीकार्दै नस्वीकार्ने अवस्था थियो । उनीहरू नेपाली कर्मचारीलाई भारतीय काइदा-कानुन अनुसार चल्न भन्थे । उनीहरूको हैकम र आदेश मान्नुपर्ने निरीह अवस्था थियो हाम्रा कर्मचारीको ।

विसं २०११ मा राजा त्रिभुवन बिरामी परेर स्वीट्जरल्यान्डको जुरिचमा उपचार गराउन गएपछि उनले आफ्नो राजकीय अधिकार युवराज महेन्द्रमा प्रत्यायोजित गरे । त्यसलगत्तै युवराज महेन्द्रले राजकीय अधिकारको प्रयोग गरी राजा त्रिभुवनका प्रमुख सचिव गोविन्दनारायण सिंहलाई बिदा गरे र भारतीय कर्मचारीलाई फर्काउने प्रक्रिया पनि थाले । राजा त्रिभुवनको निधनपछि आफ्नो शुभराज्याभिषेक सम्पन्न भएपछिको लामो समयसम्म पनि महेन्द्रले भारतीय कर्मचारी फिर्ता गर्ने क्रमलाई निरन्तरता दिइरहे ।

००८ मा 'प्रधानन्यायालयका प्रधानन्यायाधीश वा न्यायाधीशहरूको पदमा नियुक्त गर्दा नेपाली नागरिक नपाएको अवस्थामा गैरनागरिक पनि नियुक्त हुनेछन्' भनी नेपालको अन्तरिम शासन विधान-२००७ मा संशोधन गरी मुलुकको प्रधानन्यायालयको प्रधानन्यायाधीशमा नियुक्त गरिएका भारतीय नागरिक हरिप्रसाद प्रधानलाई पनि राजा महेन्द्रले बिदा गरे । नेपाली नागरिकता नलिएका उनलाई प्रधानन्यायाधीशबाट मात्र हटाएनन्, प्रधानन्यायालय नै खारेज गरिदिए ।

प्रधानलाई सेवाबाट बहिर्गमनको बाटो देखाएका राजा महेन्द्रले आमजनतामा यो कुनै रोष र आवेशमा गरिएको उग्र राष्ट्रवादबाट प्रेरित निर्णय होइन भन्ने प्रमाणसहित पुष्टि पनि गरे । जस्तो : प्रधानले नेपाली नागरिकताको प्रमाणपत्र लिएपछि ०१८ मा सर्वोच्च अदालतको प्रधानन्यायाधीश बनाए र घोषणा नै गरे, 'नेपालको कुनै पनि उच्च पदमा पदासीन हुन नेपाली नागरिकता आवश्यक छ ।'

वंशजका आधारमा नागरिकता प्राप्त व्यक्तिले मात्र नेपालको राजनीतिक वा प्रशासनिक क्षेत्रको उपल्लो तहमा प्रवेश पाउने प्रावधान राजा महेन्द्रले बसाले । तर, प्रशासनिक क्षेत्रमा रहेका भारतीय मूलका नागरिककै अग्रसरतामा राजा महेन्द्रको निधनपछि ऐन संशोधन गरेरै अंगीकृत नागरिकले पनि प्रशासनिक सेवाका उच्च तहमा प्रवेश पाउने व्यवस्था गरियो । सर्वोच्च अदालतका न्यायाधीशसम्म पनि भए, भारतीय नागरिक ।

प्रस्तुति : **ईश्वरी ज्ञवाली**

KMG
KANTIPUR MEDIA GROUP

बल्ल पायौं, अब नगुमाऔं निरन्तरताका लागि जुटौं

न्यूनतम लोडसेडिङका कारण हरेक घर तथा परिवारमा खुसी र उत्साहको माहोल छाएको छ । बिगत १० वर्षदेखि हामीलाई निरीह तुल्याइरहेको लोडसेडिङ फेरि कहिल्यै भोग्न नपरोस् यसका लागि प्रण गरौं ।

अध्यारोमा बिताएका समयबाट ज्ञान लिई, भविष्यमा फेरि यस्तो अवस्था कहिल्यै भोग्न नपरोस् । यसका लागि अग्रसर हौं ।

पिक आवरको समय साँझ ५:३० देखि ८:३० बजे मित्र हिटर, इलेक्ट्रिक आइरन, वासिङ मेसिन जस्ता अत्यधिक ऊर्जा खपत गर्ने उपकरणहरू नचलाऔं। आफ्ना उपकरणलाई अनावश्यक समयमा जडित अवस्थामा नराखी विद्युत बचत गरौं।

KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group

An Initiative of Kantipur Foundation.

कहीं नभएको जात्रा लुम्बिनीमा

गुरुयोजना विपरीत धमाधम भौतिक संरचना निर्माण

श्यामशंकर पाण्डे/लुम्बिनी

लुम्बिनी विकास कोषका तत्कालीन उपाध्यक्ष आचार्य कर्मा सङ्बो शेर्पाले मायादेवी मन्दिरअगाडि थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा आबद्ध गैरसरकारी संस्था थाइ पुङ थाइ फाउन्डेसनलाई बेबी बुद्धको मूर्ति बनाउन अनुमति दिए ।

१० मंसिर ०६९ मा मूर्ति बनाउने पिलर खडा भएपछि मात्र कोषका अरू पदाधिकारी र कर्मचारीले थाहा पाए । गुरुयोजना विपरीत मात्र होइन, बुद्धको संस्कृति र कलासँग मेल नखाने मूर्ति स्थापनाको कोषभित्र र बाहिरबाट समेत व्यापक विरोध भयो । चौतर्फी विरोध र स्थापित मूर्तिले भविष्यमा पार्न सक्ने असरको गम्भीरता नबुझी उपाध्यक्ष शेर्पाले सन् २०१२ को भ्रमण वर्षको चिनो भन्दै बोर्ड बैठकबाट स्वीकृत गराए । लुम्बिनी आउने आध्यात्मिक पर्यटकलाई शान्तिदीपबाट मायादेवी मन्दिरको अशोकस्तम्भ हेर्दै बुद्धत्व झल्काउने गुरुयोजनामा जुन परिकल्पना गरियो, अहिले बेबी बुद्धको मूर्ति त्यसको बाधक बन्न पुग्यो ।

शेर्पाकै पालामा लुम्बिनीको विनियमावली विपरीत कोरियन महाबोधी सोसाइटीले विशाल विहार निर्माण गररै छाड्यो। अग्ला भवन सुरक्षाका दृष्टिले खतरायुक्त हुने उल्लेख गुरुयोजनामा छ । तीन तलाभन्दा अग्लो भवन बनाउन नपाइने भनिए पनि उचाइ भने तोकिएको छैन । कोरियन सोसाइटीले त्यसैको फाइदा उठाउँदै विहार निर्माण गर्‍यो । उक्त मन्दिर तीन तल्ले अन्य विहारको तुलनामा दोब्बर अग्लो छ । सुरुमा गुरुयोजना विपरीत भन्दै निर्माण रोक्नुपर्ने पक्षमा देखिएका उपाध्यक्ष शेर्पासहित तत्कालीन सदस्य-सचिव राजेन्द्र थापा, योजना प्रमुख टेम्बा शेर्पा सोसाइटीको निम्तोमा दक्षिण कोरिया भ्रमण गएपछि चुप रहे । अहिले अर्को कोरियन संस्था नेपाल-कोरिया मैत्री संघले हालका सदस्य-सचिव अजितमान तामाङको अनुमतिमा दक्षिण पोखरीको बीचमा गुरुयोजना विपरीत संरचना निर्माण गरिरहेको छ। बुद्ध मूर्तिसहितको फूलबारी बनाउने बताएको यो संस्थाले त्यो पूरा नहुँदै ठूलो आकारको घन्ट झुन्ड्याउने अर्को संरचना थप्दै छ। स्वीकृति लिएको भन्दा ठूलो पिलरमा बुद्धको मूर्ति राखिएको छ। विभागीय मन्त्रीहरूले समेत कोषमा भएको बेथितिको अन्त्य गर्नुको सट्टा त्यसलाई संस्थागत गर्दै आएका छन् ।

तत्कालीन संस्कृति मन्त्री जीवनबहादुर शाहीको अध्यक्षतामा भएको कोषको बैठकले अमेरिकी संस्था याङ रिग येसे इन्करपोरेटेडलाई दुईवटा प्लट दिने निर्णय गर्‍यो। सोही संस्थालाई काम सुरु नहुँदै कोषले थप दुईवटा प्लट उपलब्ध गरायो । कोषको विहार नियमावली-०५८ मा एउटा देशको एक मात्र संस्थालाई एउटा प्लट दिने व्यवस्था छ। नियमावली विपरीत कोरियालाई चार, थाइल्यान्डलाई तीन, कम्बोडिया र बर्मालाई दुई-दुईवटा प्लट दिइएको छ। बुद्ध धर्म मानिने ४२ मुलुकका थेरवादीका लागि केन्द्रीय नहरको पूर्वतर्फ १३ र महायानीहरूलाई पश्चिमतर्फ २९ वटा प्लट दिने योजना विपरीत १८ वटा मुलुकलाई मात्र बाँड्दा ३६ वटा प्लट सकिएका छन् ।

अब थेरवादीका लागि प्लट छैन । नियम ३ (२) विपरीत थाइल्यान्डलाई तीनवटा प्लट दिँदा तत्कालीन उपाध्यक्ष शेर्पाको विशेष जोड रह्यो। ४ भदौ ०५४ मा गुरुयोजनाले वन क्षेत्र मानेको प्लट कोरिया महाबोधी सोसाइटीलाई विहार निर्माण गर्न दियो । दबाबमा प्लट लिएर लुम्बिनीमा बनेका र बनिरहेका गुम्बा तथा विहार पनि गुरुयोजना मुताबिक छैनन् ।

बुद्धिष्ट एसोसिएसन अफ चाइनाले बनाएको विहारको उत्तरपट्टि हुनुपर्ने प्रवेशद्वार दक्षिणपट्टि छ भने दक्षिणतर्फ हुनुपर्ने भियतनाम विहारको प्रवेशद्वार पूर्वतर्फ। कोष र विदेशी संस्थाले आफ्नो स्वार्थ अनुकूल जोड दिँदा गुरुयोजना अनुसारका संरचना निर्माण, पुरातात्त्विक उत्खनन् र उद्यान विकास छायामा परेका छन् ।

मिलेर काम गर्नुपर्ने विनियमावलीको आशय विपरीत आपसी शंका, स्वार्थ तथा सबै पदाधिकारी एकै पटक नजुट्दा निर्णयमा विलम्ब भई काम प्रभावित हुँदै आएको छ । कोषका पूर्वकोषाध्यक्ष ओम अर्याल भन्छन्, "क्षमतावान् तथा स्थानीयलाई नियुक्ति, पदाधिकारीलाई क्षेत्रगत कामका आधारमा जवाफदेही र जिम्मेवार नबनाउँदासम्म कोषभित्र अराजकताको अन्त्य हुँदैन ।"

जापानी वास्तुविद् प्रा केन्जो टांगेले विसं ०३५ मा कोरेको गुरुयोजनाले लुम्बिनीलाई बौद्ध तीर्थस्थल र विश्व पर्यटन केन्द्र बनाउने परिकल्पना गरेको छ । तर, पदाधिकारीहरूको ध्यान त्यताभन्दा पनि गुरुयोजना विपरीतका काममा रह्यो । विदेशी संस्थाहरूले पनि सहयोगका नाममा कोषमाथि अनुचित दबाब दिँदा टांगेको परिकल्पना अनुसार विकास हुन सकेको छैन । "जागिरे मानसिकताबाट आएका पदाधिकारी व्यक्तिगत फाइदाका योजनामा लाग्दा लुम्बिनीको विकास व्यवस्थित र सोचे अनुरूप हुन सकेन," लुम्बिनीका जानकार संस्कृतिविद् प्रा गितु गिरी भन्छन्, "सरकारी स्तरबाटै गम्भीर रूपमा समीक्षा गरेर अगाडि बढ्नु पर्छ ।" पदाधिकारीका यस्तै कमजोरी समातेर विदेशी संस्थाले आफू अनुकूलको काम गराउँदै आएका छन् । परिणाम, लुम्बिनीमा विकास भइरहेको त देखिन्छ तर गुरुयोजना विपरीत । ◆

गुरुयोजना विपरीत निर्माण गरिएको बुद्ध मूर्तिसहितको उद्यान

तस्बिर : श्यामशंकर पाण्डे

गण्डक नहरको पर्सा जिल्ला खण्ड

गण्डकको साँचो भारतसँग

पानी बाँडफाँट सम्झौता पालना नहुँदा नेपाली किसान मर्कामा

शंकर आचार्य/वीरगन्ज

गण्डक नहरमा ७ साउन साँझ अचानक आठ सय क्युसेक पानी आयो । नहरको इतिहासमै यति धेरै पानी आएको यो सम्भवत: पहिलो पटक हो । नहरको व्यवस्थापन गर्दै आएको नारायणी सिँचाइ व्यवस्थापन डिभिजन, बहुअरीका प्रमुख इन्जिनियर राजेन्द्रप्रसाद साह लामो प्रयासपछि यति धेरै पानी ल्याउन सफल भएकामा उत्साहित पनि छन् । "निरन्तर चार महिनाको प्रयास सफल भयो," साह भन्छन्, "भारतीय पक्षसँग निरन्तर सम्पर्क र आवश्यक दबाबपछि यो सम्भव भएको हो ।"

यस वर्ष धान सिजनका लागि भनेर भारतले २० असारदेखि पानी दिएको हो । सुरुआतमै भारतले यस वर्ष ७ सय १८ क्युसेक पानी दिएको हो । तर, उसले आठ सय क्युसेक पानी दिँदा पनि त्यो पर्सादेखि रौतहटसम्मको ८१ किलोमिटर लामो नहरका लागि पर्याप्त हुँदैन । बाराको कोतवालीसम्म ६५ किमि पुग्न नपाउँदै नहरको पानी सकिन्छ । साहका अनुसार भारतले सम्झौताबमोजिम ८ सय ५० क्युसेक पानी दिए पनि त्यसले रौतहटबाहेक पर्सा र बारा जिल्लालाई एकसाथ पुग्दैन । त्यसकारण साताको तीन/तीन दिन पर्सा र बारामा तथा एक दिन पानी प्रवाह हुने बाटोका लागि समय छुट्याइएको छ । पर्सालाई आइतबारदेखि मंगलबार र बारालाई बिहीबारदेखि शनिबारसम्मको समय पानी वितरण गरिन्छ । बुधबार एक दिन बाटोका लागि छुट्याइएको छ ।

सन् १९७५ र ७६ मा दुई चरणमा भारत सरकारले नेपाल सरकारलाई गण्डक नहर हस्तान्तरण गरेको हो । पर्साको जानकीटोलाबाट नेपाल प्रवेश गर्ने र रौतहटको वाग्मतीमा गएर मिसिने नहर नै पूर्वी नहर हो, जो ८१ किमि लामो छ । यो नहरले पर्सा, बारा र रौतहटको ३१ हजार ४ सय हेक्टर खेत सिञ्चित गर्ने लक्ष्य थियो । तर, भारतबाटै पर्याप्त पानी नछोडिने भएकाले पर्सा र बाराका पूर्वी भेगका केही गाउँमा मुस्किलले पानी पुग्छ । रौतहटसम्म पुग्दा नहरमा पानी सुकिसक्छ । भारतले आफूलाई पानी पुगेपछि मात्र नेपालतर्फ छाड्ने गरेको छ ।

नेपाल र भारतबीच भएको गण्डक सम्झौता अनुसार २ हजार ५ सय क्युसेक क्षमताको नहरबाट भारतले नेपालतर्फ ८ सय ५० क्युसेक पानी छाड्नुपर्ने हो । तर, उसले नहरको हालसम्मकै इतिहासमा यति पानी नेपाललाई दिएको छैन । तीन वर्षयता उसले मुस्किलले ५ सय ५० देखि ६ सय क्युसेक पानी मात्र छोडेको छ । अझ बेलाबेलामा नेपालतर्फको पानी रोकेर भारततर्फको नहरमा पानी वितरण गरिन्छ ।

गण्डक नहरमा नेपालतर्फ छाडिने पानीको गेट प्रणालीको साँचो तीन वर्षदेखि भारतीय पक्षसँग छ । पर्साको जानकीटोलाभन्दा पश्चिम भारतीय गाउँ इनर्वास्थित गण्डक नहरको नियन्त्रण प्रणालीको गेटको साँचो भारतीय पक्षले आफैँ राखेको हो । यसले नेपाली किसानलाई मर्का परेको छ ।

डिभिजनका सूचना अधिकृत एवं इन्जिनियर सुरेश साह तीन वर्षअघि नहरको गेटको मर्मत-सम्भार प्रयोजनका लागि भारतमा गण्डक नहर हेर्ने पश्चिम चम्पारण रामनगरस्थित दोन शाखा नहरका अधिकारीले साँचो लगेपछि हालसम्म फिर्ता नदिएको बताउँछन् । यसअघि त्यो साँचो डिभिजन कार्यालय आफैँले राख्दै आएको थियो । "हामीले भारतीय पक्षले मर्मत प्रयोजनका लागि मात्र भनेर मागेपछि दिएका हौँ," साह भन्छन्, "तर, मर्मत सकेर नहर चालू भयो, साँचो फिर्ता आएन ।" पटक-पटक माग्दा पनि भारतीय पक्षले साँचो नदिएको गुनासो साहको छ ।

नहरबाट नेपालतर्फ आउने पानीको मात्राको अनुगमन र नियन्त्रणका लागि सीमा नजिक नहरमा भारतीय भूमिमा रहेको गेट नेपालका लागि अत्यन्त महत्त्वपूर्ण र संवेदनशील मानिन्छ । त्यस गेटमा नहरमा बग्ने पानीको मात्रा नाप्ने प्रणालीका साथै भारतबाट नेपालतर्फ छाडिने पानीको मात्रा थपघट गर्न सकिने प्रणाली पनि छ । नहर नियन्त्रण प्रणाली नै भारतको हातमा भएपछि 'जसको हात उसकै जगन्नाथ' त हुने नै भयो । ◆

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भूकम्प प्रतिरोधक छड ।

facebook.com/jagdambasteels

- अन्तर्राष्ट्रिय उच्चस्तरीय कच्चापदार्थमात्र प्रयोग गरी नेपालकै एक मात्र अत्याधुनिक गुणस्तर नियन्त्रण प्रविधि तथा स्वचालित प्रणालीद्वारा उत्पादित
- अन्तर्राष्ट्रिय गुणस्तर

किनकी हामी दिन्छौं तपाईंले सोचे भन्दा बढी गुणस्तर

'भूगोललाई बाहेक गरेर राज्यको न संरचना, न पुनःसंरचना'

राज्यको पुनःसंरचना, स्रोत र अवसरको वितरण अनि न्यायोचित प्रतिनिधित्वका लागि भूगोल र जनसंख्यामध्ये केलाई बढी प्राथमिकता दिने भन्ने विवाद यथावत् छ । स्थानीय तहको पुनःसंरचना, संविधान संशोधन र निर्वाचन क्षेत्र निर्धारण यही विवादले जटिल बनेको छ । यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायका पूर्वडीन, भूगोलका सहप्राध्यापक तथा निर्वाचन क्षेत्र निर्धारण आयोग-२०७० का सदस्य **नेत्र धितालसँग** **रामबहादुर रावलले** गरेको कुराकानी :

अहिले भूगोल भर्सेज जनसंख्याजस्तो देखिएको छ । यो बहस कस्तो लागेको छ ?

जनसंख्याले मात्रै राज्य बन्दैन । राज्य बन्नका निम्ति पहिलो सर्त भूगोल हो । भूगोलबिना नै राज्य हुने भए, जनसंख्या मात्रै राज्यको आधार हुने भए नेपालीहरू जहाँजहाँ पुगे, त्यो सम्पूर्ण ठाउँ हाम्रो राज्य हुन्थ्यो । त्यसैले भूगोललाई बाहेक गरेर राज्यको न संरचना हुन्छ, न पुनःसंरचना नै । तर, पुनःसंरचना गर्ने भन्नुको मतलब कसैको व्यक्तिगत स्वार्थका लागि, जातीय र क्षेत्रीय स्वार्थका लागि हुनुहुँदैन । त्यसले राष्ट्रिय अखण्डता र राष्ट्रियतामाथि आघात पुऱ्याउँछ ।

तराईमा १७ प्रतिशत जमिन छ, जनसंख्या ५० प्रतिशतभन्दा बढी छ । अधिकांश भूगोल हिमाली र मध्य पहाडी क्षेत्रमा छ । त्यसैले भूगोललाई पहिलो प्राथमिकतामा राखेर जनसंख्यालाई अर्को आधार मानिनुपर्छ ।

भूगोललाई आधार मानेर के ढुंगा, माटो, पहाड, रूखबिरुवालाई सेवा प्रवाह गर्ने हो र भन्ने तर्क छ नि ?

यो गलत कुरा हो । स्वाभाविक रूपमा जहाँ मान्छे बढी छन्, त्यहाँ धेरै बजेट गएको छ । तराईमा बजेट बढी नै छ । स्थानीय तहका एकाइहरू तराईमै बढी छन् । एकाइ बढी भएका कारण पनि त्यसले अवश्य बढी नै बजेट पाउँछ । यसको मतलब मान्छे छैनन्, कम छन् भनेर मुलुकको एउटा क्षेत्रलाई उपेक्षित गर्न मिल्दैन । जस्तो : डोल्पामा ६ हजार मात्र जनसंख्या छ भने केही लाख रुपियाँ बजेट दिएर पुग्छ ?

अर्को गम्भीर पक्ष के भने जनसंख्या जता छ त्यतै बजेट, सुविधा र अवसर बगाउँदै जाने हो भने हाम्रा पहाडहरू थप निर्जन बन्दै जानेछन् । पहाडका गाउँमा कोही बस्न चाहने छैनन् । भएभरको जनसंख्या मुलुकको एउटा भागमा गएर थुप्रिने छ, थुप्रिँदै छ । अहिले पनि हेरौँ, तराई प्रदेशमा किन मान्छे बढी बस्छन् ? सुविधा बढी छन् । खेतीयोग्य जमिन, यातायातको सुविधा छ । डोल्पा, हुम्लामा मान्छे किन बस्दैनन् ? त्यहाँ सुविधा न्यून छ । राज्यले समानुपातिक विकासको अवधारणा लागू गर्न नसक्दा यी क्षेत्र पछाडि परे । दूरदराजमा राज्यको दृष्टि पुग्न सकेन भनेर नै पुनःसंरचना गर्नुपरेको हो । तराईको हित चाहनेहरूले बुझ्नुपर्ने हो, पहाडमा विकास नहुँदा तराईमा जनसंख्याको चाप थेगिनसक्नु भएको छ ।

तस्बिर : भास्कर ओझा

राजनीतिक प्रतिनिधित्व हेर्ने हो भने मनाङमा केही हजार जनसंख्या, महोत्तरीमा चार लाखभन्दा बढी जनसंख्याको उही हुँदा न्यायोचित हुन्छ ?

यसको गलत व्याख्या भएको छ । के काठमाडौं र मनाङमा निर्वाचन क्षेत्र बराबर छन् ? छैनन् । ०४८ पछि स्थानीय निकाय पुनःसंरचना समितिमा विज्ञको रूपमा पनि काम गरेँ र ०७० मा निर्वाचन क्षेत्र निर्धारण आयोगमा पनि बसेँ । त्यतिखेर भूगोललाई मात्रै आधार मानिएको भए कसरी काठमाडौँमा १० क्षेत्र, मनाङ, डोल्पालगायत २० जिल्लामा एक-एक क्षेत्र मात्र भए त ? जनसंख्यालाई आधार मानिएकाले नै मनाङ र महोत्तरीका निर्वाचन क्षेत्रको संख्या फरक भएको हो भन्ने तथ्यतर्फ विचारै नगरी एकतर्फी टिप्पणी भएका छन् । जनसंख्यालाई मात्र आधार मान्दा त काठमाडौँलाई मात्र २० क्षेत्र दिनुपर्थ्यो, सिंगो कर्णाली अञ्चलले मुस्किलले एक क्षेत्र पाउँथ्यो । के यसै गर्नुपर्थ्यो त ?

त्यसैले विगतमा पनि जनसंख्या र भूगोल दुवैलाई आधार मानिएको थियो, आज पनि मान्नुपर्छ ।

अहिले त विकास गाउँतर्फ जाँदै छ, जनसंख्या सहरतिर सर्दै छ नि ?

अहिले त्यस्तो देखियो । केही समय पहाडबाट तराई र गाउँबाट सहर जाने प्रवृत्ति बढी थियो । अहिले यो क्रम जारी रहे पनि कम भएको

> **जनसंख्या जता छ त्यतै बजेट, सुविधा र अवसर बगाउँदै जाने हो भने हाम्रा पहाडहरू थप निर्जन बन्दै जानेछन् ।**

छ । अहिले पनि कुनाकन्दराबाट किन पलायन भएका छन् भने बस्न असाध्यै कठिन छ, सुविधा केही छैन, बाँच्न कठिन छ । बाँच्नका लागि पनि मान्छे विकल्पको खोजीमा हिँड्छ । विकल्प पहाडमै भेटेमा, गाउँमै भेटेमा बसाइँसराइ कम हुनेछ । विकासका पूर्वाधारहरू पुर्‍याएमा मान्छे आफ्नो थातथलोबाट पलायन हुँदैन । भूगोललाई छाडेर जनसंख्यालाई मात्रै ध्यान दिने हो भने ती ठाउँ अझ निर्जन हुन्छन् । झनै अनकन्टार हुन्छन् ।

भूगोल र जनसंख्याको भार कति हुन्छ त ?

अमेरिकामा भूगोललाई पहिलो आधार मानिएको छ । हवाईमा पनि क्षेत्र दिएको छ, बोस्टनमा पनि दिएको छ । थोरै बस्ती भएका राज्यहरूमा पनि प्रशस्त लगानी छ, त्यहाँ । एउटा स्थानीयले आफूले कमाउने कुरामा फरक हुन सक्छ तर राज्यबाट पाउने सेवा-सुविधामा विभेद हुनुहुँदैन ।

जनसंख्यालाई मात्रै आधार मान्ने हो भने जहाँ-जहाँ नेपाली छन्, त्यहाँ-त्यहाँ क्षेत्र बनाउन सक्छौं ? युरोप, अरब, भारतमा लाखौं नेपाली छन् । त्यहाँ निर्वाचन क्षेत्र बनाउन सक्छौं ? त्यही कारण हामीलाई भूगोल चाहिएको हो । भूगोल छैन भने राज्यको परिकल्पना पनि गर्न सकिँदैन । प्यालेस्टाइनीहरू आज किन रोइरहेका छन् ? भूगोललाई हामीले वास्ता गरेनौं, विकास गरेनौं, निर्जन बनाइराख्यौं भने हाम्रा दिन सुखद हुने छैनन् । राष्ट्रिय अखण्डता यही अवस्थामा नरहन सक्छ ।

सरकारले भर्खरै निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरेको छ । २ सय ४० क्षेत्रलाई १ सय ६५ मा झार्दाका खास जटिलता के देख्नुभएको छ ?

प्रमुख चुनौती नेताहरूको अहम् र स्वार्थ हो । व्यक्ति हेरेर निर्णय गर्ने-गराउने सोच हो । प्रत्येक जिल्लालाई न्यूनतम एक सिट बनाउनुपर्छ । त्यो भूगोलको आधार हो । अरू जनसंख्या धेरै भएका जिल्लामा भूगोल र जनसंख्यालाई आधार मान्नुपर्छ ।

स्थानीय तह पुनःसंरचना गर्न संविधान अनुरूप बनेको विज्ञहरूको आयोगलाई केही समय कामै गर्न दिइएन । त्यसको प्रतिवेदनलाई राजनीतिक तहले उलटपुलट पार्‍यो । अहिलेको निर्वाचन क्षेत्र निर्धारणमा त यस्तो झन् देखिने होला होइन ?

अवश्य देखिन्छ । तर, नेताहरूले भर्खरको चुनावबाट पनि बुझ्नुपर्छ, कुनै क्षेत्र कसैका किल्ला रहँदैनन् । किल्ला भत्किन सक्छन् । अब कसैका भोटब्यांक बाँकी छैनन् । जनता सचेत भइसके । मन जित्नेले मात्र मत जित्न सक्छ । यदि राम्रो 'डेलिभरी' भएन भने जनता त्यहाँबाट विमुख हुन्छन्, अर्कोतिर जान्छन् । उसबाट केही भएन, अर्कोबाट केही हुन्छ कि भन्ने आशाले ।

२ सय ४० वटै निर्वाचन क्षेत्र कायम राखौं भन्ने धारणा पनि आइरहेको छ । यो सोचको अन्तर्य के होला ?

भाग सबैलाई पुर्‍याउने । नेताहरूलाई के गाह्रो छ भने टिकटका आकांक्षी धेरै हुन्छन् । क्षेत्र कम हुन्छ । २ सय ४० वटै क्षेत्र भएमा ७५ जना बढी अलमल्याउन पाइन्छ भन्ने हो ।

प्रदेश तह, स्थानीय तहमा पनि त खपत गर्ने ठाउँ छ नि ?

राजनीतिक क्यारिअरमा मान्छे आइसकेपछि हरेक मान्छे शक्तिको आकांक्षी हुन्छ । तर, शक्तिशाली थोरै हुन्छन् । टिकट दिँदैमा सबै जित्ने पनि होइनन् । धेरै आकांक्षीलाई टिकट दिएर पार्टीमा लगाइरहने, अह्राउने र खटाउने गरिरहने शक्तिशालीहरूको रणनीति हो यो । टिकट त दिएको हो, जितिनस् भन्ने र पार्टीको काममा जोताइरहन सजिलो हुन्छ यसले ।

परिवर्तनलाई हत्पत्ति स्वीकार गर्न नचाहने सोच पनि हुन सक्छ ?

त्यति तल्लो स्तरको कुरा त नहोला । २ सय ४० को अवधारणा ल्याउने पनि परिवर्तनकारीहरू नै हुन् ।

त्यसो भए सिट घटाउने कदमलाई परिवर्तन विरोधी भन्दा हुन्छ ?

होइन । हाम्रोजस्तो सानो मुलुक, सानो अर्थतन्त्र, राजस्वबाट प्रशासनिक खर्च धान्नै नपुग्ने अवस्थाका निर्वाचन क्षेत्र घटाउने निर्णय राष्ट्रको पक्षमा छ । भारतमा हामीकहाँ भन्दा ४० गुणा जनसंख्या बढी छ, त्यहाँ त ५ सय ४५ जना सांसद छन् । तीन करोड जनसंख्या नभएको मुलुकमा ६ सय सांसद किन चाहियो ?

प्रसंग बदलौं, रैथाने, आन्तरिक बसाइँसराइबाट अर्को ठाउँ पुगेका र अंगीकृत गरी तीन थरी नागरिकका सीमा र अधिकार फरक-फरक हुन्छन् कि हुँदैनन् ?

नागरिक भइसकेपछि निश्चित अधिकारबाहेक समान हुनुपर्छ । पहाडबाट मधेस जानेको एउटा, मधेसबाट पहाड जानेको एउटा, प्रदेश-१ बाट ३ मा आउनेको अर्को, प्रदेश-३ बाट ६ मा जानेको अर्को हुँदैन । मूलवासी र आप्रवासीलाई राज्यले दिने सुविधा सबै एउटै हुनुपर्छ । तर, राज्यका प्रमुख अंगमा जानका लागि निश्चित सीमा हुनैपर्छ । यो विश्वव्यापी अवधारणा पनि हो । भारतमा सोनिया गान्धी प्रधानमन्त्री हुनबाट वञ्चित हुनुको कारण पनि हामी हेर्न सक्छौं । अंगीकृतहरूप्रति राज्यले यो हदसम्म सीमा कोर्न सक्छ । ◆

अच्युत वाग्ले

मन्त्री भएर के भो ?

कांग्रेस-माओवादी गठबन्धन सरकार बनेको डेढ महिनापछि प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद् विस्तार गरेका छन् । उनको आफ्नै दलभित्र मन्त्री पदका आकांक्षी धेरै भएपछि र मन्त्री पदकै सौदाबाजी गर्न दलभित्रका गुट-उपगुटहरू अत्यधिक सक्रिय भएपछि मन्त्रिपरिषद्लाई पूर्णता दिन उनलाई मुस्किल पर्‍यो । मन्त्री छान्न उत्तिकै सकस माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र कांग्रेसभित्र गुटका नेता रामचन्द्र पौडेललाई पनि परेको देखियो । मन्त्री हुन नपाएर रिसाउने, धम्क्याउने र गुट नै परिवर्तन गर्ने सांसदहरूको संख्या यो मन्त्रिपरिषद् बनेपछि झन् बढेको छ । पार्टीभित्रका देउवाका विरोधीहरू यही असन्तुष्टिलाई भजाउन उद्यत भइसकेका छन् ।

दुई दशकयता औसतमा प्रत्येक नौ महिनामा सरकार परिवर्तन भएको छ। यसरी बन्ने प्रधानमन्त्रीको अन्तिम ध्येय, उद्देश्य वा दूरदृष्टि जे भने पनि कुर्सीमा पुग्नेभन्दा एक इन्च परसम्म गएको प्रमाणित भएको छैन । नेताहरूको प्रधानमन्त्री बन्ने पालो पुर्‍याउनका लागि सरकार बदल्ने र एकपछि अर्को सरकार, योजना वा एजेन्डाबिनै लगातार फेरिइरहने कुसंस्कार अब संस्थागत एवं स्थायी भएको छ । किनभने, तथाकथित भाग्यविधाताको अभिनय गर्ने वर्तमान नेपालको राजनीतिक 'कार्टेल'ले संसदीय लोकतान्त्रिक विधिलाई खण्डित गरेर सधैं त्रिशंकु संसद् बन्ने संविधान जो दिएको छ।

यस्तो, सरकार र प्रधानमन्त्री नै फेरिइरहनुको औचित्यसमेत स्थापित हुन नसकेको अस्वाभाविक निरन्तरतामा सांसदहरूले मौका आउँदा मन्त्री हुन मरिहत्ते गरे भनेर आलोचना गर्नु अथवा उनीहरूलाई मन्त्री हुन खोज्नुको औचित्य सोध्नुको कुनै अर्थ छैन। त्यस्तो प्रश्नको कुनै चित्तबुझ्दो उत्तर आउने पनि छैन । उनीहरूले अप्ठ्यारो नमानी दिने केही उत्तरहरू हुन्- 'किनको के कुरा ? सांसद भएपछि एकपटक मन्त्री त हुनै पर्‍यो नि !' मानौं, कुनै दलको नेताले आफ्नो विश्वासपात्रलाई कृपा गरेर सांसद बनाउनुको अर्थ उसलाई मन्त्री बनाउने दायित्व पनि स्वतः सिर्जना गरेको छ। र, मन्त्री हुन पाउने हरेक सांसदको अधिकारै हो ।

११ साउनमा शपथ लिने एक जना मन्त्रीले जनताका लागि 'केही गर्न' मन्त्री भएको दाबी पनि टेलिभिजनको पर्दामा गरे। के गर्ने त जनताका लागि भन्ने प्रश्नमा उनको उत्तर थियो, 'अब यसो हेर्छु, बुझ्छु।' प्रस्टै छ, उनी र उनीजस्ता अचेलका प्रायः सबै मन्त्रीसँग कुनै कार्ययोजना, मन्त्रालय सञ्चालनबारेको विषयगत ज्ञान वा दृष्टिकोण हुँदैन। जनता वा सार्वजनिक हितमा काम गर्ने कुनै योजना नभए पनि, केही नगन्य अपवादलाई छोडेर, अचेल जसरी पनि मन्त्री हुन चाहनेहरूको निजी कार्ययोजना, नियत र अर्जुनदृष्टि भने प्रस्ट छ- एकपटक मन्त्री भएपछि टन्न कमाउने। यसका लागि मुलुकको राजनीतिक र सामाजिक वातावरण अत्यन्तै उर्वर छ।

मूलतः दुईवटा राजनीतिक विचलनले यो अवस्था आइपुगेको हो। नैतिक विचलन र सैद्धान्तिक विचलन। राजनीति अब मुलुक वा जनसेवा होइन भन्ने मान्यताले निकै दृढ ढंगले जरा गाडेको छ । राजनीतिले 'करिअर' र राजनीतिक गतिविधिले 'व्यवसाय'का रूपमा आमस्वीकृति पाएको अवस्था छ । करिअरमा पदोन्नति खोज्नु र व्यवसायमा आफूले सकेजति, जसरी पनि नाफा कमाउनु स्वाभाविक मान्यता एवं अभ्यास हुन् । त्यसैले, राजनीति पैसा कमाउने र मोजमस्ती गर्ने प्रयोजन उन्मुख भएको हो। त्याग, समर्पण, सेवा र इमानदारीको चर्चा अचेल कुनै दल वा नागरिक समाजको मञ्चमा हुँदैन । यो चरम नैतिक विचलनको अवस्था हो । राजनीति र सिंगो मुलुकको नागरिक जीवनमा नैतिक र इमानदारको परिभाषा नै पूर्ण रूपले बदलिएको छ। यी विशेषण जीवन अभ्यासका मूल्यको सट्टा कसैले गरेका हजारौं बेइमानी सार्वजनिक नहोउन्जेल ओढिराख्ने खोल भएका छन्। राजनीति सेवा हो, पेसा होइन भन्नेहरू नेपाली समाजबाट पूर्णतः विस्थापित भएका छन् ।

सैद्धान्तिक चस्माले हेर्दा, प्रधानमन्त्रीय र संसदीय दुवै प्रणालीलाई ध्वस्त पारेका कारण मन्त्रीजस्तो नीतिगत भ्रष्टाचार गर्न पाइने पदमा पुग्न तँछाडमछाड यस्तो खुलेआम भएको हो । दल, शीर्ष नेता र पदाकांक्षी कोही पनि अचेल आकर्षक अथवा पर्याप्त आर्थिक अनियमितता गर्न पाइने मन्त्रालय खुलेआम

माग्छन् । लाज, धक वा असजिलो कतै छैन । मन्त्रीहरूमाथि प्रधानमन्त्रीको अनुशासनको लगाम छैन । धेरै दल र दलभित्रका गुटहरूको संयुक्त सरकारमा मन्त्री हुनेहरूको जवाफदेहिता मूल रूपले आफ्नोको अवसरदाताप्रति हुन्छ । मन्त्री हुनकै लागि निश्चित रकमको कबुलियतनामा नेताहरूसँग गर्नुपरेको गुनासो अचेल प्रायः सबै मन्त्रीहरू गर्छन् । यस्तो लेनदेनबाट मन्त्री भएपछि त्यो पात्र प्रधानमन्त्रीप्रति जवाफदेही रहिरहनु पर्ने कारण पनि छैन ।

प्रजातन्त्र पुनःस्थापना भएलगत्तैको बहुमतको निर्वाचित सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विसं ०४८ मा ६ जना मन्त्री बर्खास्त गरे । त्यसको प्रस्टीकरणमा उनले भनेका थिए, 'मन्त्रीहरूले किसुनजी र गणेशमानजीको हवाला दिँदै खल्तीबाट नाम झिकेर, प्रधानमन्त्रीलाई अटेर गरी नियुक्ति आदि गरे । त्यसले प्रधानमन्त्रीय प्रणाली (वेस्टमिन्स्टर सिस्टम)लाई कमजोर पारेकाले हटाउनु परेको हो । किनभने, त्यस्तो अभ्यासले प्रजातन्त्र र संसदीय प्रणाली दुवैलाई कमजोर बनाउँछ ।' संजोगले, ती ६ मध्येका एक मन्त्री अहिले देउवाका उपप्रधानमन्त्री छन् । तर, अहिले प्रधानमन्त्रीय प्रणाली पूर्णतः ध्वस्त भइसकेको छ । प्रधानमन्त्रीले कुनै अनुचित काम गर्ने मन्त्रीमाथि अलिकति कडा प्रश्न गर्नेबित्तिकै सरकार ढल्छ । विगत २५ वर्षमा मुलुकको प्रमुख कार्यकारीको सचिवालयमा समेत क्रियाशील संरचना, कानुनी र प्रशासनिक दुवै, निर्माण गरिएन । शासन प्रणाली मियोबिनाको दाइँसरह हुनुको एउटा प्रमुख कारण प्रधानमन्त्री भएको तर प्रधानमन्त्रीय पद्धति ध्वस्त भएको विरोधाभासपूर्ण अवस्था हो ।

दोस्रो, हामीले संसदीय प्रणालीलाई अधमरो बनाएर छोडेका छौं । हालै मात्रै दोस्रो ठूलो सत्ता साझेदार दल माओवादी केन्द्रका अध्यक्ष दाहालले 'हामी संसद्मा छौं तर संसद् मान्ने होइनौं' भने । त्यसो भए उनी संसद्मा नै किन बसिरहेका छन् ? यो प्रश्न उनलाई कसैले गर्दैन । तर, दुर्भाग्य ! संसद् यस्तै नेताहरूका हुक्के, बैठके र धुपौरेहरूले भरिएको छ । मूल कुरा, यस्ता दर्जनौं कारणले संसद् एउटा मर्यादाहीन र इज्जतहीन जमातमा रूपान्तरण भएको छ । संसद्मा एउटा पनि सांसदले बृहत् राष्ट्रहितमाथि उल्लेख्य नीति–वक्तव्य दिएको सायदै कुनै स्मरण नागरिकलाई छ । वैधानिक सेवा–सुविधाकै कुरा गर्ने हो भने मन्त्री र सांसदको सुविधामा खासै अन्तर छैन । तर, हैसियत नै बचाउन पनि एकपटक मन्त्री नभई नछोड्ने हठ सायद प्रदीप गिरीबाहेक सबै सांसदको छ । यसको अर्थ हो, सांसद पद इज्जतविहीन हो, मन्त्रीको कुर्सीचाहिँ इज्जतदार ।

माओवादीजस्ता दलहरूले संसदीय व्यवस्थाको विकल्प के हो भन्ने कतै प्रस्ट नपारीकन यो प्रणालीलाई धराशयी बनाइदिएका छन् । साम्यवाद नै उनीहरूको लक्ष्य हो भने पनि, त्यो लक्ष्य अब प्राप्त नहुने देखेर नै उनीहरू यो व्यवस्थामा आएका हुन् । र, बालिग मताधिकारमा आधारित बहुदलीय संसदीय प्रणालीको विकल्पको खाका दिने हैसियत, ज्ञान र वर्कत पनि दाहालगायतका कम्युनिस्टहरूको छैन । यसर्थ, उनीहरूका भनाइ र क्रियाकलापले यो विधि निर्माणको थलोलाई केवल दोहन मात्र गरिरहने 'कामधेनु' बनाउने उद्देश्य राखेको देखिन्छ । आश्चर्य हो, संसदीय प्रणली नै नमान्ने दलका सांसदहरूको मन्त्री हुन ठूलो दौडधुप हुन्छ । मागे अनुसारको आकर्षक मन्त्रालय नपाउनेहरू दिएको मन्त्री पद नखाने घोषणा गर्छन् । यो वैचारिक अनिश्चयको दुष्चक्रबाट राजनीतिलाई ननिकाली यसलाई सफा बनाउन सम्भव छैन ।

यति हुँदाहुँदै पनि मन्त्री छान्ने प्रक्रियालाई योग्यता, कार्यकुशलता र इमानदारी सापेक्ष बनाउन भने निश्चय नै सकिन्थ्यो । पञ्चायती व्यवस्था बदनाम थियो । तर, त्यो व्यवस्थामा पनि अर्थ, कानुन, वाणिज्य, परराष्ट्रजस्ता विशिष्ट प्रकृतिका अहम् मन्त्रालयहरूमा सामान्यतः विषयविज्ञहरूलाई नै राखिएको इतिहास छ । अहिले त, मन्त्री बन्न शैक्षिक योग्यता र बौद्धिक क्षमता सर्वथा अनावश्यक हो जस्तै व्यवहार गर्न थालिएको छ । पञ्चायतमा त्यो व्यवस्थाप्रति बफादार भए सायद पर्याप्त हुन्थ्यो । तर, अहिले लोकतन्त्रप्रति मात्र बफादार भएर पुग्दैन । नेताहरू व्यक्तिगत बफादारी र निरन्तर चाप्लुसी खोजिरहेका छन् । र, तिनै चाप्लुसहरूलाई पद वितरण गरिरहेका छन् । योग्यहरू चाप्लुसीमा जाँदैनन्, त्यसैले अयोग्यहरूको भीड राज्यतन्त्रमा भरिएको छ । एक दशकयता मन्त्री हुन चाहने र हुनेहरूको अनुहार एकपटक हेर्दा यस्तो यथार्थ छर्लङ्गै देखिन्छ ।

नेताहरू व्यक्तिगत बफादारी र निरन्तर चाप्लुसी खोजिरहेका छन् । र, तिनै चाप्लुसहरूलाई पद वितरण गरिरहेका छन् । योग्यहरू चाप्लुसीमा जाँदैनन्, त्यसैले अयोग्यहरूको भीड राज्यतन्त्रमा भरिएको छ । एक दशकयता मन्त्री हुन चाहने र हुनेहरूको अनुहार एकपटक हेर्दा यस्तो यथार्थ छर्लङ्गै देखिन्छ ।

यदाकदा समावेशिताको प्रश्न पनि उठ्ने गरेको छ । तर, नेपालको सिंगो समानुपातिक समावेशी अवधारणा नै प्रणालीविहीन तदर्थवादको सिकार छ । राज्य प्रणालीलाई समावेशी बनाउनु निश्चय नै आवश्यक छ । तर, कुनै नेताको वरिपरि घुमिरहने खास थर, जात, लिंग वा धर्मको मानिसलाई कुनै पदमा मनोनयन गर्दैमा समावेशिताको उद्देश्य पूरा हुँदैन । यस्तो प्रतिनिधित्वका लागि समेत पारदर्शी विधि संस्थागत गर्नु आवश्यक छ । कुनै खास पहिचानको मानिस मन्त्री वा सांसद बन्नेबित्तिकै त्यो पहिचानयुक्त समुदायको स्वतः उत्थान हुने होइन । अहिले समावेशिताको आवरण नेताहरूलाई चाटुकार जन्माउने फ्याक्ट्री भएको छ । किनभने, नेता खुसी पार्नुबाहेक समावेशी कोटाको नियुक्ति पाउने अरू बाटो छैन । मन्त्रिपरिषद् समावेशी भयो वा भएन भन्ने तर्क पनि अहिलेकै राजनीतिक परिपाटी र अभ्यासमा निरर्थक छ ।

बेलायतमा सांसद पदमा चुनिएर आएपछि 'हाउ टू बी ए मिनिस्टर ?' भन्ने तालिम दिने पद्धति छ । नेपालमा पनि त्यस्तै कुनै व्यवस्था लागू गर्न पाए हाम्रा मन्त्री पनि कम्तीमा 'किन मन्त्री बनेको ?' भन्ने प्रश्नको उत्तरसम्म दिन सक्ने हुन्थे कि ! ◆

एक कर्म
तीन धर्म

एक पिन्ट रक्तदान गरी तपाईं
तीन अमूल्य जीवन
जोगाउन सक्नु हुन्छ ।

हरेक दिन देशभरका अस्पतालमा रगत अभाव हुँदा बिरामी गहन समस्या झेल्न बाध्य छन् ।

आउनुहोस् उनीहरूको जीवन बचाऔं ।



KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group

An Initiative of Kantipur Foundation.

फेरि प्रचण्डपथ !

माओवादी केन्द्रको बैठकमा प्रचण्डपथ पुनरोदयको आवाज उठे पनि त्यसको सम्भावना कमजोर

माधव बस्नेत

मार्क्सवाद, लेनिनवाद, माओवादको बाटो हो यो संसारलाई फेर्न सक्ने प्रचण्डपथ हो यो ।

वि सं ०५८ देखि ०६३ मा शान्ति प्रक्रियामा आउँदासम्म तत्कालीन नेकपा माओवादीभित्र यो गीत निकै चर्चित थियो । सांस्कृतिककर्मीसमेत रहेका पार्टीका तत्कालीन पोलिटब्युरो सदस्य मणि थापाले रचेका थिए यो गीत । २९ फागुन ०६२ सम्म आइपुग्दा संसारलाई फेर्ने सपना देखेको प्रचण्डपथलाई लावारिस छोडेर थापा आफैँ माओवादी आन्दोलनबाट बाहिरिए । माओवादीले विचारको संश्लेषित रूप प्रचण्डपथ छाडेर पथभ्रष्ट बन्दै गएकाले त्यो आन्दोलन छाड्नुपरेको उनको कथन थियो । तर, संयोग ! यतिखेर थापा पुनः माओवादी केन्द्रमै फर्किएका छन् ।

'जनयुद्ध'का घनिभूत दिनमा गीत, नारा, दस्तावेज, लामा-लामा लेखमार्फत स्थापित गरिएको प्रचण्डपथलाई २९ पुस ०६५ बाट पुष्पकमल दाहाल 'प्रचण्ड' आफैँले पनि त्यागिदिए । ५-११ मंसिर ०६५ मा माओवादीले भक्तपुरको खरिपाटीमा विस्तारित भेला बोलाएको थियो । त्यो भेलामा प्रचण्ड झन्डै-झन्डै अल्पमतमा परे । यसपछि आफ्नो पक्षमा बहुमत पुऱ्याउन हतार-हतार उनले २९ पुस ०६५ मा नारायणकाजी श्रेष्ठ नेतृत्वको एकता केन्द्रसँग

तस्बिर : भास्कर ओझा

यो हो प्रचण्डपथ

२६ माघ- १ फागुन ०५७ मा भारतको भटिन्डा, पन्जाबमा आयोजित दोस्रो राष्ट्रिय सम्मेलनबाट माओवादीले 'जनयुद्ध'को विचार संश्लेषण गर्दै औपचारिक रूपमा प्रचण्डपथ अँगालेको हो। तथापि, प्रचण्डपथ किन र कसरी ल्याइयो ? नाम जुराउन कति छलफल गरियो भन्ने अन्तर्य बुझ्नचाहिँ अलि अघि फर्कनुपर्ने हुन्छ। भदौ ०५४ मा भारतकै फरिदावादमा भएको केन्द्रीय समितिको चौथो विस्तारित बैठक त्यसको प्रारम्भ विन्दु थियो । त्यो बैठकका खास गरी दुईवटा एजेन्डा थिए। पहिलो, आधार इलाका निर्माणको प्रक्रियामा प्रवेश गर्ने र दोस्रो, नेतृत्व केन्द्रीकरणको विधि तय गर्ने। किनभने, यतिबेलासम्म पार्टीमा नेतृत्व एकल वा सामूहिक भन्ने विवाद चर्किसकेको थियो। त्यसैले यस बैठकमा आधार इलाका निर्माणका बारे सबै एकजुट भए तर नेतृत्वको केन्द्रीकरणका विषयमा बाबुराम भट्टराईले फरक मत मात्र राखेनन्, कार्य विभाजन समान ढंगले हुनुपर्ने प्रस्ताव पनि गरे।

उनको यही प्रस्तावपछि प्रचण्ड र उनी निकटहरू तरंगित हुन पुगे । र, प्राधिकारसहितको नेतृत्व केन्द्रीकरण गर्ने प्रयत्नमा लागे। मंसिर ०५५ मा लखनउमा भएको पोलिटब्युरो बैठकमा 'जनयुद्ध'लाई सैद्धान्तीकरण गर्ने र विचार-राजनीतिको तहमा उठाउने प्रयास भयो। तर, मूर्तता पाउन सकेन । भदौ ०५६ मा भारतकै रोपडमा भएको केन्द्रीय समिति बैठकमा भट्टराईमाथि आक्रमण केन्द्रित भयो। यस बैठकमा वैकल्पिक पोलिटब्युरो सदस्य सुरेश वाग्लेले प्रचण्डलाई पार्टीबाहिर र भट्टराईलाई पार्टीभित्र स्थापित गर्नुपर्ने प्रस्ताव राखे, जो एकमतले पारित भयो।

यसपछि वैशाख ०५७ मा जलपाइगुडीमा बसेको केन्द्रीय समिति बैठकमा पनि 'जनयुद्ध'को विचार संश्लेषण गर्ने बहस चल्यो। मोहन वैद्यले 'प्रचण्ड विचारधारा' भन्नुपर्ने प्रस्ताव राखे। अन्य सदस्यले त्यसलाई नकारे। त्यहाँ प्रचण्ड र भट्टराईबीच 'पार्टीको निर्देशक विचार' भनेर संश्लेषण गर्ने सहमति भयो । र, 'क प्रचण्डको नेतृत्वमा पार्टीको निर्देशक विचार' भन्ने अन्तरिम प्रस्ताव पारित भयो। तर, भारतस्थित प्रवास शाखालगायतले मोहन वैद्यको प्रस्तावलाई समर्थन गर्दै प्रचण्ड विचारधारा भन्नुपर्ने आवाज उठाए। यसपछि प्रचण्ड, भट्टराई, वैद्य, सीपी गजुरेलले अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलन (रिम) कमिटीका प्रतिनिधिहरूसँग छलफल गरे। रिम कमिटीका सदस्यहरूले 'विचारधारा' नभन्न आग्रह गरे। यसपछि माघ-फागुन ०५७ को दोस्रो राष्ट्रिय सम्मेलनबाट प्राधिकारसहितको प्रचण्डपथ ल्याइयो, जसमा पार्टी अध्यक्षमा सर्वाधिकार सुरक्षित राखियो।

दोस्रो राष्ट्रिय सम्मेलनद्वारा पारित 'महान् अग्रगामी छलाङ : इतिहासको अपरिहार्य आवश्यकता' दस्तावेजमा 'एक महान् उपलब्धि' उप-शीर्षक दिएर प्रचण्डपथबारे उल्लेख गरिएको छ, 'पार्टी एकतादेखि विचार संश्लेषणको यो उचाइसम्म महामन्त्री क प्रचण्डको सही र अविछिन्न नेतृत्वका कारण आज पार्टी एकताको केन्द्रविन्दुका रूपमा कमरेड प्रचण्डको बलियो सर्वहारा हेडक्वार्टरको विकास भएको छ। अत: सामूहिक नेतृत्वको केन्द्रीकृत अभिव्यक्तिका रूपमा विकसित विचार शृंखलालाई पार्टी प्रचण्डपथ नामकरण गर्दछ।'

त्यतिबेला प्रचण्डपथको नाम जुराउने कामचाहिँ रामबहादुर थापा र टोपबहादुर रायमाझीले गरेका थिए। अहिले धीमा स्वरमै सही, प्रचण्डपथ ब्यूँताउनुपर्ने आवाज उठिरहँदा थापा मौन छन् भने रायमाझीचाहिँ ब्यूँताउनुको उपादेयता सकिइसकेको निष्कर्षमा छन्।

एकता गरे। एकतामा सहभागी हुने श्रेष्ठ समूहले प्रचण्डपथ स्वीकार गर्न नसक्ने जनाउ दिएपछि सहकर्मीहरूसँग समेत सल्लाहै नगरी प्रचण्डले आफ्नो नामबाट राखिएको पथलाई नै त्यागेका थिए । करिब नौ वर्षपछि यही २-७ साउनमा सम्पन्न माओवादी केन्द्रको सचिवालय बैठकमा प्रचण्डपथलाई पुन: ब्यूँताउनुपर्ने आवाज उठ्यो।

वैचारिक-राजनीतिक कार्यदिशामा स्पष्टताको कमी भएको निष्कर्षपछि प्रचण्डपथ ब्यूँताउनुपर्ने प्रस्ताव गरेका थिए, कृष्णबहादुर महरा, अग्नि सापकोटा, हरिबोल गजुरेल, हितराज पाण्डे, गणेशमान पुन, जगप्रसाद शर्मालगायत नेताहरूले । बैठकमा सबभन्दा

फाइल तस्विर

प्रचण्डपथ पारित भएपछि मध्यपश्चिम पहाडमा भएको पार्टी कार्यक्रममा १. प्रचण्ड, २. अग्नि सापकोटा, ३. मणि थापा, ४. मोहन वैद्य, ५. बाबुराम भट्टराई

पहिले अग्नि सापकोटाले प्रचण्डपथ नयाँ ढंगले ब्यूँताउनुपर्ने प्रस्ताव राखेका थिए । विचारको संकटकै कारण निर्वाचनमा पराजय भोग्नुपरेको निष्कर्षसहित प्रचण्डपथको विचार संश्लेषण गरी परिमार्जनसहित ब्यूँताउनुपर्ने आवाज आफूहरूले उठाएको सापकोटा स्वीकार्छन् । सापकोटाले नयाँ स्वरूपमा प्रचण्डपथ ब्यूँताउनुपर्ने प्रसंग उठाएपछि अरूले समेत स्वरमा स्वर मिलाएका थिए । सापकोटा भन्छन्, "प्रचण्डपथकै कारण हामीले तत्कालीन राज्यसत्तालाई हायलकायल पार्‍यौँ । २१औँ शताब्दीको जनवाद पारित गर्‍यौँ । ०६४ को संविधानसभा निर्वाचनमा पहिलो भयौँ । ०६५ मा प्रचण्डपथ परित्याग गरेपछि हामीलाई विचारको संकट भयो। त्यसैले प्रचण्डपथ जस्ताको त्यस्तै ब्यूँताउने भन्दा पनि

क्रान्तिकारी सारतत्त्वसहित विचारको संश्लेषण गर्नुपर्छ भनेको हो ।”

प्रचण्डपथ ब्यूँताउनुहुन्न भन्ने अर्काथरीको दाबीचाहिँ फरक छ । प्रचण्डसँग जो-जो निकट थिए/छन्, उनीहरूले प्रचण्डपथ ब्यूँताउनुपर्ने प्रस्ताव ल्याएका हुन् । हुन पनि अहिले माओवादी केन्द्रभित्र प्रचण्डपथ गायत्री मन्त्रजस्तो भएको छ । र, कुनै समय प्रचण्डका अत्यन्तै निकट रहेर अहिले किनारामा पर्दै गएकाहरूले पुनः निकट हुनका लागि प्रचण्डपथ ब्यूँताउनुपर्ने प्रस्तावलाई पूरै समर्थन गरेका छन् । प्रचण्डपथ ब्यूँताउनुपर्ने प्रस्ताव त्यस्तो बेलामा ल्याइएको छ, जतिबेला अध्यक्ष प्रचण्डले मन्त्री छनोटको अन्तिम तयारी गरिरहेका थिए । कुनै समय माओवादीभित्र सापकोटा, गजुरेल, पाण्डे प्रचण्डका एकदमै विश्वासपात्रभित्र पर्थे । कुनै वजनदार निर्णय लिनुपर्‍यो भने प्रचण्डले उनीहरूकै सुझाव सुन्थे । तर, पछिल्ला दिनमा वर्षमान पुन, चक्रपाणि खनाललगायत उनीसँग निकट छन् ।

प्रचण्डमा कसैले आफ्नो सामान्य आलोचना गर्‍यो भने पनि तरंगित हुने र एकदमै प्रशंसा रुचाउने स्वभाव छ । त्यसैले प्रचण्डपथ ब्यूँताउनुपर्ने प्रस्ताव राखेर उनलाई खुसी बनाउन र मन्त्री पड्काउन बैठकमा त्यो प्रसंग उठाइएको एक सचिवालय सदस्यको दाबी छ । उनी भन्छन्, “तर, ज-जसले प्रचण्डपथ ब्यूँताउनुपर्छ भनेका थिए, उनीहरू कोही पनि मन्त्री भएनन् । त्यसैले अब नउठाउन पनि सक्छन् ।” यद्यपि, सापकोटा भने आफूले स्वार्थ प्रेरित भएर प्रचण्डपथको कुरा नउठाएको जिकिर गर्छन् । त्यस्ता तुच्छ आरोपको कुनै तुक नरहेको उनको भनाइ छ ।

खासमा प्रचण्डलाई थप शक्तिशाली बनाउनकै लागि प्रचण्डपथ ब्यूँताउनुपर्ने विषय उठाइएको बुझ्न भने कठिन छैन । पछिल्ला दिनमा प्रचण्ड पार्टीभित्र गुट-उपगुट बढेको निचोडमा छन् । पार्टी विघटन गर्नेसम्मको उनको धम्कीले त्यही अर्थ बुझाउँछ । तर, एकपटक स्थगित गरिसकेको प्रचण्डपथलाई पुनः ब्यूँताउन सजिलोचाहिँ पक्कै छैन । नारायणकाजी श्रेष्ठको समूहले प्रचण्डपथ अस्वीकार गर्ने संकेत गरेकैले ०६५ मा एकता हुने बेलामा त्यसलाई स्थगित गरिएको थियो । त्यो समूह अझै पनि माओवादीभित्रै छ । श्रेष्ठ प्रचण्डपथ ब्यूँताएर समस्याको हल नहुने अडानमै छन् । त्यसमाथि हिजो माओवादी मूलधारबाटै आएकाहरूसमेत यतिबेला प्रचण्डपथको सान्दर्भिकता सकिइसकेको निष्कर्षमा पुगेका छन् ।

पार्टी सचिवालय सदस्य महेश्वर दाहाल प्रचण्डपथ ब्यूँताउन सजिलो नभएको बताउँछन् । उनका अनुसार प्रचण्डपथ ब्यूँताउन थालियो भने मोहन वैद्य, बाबुराम भट्टराई र नेत्रविक्रम चन्दसँगको एकता प्रयास झन् टाढा पुग्न सक्छ । दाहाल भन्छन्, “जनयुद्धलाई उचाइमा पुर्‍याउन एक समय प्रचण्डपथ सान्दर्भिक थियो । अब ब्यूँताएर त्यसले विचारको संकट हल गर्ला भन्ने लाग्दैन ।”

प्रचण्ड स्वयंले पनि प्रचण्डपथ ब्यूँताउन सजिलो नदेखेरै हुन सक्छ, बैठकमा विचारलाई भन्दा बढी संगठनलाई जोड दिएका थिए । ‘संगठन, संगठन, फेरि पनि संगठन । मजबुत संगठन भएन भने हामीले जित्न सक्तैनौं भन्ने देखिइसकेको छ’ प्रचण्डले बैठकमा भनेका थिए । तर, विचार छोडेर संगठन, संगठन भन्दा नै कमजोर भइएकाले फेरि विचार नै मजबुत बनाउनुपर्ने यसका पक्षधरहरूको बुझाइ छ । पार्टीका पोलिटब्युरो सदस्य हेमराज भण्डारी प्रचण्डपथ ब्यूँताउने प्रयास भइरहेको बताउँछन् । तर, दाहालजस्तै उनी पनि त्यो सजिलै ब्यूँतिन सम्भव नभएको ठान्छन् । भन्छन्, “प्रचण्डपथलाई ब्यूँताउने प्रयास त भइरहेको छ तर यसले पार्टी विभाजन पनि हुन सक्छ । प्रचण्डले त्यो जोखिम मोल्लुहोला भन्ने लाग्दैन ।” ◆

ध्रुवीकरणको सुरूआत

‘**विवेकशील** र साझा पार्टीको एकता भएकामा हार्दिक बधाई तथा शुभकामना । वैकल्पिक राजनीतिक धार विकास गर्न स्वस्थ प्रतिस्पर्धा र सहकार्य गरौं ।’

११ साउनको बिहान ४.४० मा नयाँ शक्ति पार्टीका संयोजक बाबुराम भट्टराईले ट्वीट गरे । त्यही दिन दिउँसो १.३० मा विवेकशील नेपाली जनता दल र साझा पार्टीबीच एकता हुँदै थियो । स्थानीय निर्वाचनमा मूल धारका पार्टीहरूमाथि बलियो मुक्का प्रहार गर्न नसकेकाले हुन सक्छ, विवेकशील र साझा पार्टीबीच एकता भएको । करिब डेढ महिनाको प्रयासपछि साझा र विवेकशील एक भएका हुन् ।

दुषित बन्दै गइरहेको राजनीति सुधार गर्न अघि बढेका वैकल्पिक शक्तिहरू एक भई दिऊन् भन्ने नागरिक अगुवा, बौद्धिक वृत्त, सर्वसाधारणको माग र राष्ट्रको आवश्यकता/अभिभारा पूरा गर्न दुई पार्टीबीच एकता भएको विवेकशील साझा पार्टीका प्रवक्ता सूर्यराज आचार्य बताउँछन् । एकतापछि कल्पना गरेभन्दा एकदमै ठूलो मात्रामा ‘फिडब्याक’ आएको र अझ झंकृत भएर ध्रुवीकरण बढाउँदै लैजान प्रेरणा मिलेको उनको भनाइ छ । स्थानीय तहको पहिलो चरणको निर्वाचनमा विवेकशील र साझा पार्टीले राजधानीमा आफूलाई वैकल्पिक शक्तिका रूपमा स्थापित गरेका थिए । उनीहरूबीचको एकताले त्यसलाई अझ मजबुत बनाएको छ ।

बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिसँग समेत एकता हुने सम्भावना कति छ त ? विवेकशील साझा पार्टीका प्रवक्ता आचार्यका अनुसार त्यो सम्भावना छँदै छैन भन्ने त होइन तर अहिलेकै अवस्थामा भने नयाँ शक्तिले लिएको राजनीतिक दृष्टिकोणमा विमति रहेको उनी बताउँछन् । भन्छन्, “बाबुराम भट्टराईहरूले आफ्नो राजनीतिक दृष्टिकोण सुधार गर्नुभयो भने वैकल्पिक राजनीतिक शक्तिसँग एकता गर्न हामी खुला छौं ।”

विकास बजेट अनुत्पादक क्षेत्रमा

ऐतिहासिक सम्पदा संरक्षणमा भन्दा जथाभावी नयाँ निर्माणमा जोड

बाबुराम विश्वकर्मा

वि सं ०७० को संविधानसभामा काठमाडौं क्षेत्र-२ बाट निर्वाचित सांसद हुन्, दीपक कुइँकेल । नेपाली कांग्रेसबाट निर्वाचित यी सांसदले भर्खरै सकिएको आर्थिक वर्षमा आफ्नो निर्वाचन क्षेत्रका चारवटा मन्दिर निर्माण तथा मर्मत गर्न झन्डै आधा करोड रुपियाँ खर्चेका छन् । उनले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रमको ४९ लाख रुपियाँ मन्दिर निर्माण र मर्मतमा खर्च गरेका हुन् । काठमाडौँका निर्वाचित तथा समानुपातिक सहित ३१ सांसदमध्ये उनी मन्दिर निर्माणमा दिल खोलेर लगानी गर्नेमा पर्छन् ।

हुन पनि सडक र बाटोघाटोपछि उनले मन्दिर निर्माणलाई नै प्राथमिकता दिएका हुन् । आफैं पनि धर्मकर्ममा रुचि राख्ने उनी जनताले माग गरेका कारण कूल योजनामध्ये १० प्रतिशत मठ-मन्दिरसँग सम्बन्धित रहेको बताउँछन् । प्रत्यक्ष निर्वाचित सांसद भएकाले उनी क्षेत्र-२ को निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम छनोट समितिका संयोजक पनि हुन् । त्यसैले त्यो कार्यक्रमको तीन करोड र निर्वाचन क्षेत्र विकास कार्यक्रमको ५० लाख रुपियाँ बाँडफाँटमा कुइँकेलको निर्णायक हैसियत छ । उनले चाहेको योजनामा लगानी गर्न कसैको छेकबार छैन । भन्छन्, “जनताले नै माग गरेको हुनाले ठूलो रकम मठ-मन्दिर निर्माण र मर्मतमा गएको हो । किनभने, अहिलेका मानिसलाई मनशान्ति चाहिएको छ, मनशान्ति मन्दिरबाटै प्राप्त हुन्छ ।”

सांसद विकास कोषका नाममा चिनिने उल्लिखित दुवै कार्यक्रमको बजेट मन्दिर विकासमा लगाउने कुइँकेल एक्ला सांसद भने होइनन् । धेरैले सांसद विकास कोषको रकम मठ-मन्दिर निर्माण र मर्मतमा लगाएका छन् । टोलैपिच्छे मन्दिर र मठ बनाउने क्रम बढ्दै गएको स्थानीयको माग अनुसार मन्दिरमा कोषको पैसा गएको सांसदहरूको जिकिर छ । नेपाली कांग्रेसकै सांसद तथा पूर्वउद्योगमन्त्री नवीन्द्रराज जोशीले आफू निर्वाचित भएको

काठमाडौँ क्षेत्र-८ को कंकेश्वरी मन्दिर पुनःनिर्माणमा मात्रै गएको आर्थिक वर्षमा काठ खरिदका लागि ३४ लाख रुपियाँ खर्च गरे । "मेरो क्षेत्र मन्दिर, बाजागाजा र संस्कृतिको केन्द्र हो, धर्म र जीवन एकअर्काका परिपूरक भएकाले आफ्नै रुचिले मन्दिरमा लगानी गरेको हुँ," जोशी भन्छन्, "हाम्रो समाजमा कंकेश्वरी माताले आफ्नो रक्षा गर्छन् भन्ने धेरैको विश्वास छ र म पनि विश्वास गर्छु । त्यसैले मन्दिर निर्माण प्राथमिकतामा परेको हो ।"

देशको सबैभन्दा पुरानो र परम्परागत दल नेपाली कांग्रेसका सांसदले मठ-मन्दिर निर्माणमा लगानी गर्नु नयाँ कुरा होइन । धर्ममा खासै विश्वास नभएको, १० वर्ष सशस्त्र विद्रोहमा धर्मको धज्जी नै उडाएको नेकपा माओवादी केन्द्रकै सांसदले समेत कोषको रकम मन्दिर निर्माण र मर्मतमा लगाएका छन् । माओवादीकी समानुपातिक सांसद रूपा महर्जनले अघिल्लो आर्थिक वर्षको बजेटबाट काठमाडौँको नगार्जुन नगरपालिका-९ को महादेव मन्दिर निर्माण गर्न २ लाख ५० हजार रुपियाँ लगानी गरिन् । मन्दिरमा गरिएको लगानी धर्मका कारणले नभई पर्यटक आकर्षित गर्नका लागि भएको महर्जनको दलिल छ । भन्छिन्, "मैले धर्मकर्म छाडेको २० वर्ष भयो तर त्यो मन्दिरमा पर्यटक लैजान सकिन्छ कि भनेर लगानी गरेकी हुँ ।"

सांसदहरूको लगानी मन्दिरमा मात्र छैन, गुम्बातिर पनि गएको छ । नेकपा एमालेकी समानुपातिक सांसद पेम्बा लामाको सक्रियतामा काठमाडौँका तीन सांसदले संयुक्त रूपमा दुईवटा गुम्बामा १२-१२ लाख रुपियाँ लगानी गरेका छन् । गएको आर्थिक वर्षको बजेटबाट तीनचुलीस्थित ह्योल्मो गुम्बामा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको १० लाख रुपियाँ र निर्वाचन क्षेत्र विकास कार्यक्रमको दुई लाख रुपियाँ लगानी गरिएको छ । त्यस्तै कामनपा-६, रामनगरको मुगुम गुम्बामा पनि त्यति नै रकम लगानी गरिएको छ । पेम्बालाई गुम्बामा लगानी गर्न साथ दिनेमा उनकै दल एमालेका निर्वाचित सांसद रामेश्वर फुँयाल र मन्त्री तथा नेपाली कांग्रेसकी समानुपातिक सांसद अम्बिका बस्नेत छिन् । लामा भन्छिन्, "हामी तीन जनाले सल्लाह गरेर नै गुम्बामा लगानी गरिएको हो ।"

माओवादीकै सांसद एवं राजनीतिक विश्लेषक श्याम श्रेष्ठलाई पनि मन्दिर निर्माणमा लगानी गर्न जनस्तरबाट माग नआएको होइन । तर, उनले सांसद विकास कोषको रकम अहिलेसम्म कुनै पनि मठ-मन्दिर, गुम्बा, बिहार, चर्च, मस्जिद आदिमा लगाएका छैनन् । भन्छन्, "यो उत्पादनमूलक क्षेत्र होइन, त्यसैले मैले यसमा खर्च गर्न चाहिनँ ।"

पुराना मठ-मन्दिर, पाटी-पौवा, गुम्बा-बिहारको जिर्णोद्धार र मर्मत आवश्यक पनि छ । किनभने, ती इतिहास र सम्पदा हुन् । ०७२ को भूकम्पले काठमाडौँ उपत्यकाभित्र त्यस्ता ऐतिहासिक सम्पदा प्रशस्तै क्षतिग्रस्त बनाएको छ । तर, तिनको जिर्णोद्धार तथा मर्मत न्यून मात्रै भएको छ । सांसद विकास कोषको रकम यस्ता सम्पदाको पुनःनिर्माणमा लगाउनुको साटो हचुवाका भरमा जथाभावी नयाँ मठ-मन्दिर तथा गुम्बाको निर्माण भइरहेको छ ।

व्यवस्थापिका-संसद्‌मा प्रत्यक्ष निर्वाचित र समानुपातिक गरी ५ सय ९१ सांसदलाई प्रतिसांसद ५० लाख रुपियाँ र २ सय ४० निर्वाचन क्षेत्रलाई प्रतिक्षेत्र तीन करोडका दरले वार्षिक करिब ११ अर्ब रुपियाँ विनियोजन हुँदै आएको छ । काठमाडौँ जिल्ला समन्वय समितिको आँकडा अनुसार गएको आर्थिक वर्षमा

आर्थिक वर्ष
०७२/७३
निर्वाचन क्षेत्र पूर्वाधार
विकास कार्यक्रम
जिल्ला : काठमाडौँ

निर्वाचन क्षेत्र: २
सोमलिङ्गेश्वर मन्दिर सुधार
कागेश्वरी नगरपालिका-५
बजेट : ११ लाख ९ हजार रुपियाँ
इन्द्रायणी ब्रह्मायणी मन्दिर संरक्षण
शंखरापुरा नगरपालिका-२
बजेट : ११ लाख रुपियाँ
बज्रयोगिनी मन्दिर परिसर सिँढी निर्माण
शंखरापुरा नगरपालिका-९
बजेट : २२ लाख १७ हजार रुपियाँ
नारायणेश्वर मन्दिर निर्माण
शंखरापुर नगरपालिका-४, लप्सेफेदी
बजेट : ९ लाख ८३ हजार रुपियाँ

निर्वाचन क्षेत्र: ४
शिवमन्दिर पार्क निर्माण
कामनपा-७, गोपीकृष्ण नगर
बजेट : उल्लेख नभएको

निर्वाचन क्षेत्र: ७
राधाकृष्ण मन्दिर मर्मत
तारकेश्वर नगरपालिका-११
बजेट : ८ लाख ७० हजार रुपियाँ

निर्वाचन क्षेत्र: ९
ज्ञानतीर्थ मन्दिरमा ब्लक
कामनपा-१४, कुलेश्वर
बजेट : ८ लाख ६२ हजार रुपियाँ
मञ्जुश्री मन्दिर निर्माण तथा मर्मत
कामनपा-२१
बजेट : १२ लाख ३२ हजार रुपियाँ

निर्वाचन क्षेत्र: ५
नारायण मन्दिर जिर्णोद्धार
कामनपा-३, महाराजगन्ज
बजेट : ८ लाख ६५ हजार रुपियाँ

निर्वाचन क्षेत्र: १०
बाघभैरव मन्दिर निर्माण
कीर्तिपुर नगरपालिका-१
बजेट : १२ लाख ७६ हजार रुपियाँ

आर्थिक वर्ष
०७२/७३
निर्वाचन क्षेत्र विकास कार्यक्रम

प्रकाशमान सिंह
नेपाली कांग्रेस
▶ भैरव गणेश मन्दिर मर्मत
कागेश्वरी नगरपालिका-५, डाँछी
बजेट : ३ लाख ६८ हजार रुपियाँ
▶ रामजानकी मन्दिर र बगैँचा निर्माण
गोकर्णेश्वर नगरपालिका, गागलफेदी
बजेट : २ लाख ५४ हजार रुपियाँ

नवीन्द्रराज जोशी
नेपाली कांग्रेस
▶ जनकबाबा आश्रित मन्दिर ट्रस्ट
कामनपा-१३, ताहाचल
बजेट : १ लाख ८७ हजार रुपियाँ

ध्यानगोविन्द रञ्जित
नेपाली कांग्रेस
▶ रामेश्वर मन्दिर मर्मत
चन्द्रागिरि-१३, तीनथाना
बजेट : २ लाख रुपियाँ
▶ बन्धुदत्त तथा कुमारी मन्दिर मर्मत
कामनपा-१४, बल्खु
बजेट : १ लाख ८७ हजार रुपियाँ

राजेन्द्रकुमार केसी
नेपाली कांग्रेस
▶ राम मन्दिर निर्माण
कीर्तिपुर नगरपालिका-१५, टौदह
बजेट : २ लाख ५८ हजार रुपियाँ

अम्बिका बस्नेत
नेपाली कांग्रेस
▶ ह्ल्यामो गुम्बा मर्मत
कामनपा-६, बौद्ध
बजेट : ३ लाख ७७ हजार रुपियाँ

अष्टलक्ष्मी शाक्य
नेकपा एमाले
▶ गणेश मन्दिरमा पाला निर्माण
कीर्तिपुर-६, कुटुसाल
बजेट : १ लाख ४० हजार रुपियाँ

पेम्बा लामा
नेकपा एमाले
▶ गुम्बा मर्मत
बजेट : २ लाख ५० हजार रुपियाँ

प्रेमबहादुर सिंह
समाजवादी जनता पार्टी
▶ बुद्ध चैत्यमा कर्मघट्ट (माने) निर्माण
कामनपा-२२, टेबहाल
बजेट : ७ लाख ५० हजार रुपियाँ

बम्पर उपहार १ किलो सुन

साथमा हरेक महिना १० तोला सुन र हरेक हप्ता १ किलो चाँदी

अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू

* शर्तहरू लागू हुनेछन् ।

ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।

"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"

थप जानकारीको लागि
एन.टि.सि.: **16600122222, 9851216800**
एनसेल: **9801572222, 9801016850**

उपत्यका भित्र: 9841166784 **(शिशिर)**, 9851098944 **(राम कृष्ण)**, 9851005217 **(ध्रुब)**
उपत्यका बाहिर: 9856044140 **(शंकर)**
SMS **SUB to 38080**

कान्तिपुर राष्ट्रिय दैनिक वा **The Kathmandu Post** को वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक हप्ता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।

आजै कान्तिपुर राष्ट्रिय दैनिक वा **The Kathmandu Post** को वार्षिक ग्राहक बन्नुहोस् ।

आर्थिक वर्ष ०७१/७२ निर्वाचन क्षेत्र विकास कार्यक्रम

विनोद श्रेष्ठ
नेकपा एमाले
▶ बुद्ध मन्दिरका लागि जेनेरेटर खरिद
कीर्तिपुर नगरपालिका–८, चम्पादेवी
बजेट : १ लाख २५ हजार रुपियाँ
▶ गणेश मन्दिर निर्माण
चन्द्रागिरि नगरपालिका–७, थानकोट
बजेट : २ लाख ५३ हजार रुपियाँ
▶ त्रिवेणीधाम संरक्षण
चन्द्रागिरि नगरपालिका–१०
बजेट : ३ लाख १३ हजार रुपियाँ

प्रकाशमान सिंह
नेपाली कांग्रेस
▶ कार्यविनायक मन्दिरको भण्डार निर्माण
कामनपा–११, बबरमहल
बजेट : २ लाख ५० हजार रुपियाँ

दीपक कुइँकेल
नेपाली कांग्रेस
▶ विन्दबासिनी मन्दिर निर्माण
कागेश्वरी नगरपालिका–५, डाँछी
बजेट : २ लाख ४७ हजार रुपियाँ

रामेश्वर फुँयाल
नेकपा एमाले
▶ नागेश्वरी मन्दिर सुधार
कागेश्वरी नगरपालिका–३, आलापोट
बजेट : १ लाख ९१ हजार रुपियाँ

गगन थापा
नेपाली कांग्रेस
▶ विन्धवासिनी मन्दिर निर्माण
कपन
बजेट : १ लाख ६६ हजार रुपियाँ
▶ नौलिन भद्रकाली मन्दिर निर्माण
बूढानीलकण्ठ नगरपालिका–१७
बजेट : ४ लाख २८ हजार रुपियाँ

भीमसेनदास प्रधान
नेपाली कांग्रेस
▶ गणेश मन्दिर खट निर्माण
तारकेश्वर नगरपालिका–१६
बजेट : २ लाख ८४ हजार रुपियाँ
▶ राधाकृष्ण मन्दिर निर्माण
टोखा नगरपालिका–१
बजेट : १ लाख ५९ हजार रुपियाँ
▶ पखेरा गणेश मन्दिर निर्माण
तारकेश्वर नगरपालिका–१५
बजेट : २ लाख ५१ हजार रुपियाँ

राजेन्द्रकुमार केसी
नेपाली कांग्रेस
▶ विष्णुदेवी मन्दिर मर्मत
चन्द्रागिरि नगरपालिका–१६, सतुङ्गल
बजेट : १ लाख २५ हजार रुपियाँ
▶ कपिलेश्वर महादेव मन्दिर निर्माण
चन्द्रागिरि नगरपालिका–११
बजेट : ३ लाख ७० हजार रुपियाँ
▶ सेतो भैरव मन्दिर निर्माण
दक्षिणकाली नगरपालिका–१४
बजेट : १ लाख ९० हजार रुपियाँ

जेबी टुहुरे (जुठबहादुर खड्गी)
नेकपा माओवादी केन्द्र
▶ भैरव मन्दिर निर्माण
नागार्जुन नगरपालिका–८
बजेट : १ लाख ८७ हजार रुपियाँ
▶ पञ्चायण मन्दिर निर्माण
कामनपा–१४, रानागाउँ
बजेट : १ लाख २५ हजार रुपियाँ
▶ उमादेवी मन्दिर मर्मत
कामनपा–१४, बल्खु
बजेट : ६३ हजार रुपियाँ

रूपा महर्जन
नेकपा माओवादी केन्द्र
▶ महादेव मन्दिर निर्माण
नागार्जुन नगरपालिका–९
बजेट : २ लाख ५३ हजार रुपियाँ

विक्रमबहादुर थापा
राप्रपा
▶ विष्णुदेवी मन्दिर निर्माण
चन्द्रागिरि नगरपालिका–१६
बजेट : १ लाख २५ हजार रुपियाँ

प्रमिला राणा
नेकपा संयुक्त
▶ सिद्धेश्वर महादेव मन्दिर निर्माण
तारकेश्वर नगरपालिका–८, जितपुर
बजेट : ११ लाख ३९ हजार रुपियाँ

कमल थापा
राप्रपा
▶ चुनदेवी मन्दिर निर्माण
कामनपा–१४, चुनदेवी

राजन भट्टराई
नेकपा एमाले
▶ भद्रकाली मन्दिर निर्माण
बूढानीलकण्ठ नगरपालिका–१७
बजेट : ४ लाख २८ हजार रुपियाँ
▶ उमा–महेश्वर मन्दिर निर्माण
कामनपा–१७, कुमारीगाल
बजेट : ६१ हजार रुपियाँ
▶ उमा–महेश्वर मन्दिर मर्मत
कामनपा–७, मैजुबहाल
बजेट : १ लाख २८ हजार रुपियाँ
▶ राधाकृष्ण मन्दिर निर्माण
बूढानीलकण्ठ नगरपालिका–१४
बजेट : १ लाख ६१ हजार रुपियाँ

आर्थिक वर्ष
०७१/७२
निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम
जिल्ला : काठमाडौं

निर्वाचन क्षेत्र: २
बज्रयोगिनी मन्दिर सिंढी निर्माण
शंखरापुर नगरपालिका–११ र १२
बजेट : १९ लाख १२ हजार रुपियाँ

निर्वाचन क्षेत्र: ४
नित्यनाथ मन्दिर निर्माण
कामनपा–८, तीलगंगा
बजेट : १३ लाख ५९ हजार रुपियाँ

निर्वाचन क्षेत्र: ५
रुद्रमती मार्ग नरबुद्ध विहार निर्माण
हाडीगाउँ
बजेट : १२ लाख ३७ हजार रुपियाँ
टोखा तलेजु मन्दिर मर्मत
टोखा नगरपालिका–४
बजेट : ३१ लाख ३३ हजार रुपियाँ

निर्वाचन क्षेत्र: ८
कंकेश्वरी मन्दिर पुनःनिर्माण
कामनपा–१९
बजेट : ३४ लाख ४८ हजार रुपियाँ

मात्रै निर्वाचन क्षेत्र पूर्वाधार विकास र निर्वाचन क्षेत्र विकास कार्यक्रमका नाममा डेढ करोड रुपियाँभन्दा बढी लगानी गरिएको छ । त्यस्तै अघिल्लो आर्थिक वर्षमा झन्डै दुई करोड रुपियाँ मठ–मन्दिर, गुम्बामै खर्च भएको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्वाचन क्षेत्र विकाससम्बन्धी उल्लिखित दुईवटा कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले जारी गरेको नियमावलीले समेत रकम मठ–मन्दिर तथा गुम्बा आदिमा खर्च गर्न पाउने व्यवस्था गरेको छ । तर, त्यसमा पुराना र ऐतिहासिक सम्पदा र नयाँ निर्माण, केमा खर्च गर्न पाइने भनेर खुलाइएको छैन् । त्यही छिद्रमाथि टेकेर सांसदहरूले निर्वाचन क्षेत्रको विकास गर्न विनियोजन गरिएको रकम अनुत्पादक क्षेत्रमा खर्च गरेका हुन् । प्राध्यापक कृष्ण पोखरेल भन्छन्, “जनतालाई रिझाउन र पपुलिस्ट हुन धर्मका नाममा मन्दिर, गुम्बा आदिमा लगानी गर्ने प्रवृत्ति बढ्दो छ । सांसदले अनुत्पादक क्षेत्रमा यसरी लगानी गरेकै कारण सांसद विकास कोषको औचित्य र सान्दर्भिकतामाथि नै बहस गर्ने बेला भएको छ ।” ◆

मन्दिरदेखि चर्चसम्म

बाँकेका सांसदद्वारा मन्दिर, मस्जिद, गुम्बा र चर्चलाई १० देखि ७५ प्रतिशतसम्म बजेट

जनक नेपाल/नेपालगन्ज

बाँकेको दुर्गम क्षेत्र राप्तीपारि बघौडाका जनता सडक, विद्युत्, भरपर्दो स्वास्थ्य सेवाको अभावले वर्षौंदेखि पिछडिएका छन् । कल्भर्ट नहुँदा वर्षायाममा ससाना नाला तर्नसमेत मुस्किल हुन्छ । शिक्षा, स्वास्थ्य र सामाजिक विकासमा पर्याप्त लगानी हुन नसकेको गुनासो एकातिर छ । त्यस क्षेत्रका सांसद दिनेशचन्द्र यादवले भने निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको ५० लाखमध्ये ७५ प्रतिशत अर्थात् ३६ लाख ५० हजार रुपियाँ मन्दिर र मस्जिदलाई बाँडेका छन् ।

सांसदले मतदाताका माग प्रत्यक्ष सम्बोधन गर्न सकून् भनेर कोषबाट एउटा योजनाका लागि १ लाखदेखि १० लाख रुपियाँसम्म खर्च गर्न पाउने व्यवस्था छ । बाँके-२ का एमाले सांसद यादवको प्राथमिकता भने मन्दिर र मस्जिदमा देखियो । पूर्वाधार विकास कोषको लाखौं रुपियाँ खर्च गर्न नसके पनि धार्मिकस्थलमा छुट्याएको बजेट भने पूरापूर खर्च गरेका छन् उनले ।

त्यही क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रम अन्तर्गतको तीन करोड रुपियाँ खर्च हुन सकेन । सांसद यादवले हतार-हतार ९० लाख रुपियाँको सोलार प्यानल किनेर स्थानीयलाई बाँड्ने उपाय निकाले । सोलार किनिएपछि पनि उक्त शीर्षकको ७५ लाख रुपियाँ फिर्ता भयो । तर, धार्मिकस्थलका नाममा छुट्याइएको बजेट भने सबै खर्च भयो ।

उनले लक्ष्मणपुरस्थित जब्दहवा बाबा मन्दिरलाई १० लाख, लक्ष्मणपुर-२, राधाकृष्ण मन्दिर निर्माणमा सात लाख र उदयपुरस्थित शिव मन्दिरमा तीन लाख रुपियाँ खर्चिए । त्यस्तै, पिप्रहवा र जैसपुरका शिव मन्दिरलाई दुई-दुई लाख, खल्ला पुरैनी हनुमान मन्दिरलाई एक लाख, पुरैनी यज्ञशालालाई १ लाख ५० हजार र मटेहिया-४ स्थित करारीदास मन्दिरलाई एक लाख रुपियाँ उपलब्ध गराए । मटेहिया-८ को शिव मन्दिरलाई एक लाख, नरैनापुर-४ को दुर्गा मन्दिरलाई एक लाख, कम्दी-८ को तपसीबाबा मन्दिर र मजारलाई एक लाख रुपियाँ बाँडे । त्यसै गरी लक्ष्मणपुर मियामजारलाई दुई लाख, कटकुइया र होलियाका शिवपार्वती मन्दिरलाई एक-एक लाख तथा नेपालगन्ज-२४ स्थित दुर्गाभगवती मन्दिरमा दुई लाख रुपियाँ खर्च भएको जिल्ला समन्वय समितिले जनाएको छ । एमाले सांसद यादव जनताको माग अनुसार आफूले मन्दिर र मस्जिदमा धेरै बजेट छुट्याएको दाबी गर्छन् । "सांसद कोष आखिर जनताकै पैसा हो । जनताको माग त्यही भएपछि मैले रोक्न सकिनँ," उनी भन्छन्, "अझै पाइनँ भन्ने गुनासो छ ।"

सांसद कोषको रकम भौतिक पूर्वाधार निर्माण र समुदायको जीवनस्तर उकास्नभन्दा धार्मिक काममा खर्चने यादव एक्ला सांसद भने होइनन् । कांग्रेस सांसद बादशाह कुर्मीले कोषको २८ लाख २५ हजार रुपियाँ मन्दिर र गुम्बालाई दिए । प्रशासनिक खर्च १ लाख ५० हजारबाहेक त्यो झन्डै ६० प्रतिशत हो । उनले आफ्नो गाउँ परसपुरमा शिव मन्दिर बनाउन मात्र १० लाख रुपियाँ खर्चिए । त्यस्तै, कोहलपुरको रामजानकी मन्दिरलाई दुई लाख, नेपालगन्ज-२८, नहरपुर्वाको महायज्ञशालालाई पाँच लाख र वनकट्टी मन्दिरलाई एक लाख रुपियाँ बाँडेका छन् ।

त्यस्तै, पिप्रहवामा गुम्बा निर्माण गर्न

१ लाख ५० हजार, साईगाउँको बढैया शिव मन्दिरलाई दुई लाख, बेलभार शिव मन्दिरलाई १ लाख ५० हजार, नवाजीगाउँ मन्दिरलाई १ लाख ५० हजार, नेपालगन्ज-१२ को राममन्दिरलाई दुई लाख र बनियागाउँ मन्दिरलाई १ लाख ७५ हजार रुपियाँ खर्चिएको छ। कांग्रेसकै सांसद सर्वतआरा खानले कोषको झन्डै ४० प्रतिशत रकम मस्जिद र मन्दिरलाई बाँडिन्। उनले जामा मस्जिदलाई तला थप्न १० लाख, अन्नपूर्ण मन्दिर मर्मत गर्न एक लाख र एक मिनारा मस्जिदलाई ६ लाख २५ हजार वितरण गरिन्।

कांग्रेसकी अर्की सांसद आशा विकले पनि झन्डै एक चौथाइ रकम धार्मिक काममा खर्च गरिन्। उनले प्रज्ञा गुम्बा, सीतापुरलाई दुई लाख, सोनपुर कालिकामाई मन्दिरलाई १ लाख ५० हजार, रनियापुर शिव मन्दिरलाई एक लाख र नौबस्ता शिव मन्दिरलाई १ लाख ५० हजार रुपियाँ बाँडिन्। त्यस्तै, हनुमानगढी मर्मतका लागि १ लाख ५० हजार, दुर्गाकालिका तथा शिव मन्दिरका लागि २ लाख ५० हजार र वनकटवाको रामजानकी मन्दिरलाई एक लाख रुपियाँ बाँडचुँड गरेकी छन्। बाँके-१ का एमाले सांसद देवराज भारले झन्डै १० लाख रुपियाँ धार्मिक काममा लगाए। उनले ओमशान्तिलाई भवन निर्माण गर्न ४ लाख ७५ हजार दिएका छन्। त्यस्तै, कोहलपुर किरण नालास्थित पशुपति मन्दिरलाई एक लाख, चपरगौडी मन्दिरलाई एक लाख, पिपरी थारुगाउ मन्दिरलाई एक लाख र रामजानकी मन्दिरलाई दुई लाख रुपियाँ बाँडेका हुन्।

"सांसद कोष आखिर जनताकै पैसा हो। जनताको माग त्यही भएपछि मैले रोक्न सकिनँ, अझै पाइनँ भन्ने गुनासो छ।"

दिनेशचन्द्र यादव
सांसद

बाँके-४ का एमाले सांसद दलबहादुर सुनारले पनि मन्दिर र चर्चलाई साढे पाँच लाख रुपियाँ बाँडे। उनले वनकटवा-९ मा चर्च बनाउन १ लाख ९५ हजार दिएका छन् भने गडरई पश्चिमपूर्वा मन्दिरलाई १ लाख ४५ हजार, बागेश्वरी-६ को नवदुर्गा मन्दिरलाई १ लाख ९५ हजार रुपियाँ खर्च गरेका छन्। यसैगरी कांग्रेस सांसद मैकुलाल वाल्मीकिले काली मन्दिरलाई एक लाख, वाल्मीकि मन्दिरलाई तीन लाख, रनियापुर शिव मन्दिरलाई एक लाख र अन्नपूर्ण मन्दिरलाई एक लाख रुपियाँ दिएका छन्।

राप्रपाकी सांसद गीता सिंहले पनि ११ लाख रुपियाँ मन्दिरमा खर्च गरिन्। उनले मन्दिर मर्मतमा आठ लाख, टिटिहिरिया मन्दिरलाई एक लाख र हनुमानगढीका लागि दुई लाख रुपियाँ खर्च गरेकी छन्। अर्का कांग्रेस सांसद अब्दुल अमिद सिद्दिकीले जामा मस्जिद तला थप्न र इदगाहका लागि १०/१० लाख रुपियाँ खर्चिएका छन्। एमाले सांसद गौरा प्रसाईं र साबिया परबिन तथा माओवादी केन्द्रकी अन्जना चौधरीले भने धार्मिक स्थललाई बजेट बाँडेका छैनन्। चौधरीले सहिद स्मृति पार्क फत्तेपुरका लागि १० लाख र शमशेरगन्जमा सहिद गेट बनाउन चार लाख छुट्याएकी छन्।

कांग्रेस बाँके सचिव तप्त पौडेल निर्वाचन क्षेत्र विकास कोषको रकम सांसदले मनपरी बाँडचुँड गरेको स्वीकार्छन्। त्यसरी बजेट बाँड्दा पार्टीसँग कुनै सरसल्लाहसमेत नहुने गरेको प्रति असन्तुष्ट पौडेल भन्छन्, "स्थानीय विकासमा पार्टीका पनि प्रतिबद्धता हुन्छन्। तर, सांसदले त्यो सबै बेवास्ता गर्दै व्यक्तिगत पैसा बाँडेजस्तो गरेका छन्।"

धार्मिकस्थलमै धेरै बजेट खर्च गरिनुका पछाडि मुख्यतः दुई उद्देश्य देखिएको छ। एक, सरकारी कोषको बजेट चन्दा वा दानको शैलीमा बाँडेर धार्मिक भावनात्मक राजनीतिक लाभको आकांक्षा। अर्को, तारबार, माटो पटान, पर्खाल निर्माण वा मर्मत शीर्षक देखाएर गरिने खर्चमा आउने कमिसन। "निर्वाचन क्षेत्रका प्राथमिकताप्रति सांसदहरूले बेवास्ता गरेको गुनासो धेरै आउँछ," जिल्ला समन्वय समितिका संयोजक हरि प्याकुरेल भन्छन्, "कार्यकर्ताहरूमा पनि कोषको रकम बाँडीचुँडी खाने हो भन्ने भावना छ। त्यसले योजना छनोट र खर्च प्रभावकारी हुन नसकेको सत्य हो।" ◆

मतान्तर

॥ उज्ज्वल प्रसाई

असहिष्णुताको बाटोमा

इतिहासमा भारत-पाकिस्तानबीचको कार्गिल युद्ध महत्त्वपूर्ण घटना हो। भारतमा 'अपरेसन विजय' भनेर चिनिने सन् १९९९ मा कश्मीरको कार्गिलमा लडिएको त्यो युद्धबारे बहसहरू अझ्यापि चलिरहेका छन्। भारत र पाकिस्तान दुवैका लागि सामरिक बहसमा यो विषय बारम्बार उठिरहने महत्त्वपूर्ण विषय हो। भारतीय सेनामा काम गर्ने नेपाली जवानहरूको पनि ज्यान गएकाले हामीले पनि सम्झिने घटना हो, कार्गिल युद्ध। विश्वविद्यालयमा समेत यो र यस्ता अनेक विषयमा बहस र छलफल हुनु स्वाभाविक हो। खास गरी राजनीतिशास्त्र र सुरक्षासम्बन्धी सैद्धान्तिक र व्यावहारिक अध्ययन-अध्यापनका लागि यस्ता विषय उदाहरणका रूपमा बहसमा ल्याउनु अनौठो होइन। तर, यस्ता युद्धलाई राष्ट्रवादी उन्मादका रूपमा तामझामसहित कुनै विश्वविद्यालयमा विजय दिवसका रूपमा मनाउन थालिन्छ भने त्यो गम्भीर विषय हुन पुग्छ।

केही दिन पहिले भारतको जवाहरलाल नेहरु विश्वविद्यालयमा 'विद्या वीरता अभियान : कार्गिल विजय दिवस'का नाममा एउटा उत्सव मनाइयो। यो उत्सव विद्यार्थीको स्वस्फूर्त पहलमा मनाइएको थिएन। बरू, विश्वविद्यालयका उपकुलपतिको ठाडो निर्देशनमा मनाइएको थियो। खास गरी हिन्दुवादी संगठन राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) र भारतीय जनता पार्टी (भाजपा)को विद्यार्थी संगठन अखिल भारतीय विद्यार्थी परिषद् (एबीभीपी)को सक्रिय संलग्नतामा यो उत्सव मनाइएको थियो।

विश्वविद्यालयको प्रशासनले नेतृत्व गरेको त्यो कार्यक्रममा कार्गिल युद्ध, त्यसको उपादेयता, त्यसले भारतीय र पाकिस्तानी समाजमा पारेको दूरगामी प्रभाव, त्यस्ता युद्धले प्रभाव पार्ने दुई देशबीचको सम्बन्धबारे बहस वा छलफल केही भएन। न त्यो कार्यक्रममा कुनै राजनीतिशास्त्री वा सुरक्षाविज्ञले विद्यार्थीहरूसँग युद्धको तरिकाबारे कुनै अन्तर्क्रिया नै गरे। कार्यक्रममा सैनिक ब्यान्डका केही सांस्कृतिक प्रस्तुतिहरूसहित भारतीय सैनिकले देखाएको बहादुरीको उच्च प्रशंसा गरियो। कार्यक्रमको नाम अनुसार त्यस युद्धमा भारतले हासिल गरेको जितको ठूला खुसीयाली मनाइयो। भूतपूर्व सैनिक अधिकारी र युद्धमा शहादत प्राप्त गरेका सैनिकका परिवारको उपस्थितिमा २ हजार २ सय फिट लामो भारतको राष्ट्रिय झन्डा फहराएर राष्ट्रवादी झाँकी प्रदर्शन गरिएको थियो। अर्थात्, भारतीय राष्ट्रवादको प्रवर्द्धनका निम्ति बहादुरी र वीरताको पौरुषीय घमन्ड प्रदर्शन जरुरी छ भनेर त्यस्तो दिवस मनाइएको थियो।

कार्गिल विजय दिवसलाई सम्बोधन गर्दै जेएनयूका वर्तमान उपकुलपति एम जगदेश कुमारले सरकारसँग विश्वविद्यालयमा सैनिक तोप खडा गरिदिन आग्रह गरे। विद्यार्थीका लागि प्रदर्शनमा राखिने त्यस्तो तोप भारतको वीरता सम्झाउने प्रतीक हुने उनले जिकिर गरे। त्यस्तो सैनिक तोप खडा नगरिएका कारण जेएनयूका विद्यार्थीमा राष्ट्रवादी भावना कमजोर भएको उनको अव्यक्त आशय बुझ्न कठिन थिएन। भारतको बौद्धिक सान बनेको जेएनयूमा जवाहरलाल नेहरुको अग्लो र सुन्दर सालिक छ। नेहरु-पुत्री इन्दिरा गान्धीको अग्रसरतामा स्थापना गरिएको यो अग्रणी शैक्षिक र अनुसन्धान संस्थामा उनै विद्वान् नेता नेहरुको शिक्षा र प्रगतिशीलताप्रति सम्मान प्रकट गर्न उनको सालिक ठड्याइएको हो। आरएसएस पृष्ठभूमिबाट प्राध्यापक बनेका जगदेश कुमार नेहरुको सालिक र उनको सन्देशबाट विद्यार्थीले अध्ययन र अनुसन्धानप्रति प्रेरणा लिन नसक्ने ठम्याउँदै त्यस सालिकको समीप वा त्यसलाई ओझेल पार्ने गरी सैनिक तोप खडा गर्नुपर्ने बताउन थालेका छन्।

हिन्दुवादी दक्षिणपन्थका प्रवर्द्धक नरेन्द्र दामोदार दास मोदी शक्तिशाली प्रधानमन्त्रीका रूपमा निर्वाचित भएपछि भारतमा राष्ट्रवादी उन्माद ह्वात्तै बढेको छ। भाजपाले आफ्नो हिन्दुत्ववादी वैचारिक धाराको प्रवर्द्धन गर्ने उद्देश्यले भारतका अग्रणी शैक्षिक र अध्ययन-अनुसन्धान प्रतिष्ठानहरूमा जबर्जस्त आफ्नो प्रभाव बढाउन खोजेको छ। नेहरु म्युजियम, लाइब्रेरीदेखि जेएनयूसम्मका सबै संस्थामा अध्ययन-अनुसन्धानमा खासै उपलब्धि हासिल गर्न नसकेका र यस्ता संस्था सञ्चालन गर्न सक्ने ल्याकत प्रमाणित नगरेका व्यक्तिलाई नियुक्त गर्ने परिपाटी पनि स्थापित गरिएको छ। ती संस्थाले अंगीकार गरेका शैक्षिक उन्नयनका लागि आवश्यक उदार दृष्टिकोणलाई जबर्जस्त असान्दर्भिक तुल्याउने भरमग्दुर कोसिस भइरहेको छ। साथै, यस्ता संस्थाहरूमा क्रियाशील विद्यार्थी संगठन र वैचारिक बहस सञ्चालन गर्ने अध्ययन समूहको सक्रियता निस्तेज

जेएनयू

पार्न अनेक प्रपञ्च रचिएको छ । त्यस्ता षड्यन्त्रको सिकार भएर रोहित भेमुला र मुथुकृष्णन् जीवनान्थमजस्ता विद्यार्थीहरूले आत्महत्या गरे । कतिपय स्वतन्त्र र वामपन्थी लेखक र चिन्तकहरूको त हत्या नै गरियो । सत्ता विरोधी बहस, छलफल र प्रदर्शनलाई निस्तेज पार्ने वा दबाउने निर्मम कोसिस भइरहेको यसबेला जेएनयूजस्तो संस्थामा सैनिक तोप खडा गरिनुपर्ने विश्वविद्यालयका सबभन्दा जिम्मेवार व्यक्तिको रायले ठूलो खतराको संकेत गर्छ ।

लोकतन्त्रमा सार्वजनिक बहसको वृत्त बलियो र सदैव चलायमान रहन आवश्यक छ । चिया पसलदेखि विश्वविद्यालयसम्म खुला बहस र छलफलका चौतारीहरू बन्न सके मात्रै लोकतन्त्र बलियो हुन्छ । दमनका सबै संयन्त्रको प्रयोग गर्न पाउने वैध निकायका रूपमा सत्ता मौजुद भएकाले त्यसको खबरदारी गर्न र उसका ज्यादतीको विरोध गर्न बहस र प्रदर्शनका डबलीहरू आममानिसका लागि सुरक्षित स्थल हुनुपर्छ ।

भारतमा गहन र प्राज्ञिक बहस र खुला अन्तर्क्रियाका लागि ख्याति कमाएको जेएनयूले सबल 'पब्लिक स्फियर'का रूपमा आफूलाई विकास गरेको थियो । चिन्तनको यो निर्वाध चौतारीमा सालीन बहसदेखि चर्का नाराबाजी सबै हुने गर्थ्यो । यहाँका विद्यार्थी र शिक्षकहरूको उदार प्रयत्नबाट विश्वविद्यालय आफैंमा स्वतन्त्र डबली बनेको थियो । यद्यपि, राजनीतिका नाममा मनी-मसल अर्थात् पैसा र पाखुराको जोर-जबर्जस्ती यहाँ चल्दैन थियो । विद्यार्थी संगठनहरू स्वयं बहस, अन्तर्क्रिया र उनीहरूले उठाउने मुद्दाका भरमा शक्तिशाली वा कमजोर हुने गरेका थिए ।

नियमित रूपमा र कुनै बाहिरि प्रभावबिना नै यहाँ स्वतन्त्र विद्यार्थी युनियनका चुनावहरू सम्पन्न हुने गरेकाले विश्वविद्यालयीय राजनीतिमा जेएनयूको ऊँचो पहिचान कायम थियो । चौबीसै घन्टा खुल्ने पुस्तकालय, चिया पसल र ढाबाहरू पनि आफैंमा बहसका सक्रिय चौतारीहरू थिए । सहिष्णु संस्कारमा हुर्केका विद्यार्थीहरूले निर्वाध ढंगले जुनसुकै विषयमा छलफल, अन्तर्क्रिया र अध्ययन गर्दै आएका थिए । नेहरुका अनेक विचारप्रति पूर्णतया असहमति राख्ने प्राध्यापक, विद्यार्थीहरू, विद्यार्थी संगठन वा कुनै अध्ययन समूहले नेहरुको त्यो अग्लो प्रतिमा ठन्क्याउने वा त्यो प्रतिमाको असम्मान गर्ने काम कहिल्यै गरेका थिएनन् । किनभने, नेहरुका विचार र उनले चालेका राजनीतिक कदमलाई आलोचनात्मक व्याख्या र विश्लेषण गर्ने छूट उनीहरूले पाएका थिए ।

हुन त महात्मा भनेर पूजा गरिने मोहनदास करमचन्द गान्धीको समेत जमेर आलोचना गर्न विद्यार्थी र प्राध्यापकहरू पछि हट्दैन थिए । तिनलाई उच्च सम्मान गरेरै आलोचना गर्ने संस्कारको विकास गरेको थियो । बीआर अम्बेडकरलाई उत्तिकै सम्मान गर्ने र कडा आलोचना गर्नेहरू पनि यही विश्वविद्यालयमा अटाएका थिए । त्यसो त भीडी सावरकर, बल्लभभाइ पटेलको पनि उत्तिकै अध्ययन र चर्चा हुन्थ्यो ।

विश्वविद्यालयका होस्टलका मेसमा आएर विद्यार्थीहरूसँग अन्तर्क्रिया गर्न सत्ताको नजरमा कसिंगरजस्ती बनेकी अरुन्धती रोयले कहिल्यै धक मान्नु पर्दैन थियो । भाजपा र आरएसएसको समर्थन गर्ने विद्यार्थीहरूले रोयको विरोधमा कालो झन्डा प्रदर्शन गर्ने छुट पनि पाएका थिए । उनको विचार र लेखनीलाई ठाडै चुनौती दिएर त्यही भान्सा छलफलमा प्रश्न गर्ने स्वतन्त्रताको उपयोग पनि गरेका थिए । भूमण्डलीकरणको जयजयकार चलेको कांग्रेस (आई)को सरकारमा नवउदारवादी भूमण्डलीकरणको कडा आलोचना गर्ने वन्दना सिभाहरू आएर बोल्न यहाँ कसैले व्यवधान खडा गर्दैनथ्यो । विश्व बैंकका आलोचक जोसेफ स्टिगलिजदेखि नक्सलवादको समर्थक भनेर पक्राउ परेका जीएन साइबाबासमेत उपस्थित भएर आफ्ना विचार राखेको यही पंक्तिकारले देख्न-सुन्न पाएको हो ।

यसको मतलब जेएनयू केवल बागीहरू आएर बोल्ने अखडा मात्रै थिएन । सत्तामा रहेकै बेला शशि थरुरजस्ता विद्वान्ले छलफल चलाउने गरेका थिए, भाजपा समर्थित विद्यार्थीहरूको पहलमा उनीहरूको पक्षपोषण गर्ने चिन्तकहरूलाई समेत यहाँ आएर बोल्न र अन्तर्क्रिया चलाउन कुनै बन्देज थिएन । एपीजे अब्दुल कलामजस्ता ठूलो सम्मान पाएका पूर्वराष्ट्रपति र वैज्ञानिकलाई उनको आणविक भक्तिका कारण विरोध गर्न र आलोचनात्मक प्रश्न सोध्नसमेत यहाँका विद्यार्थी अग्रसर थिए । त्यसो गर्ने विद्यार्थीलाई यहाँ कसैले तारो बनाउँदैनथ्यो ।

> **'भाइब्रेन्ट पब्लिक स्फियर'का रूपमा विकसित जेएनयू बिस्तारै अतिवादी हिन्दुत्ववादको पैरवी गर्ने संस्था बन्दै जाने संकेत देख्न थालिएको छ ।**

अब त्यस्तो सहज अवस्था रहेन । सत्ता र सत्ताका कमजोरी अनि ज्यादतीमाथि प्रश्न उठाउने प्रत्येक विद्यार्थीलाई विश्वविद्यालय प्रशासनले तारो बनाउन थालेको छ । त्यति मात्रै होइन, विश्वविद्यालयको सत्तामाथि प्रश्न उठाउने वा सन्देह व्यक्त गर्ने प्राध्यापकहरूको बढुवा रोक्नेलगायतका प्रपञ्च पनि सुरु भएको छ । सिंगो विश्वविद्यालयको उदार र स्वतन्त्र चिन्तन गर्न इच्छुक समुदाय अहिले संकटमा फसेको छ । यसैबीच भाजपा समर्थित विद्यार्थीहरूसँग विवादमा परेका नजिब नामका विद्यार्थीलाई बेपत्ता बनाइएको छ । विद्यार्थी संगठनहरूले बेपत्ता विद्यार्थीको पक्षमा वकालत गर्दा उनीहरूलाई अनेक धाकधम्की दिइएको विद्यार्थीहरूले साउतीमा सुनाउन थालेका छन् ।

'भाइब्रेन्ट पब्लिक स्फियर'का रूपमा विकसित जेएनयू बिस्तारै अतिवादी हिन्दुत्ववादको पैरवी गर्ने संस्था बन्दै जाने संकेत देख्न थालिएको छ । सैनिक तोप खडा गर्ने उपकुलपतिको जुन स्तरमा विरोध अपेक्षा गरिन्थ्यो, विद्यार्थीहरूमाझ त्यसो गर्ने हिम्मत जुट्न नसक्नुले सुखद भविष्यको संकेत गर्दैन । भारतीय लोकतन्त्रले कस्ता संकट झेल्न सक्छ भनेर अध्ययन गर्न वा अनुमान गर्न जेएनयूको रूपान्तरण हेरे काफी हुन्छ । ♦

भुत्ते प्रतिपक्ष

ठूला पार्टीभित्रका विपक्षीहरू संस्थापन पक्षका अगाडि निरीह

सीताराम बराल

नेपाली कांग्रेस केन्द्रीय समितिको ७ साउनदेखि सुरु भएको बैठकमा केन्द्रीय सदस्यहरूले चुनावमा अपेक्षाकृत परिणाम हासिल गर्न नसक्नुको कारण खोतले । अधिकांशको ठहर के थियो भने प्रहरी महानिरीक्षक नियुक्ति प्रकरणमा सभापति शेरबहादुर देउवाको नाजायज हस्तक्षेप, प्रधानन्यायाधीशमाथि महाभियोग लगाउन पार्टी नेतृत्वको भूमिकालगायतका कारण जनमत कांग्रेससँग चिढियो । परिणाम, संविधानसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस स्थानीय निर्वाचनमा दोस्रो स्थानमा खुम्चिन पुग्यो ।

केन्द्रीय सदस्यहरूले गरेको यो तर्कप्रति कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल पनि असहमत थिएनन् । 'साथीहरूका कुरा सही छन्' भन्दै बैठकमा उनले पनि चुनावी हारका कारण खोतले । पौडेलको भनाइ थियो, 'निर्वाचन परिणाममा उम्मेदवार चयनले पनि धेरै असर गर्छ । स्थानीय निर्वाचनको टिकट वितरण न्यायिक हुन सकेन, मनपरी भयो । संविधानसभामा पहिलो हुँदाहुँदै स्थानीय निर्वाचनमा हामी दोस्रो स्थानमा पुग्नुको एउटा कारण टिकट वितरण न्यायिक हुन नसक्नु हो ।'

पौडेल तिनै नेता हुन्, जसले कांग्रेसको १३औं महाधिवेशनमा सभापतिमा देउवासँग प्रतिस्पर्धा गरेका थिए र पराजित भए । तर, पराजित हुनुको मतलब पार्टीप्रतिको उनको दायित्व घटेको थिएन । बरू, पार्टी नेतृत्वले गल्ती गर्दा त्यसविरुद्ध औंला ठड्याउने र नेतृत्वबाट हुने गल्ती रोकेर पार्टी र मुलुकलाई सही बाटोमा हिँडाउने महत्त्वपूर्ण जिम्मेवारी पार्टीभित्रको 'प्रतिपक्षी नेता'का रूपमा पौडेलको काँधमा थियो ।

पार्टी नेतृत्व त चुक्यो, चुक्यो, पार्टीभित्रै खेल्नुपर्ने प्रतिपक्षीय दायित्वबाट पौडेल पनि चुक्नुकै परिणाम थियो, स्थानीय निकाय चुनावमा कांग्रेसको पराजय । उनैका शब्दमा टिकट वितरणमा सभापति देउवाले गरेको मनोमानी उनले रोक्न सकेनन् नै, प्रहरी महानिरीक्षक चयनमा अनावश्यक हस्तक्षेप, प्रधानन्यायाधीशमाथिको महाभियोगजस्ता अक्षम्य गल्ती पार्टी नेतृत्वबाट हुँदासमेत पौडेल मौन बसे । अझ यतिसम्म कि लोकतन्त्र/गणतन्त्रमाथि प्रहार हुने गरी गतिविधि गर्न थालेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख लोकमानसिंह कार्कीविरुद्ध महाभियोग दर्ता गरिँदा पौडेल कार्कीको बचाउमा समेत लागे ।

कांग्रेसको मात्र होइन, प्रमुख प्रतिपक्षी दल एमाले र सत्तारुढ माओवादी केन्द्रभित्रको 'प्रतिपक्ष'को हालत पनि यस्तै निरीह र बेकामे छ । नवौं महाधिवेशनमा केपी ओलीसँग अध्यक्षमा प्रतिस्पर्धा गरेका कारण एमालेभित्र माधव नेपालले र प्रचण्डपछिका शीर्ष नेता भएका कारण माओवादी केन्द्रमा नारायणकाजी श्रेष्ठले प्रतिपक्षीय भूमिका निर्वाह गर्नुपर्ने हो । तर, यस्तो भूमिकामा एमाले र माओवादी केन्द्रका यी नेता पनि चुकेका छन् या भूमिका निर्वाह गर्न सकेका छैनन् । राजनीतिशास्त्री एवं विश्लेषक हरि शर्मा भन्छन्, "सबै पार्टीभित्र प्रतिपक्ष बेकम्मा साबित भएको छ । यसले गर्दा राजनीतिमा जसको लाठी उसको भैंसीको मान्यता स्थापित भएको छ ।"

लोकतन्त्रको सुन्दरता रचनात्मक विपक्ष हो, जसले नेतृत्वका गलत क्रियाकलापको विरोध गरेर सच्याउने र नयाँ बाटो देखाउने भूमिका निर्वाह गर्न सक्छ । सशक्त विपक्ष भनेको वैकल्पिक नेतृत्व पनि हो, जसले नेतृत्व असफल हुँदा त्यो स्थान ग्रहण गर्छ । नेपालको सन्दर्भमा पार्टी वा सरकारको नेतृत्वमा पुगेपछि मनमौजी हुने प्रवृत्ति मुख्य नेतृत्वमा देखिएकाले त्यसलाई सच्याउन पनि पार्टीभित्र बलियो रचनात्मक प्रतिपक्षको आवश्यकता अनिवार्य बन्दै गएको छ ।

त्यही भएर होला, राजनीतिक पार्टीहरूले समेत सैद्धान्तिक रूपमा प्रतिपक्षको परिकल्पना गरेका छन् । जस्तो : कांग्रेसले बहुमतको सत्तापक्ष र अल्पमतको विपक्ष हुने संसदीय प्रजातन्त्रलाई आफ्नो आदर्श बनाएको छ भने कम्युनिस्टहरूले पार्टीलाई जीवन्त राख्न दुई लाइन संघर्षको वकालत गर्दै आएका छन् । यी दुवैको अर्थ पार्टी नेतृत्वलाई गलत बाटोमा हिँड्न नदिन बलियो प्रतिपक्षको आवश्यकता छ भन्ने पनि हो । माओवादी नेता मणि थापा भन्छन्, "नेतृत्वलाई गलत बाटोमा जान नदिन वा गए त्यसलाई सच्याउन सक्ने बलियो प्रतिपक्षको आवश्यकता पार्टीभित्र छ भन्ने कांग्रेस-कम्युनिस्ट दुवैले स्वीकार गरेका छन् । तर, नेतृत्वले गर्ने गलत निर्णयविरुद्ध भने कांग्रेस-कम्युनिस्टभित्रबाट प्रभावकारी विरोध हुन सकिरहेको छैन ।"

कांग्रेस : गुट-उपगुटले कमजोर

आफ्नै पार्टीबाट उपप्रधान तथा गृहमन्त्री रहेका विमलेन्द्र निधिलाई समेत नसुनेर कांग्रेस सभापति देउवाले जसरी वरिष्ठता र कार्यक्षमताका आधारमा चौथो नम्बरमा रहेका डीआईजी जयबहादुर चन्दलाई प्रहरी महानिरीक्षक नियुक्त गर्न बलजफ्ती गरे, त्यसप्रति कांग्रेसभित्रबाट कुनै आवाज उठेन । पार्टीभित्र प्रतिपक्षी भूमिकामा रहेका वरिष्ठ नेता पौडेलसमेत चुपचाप रहेर देउवाले चाहेकै गर्न दिए ।

प्रधानन्यायाधीश सुशीला कार्कीमाथि जसरी प्रतिशोधस्वरूप ल्याइएको महाभियोग प्रस्ताव दर्ता गरियो, न्यायिक सर्वोच्चताको मान्यतालाई आत्मसात् गरेको कांग्रेसका नेताहरूले यो हदसम्म नजान सभापति देउवालाई 'कन्भिन्स' गरेनन्, न त यसको विरोध नै गरे । वरिष्ठ नेता पौडेल फेरि पनि मौन बसे । राजनीतिक विश्लेषक जुगल भूर्तेल भन्छन्, "नेतृत्वले एकपछि अर्को गलत निर्णय गरिरहेको छ । यस्तो बेला पौडेलले आफ्नो दायित्व महसुस गर्न सक्नुभएको छैन ।"

पौडेल प्रतिपक्षीय भूमिकाबाट नराम्ररी चुकेको अर्को घटना लोकमानसिंह कार्कीविरुद्धको महाभियोग प्रस्तावका बेला हो । अख्तियार प्रमुखका रूपमा कार्कीका गतिविधि बेलगाम थिए । ढिलै सही, बेलगाम कार्कीविरुद्ध एमाले र माओवादी केन्द्रका सांसदहरूले महाभियोग प्रस्ताव दर्ता गरे । तर, सभापति देउवा त्यो महाभियोग पारित गर्नेतिर लागेनन् । किनभने, उनी त्यो काम आफूबाट नहोस् भन्ने चाहन्थे । गजब त के भने पौडेलसमेत कार्कीलाई बचाउने पक्षमा देखिए । यो बेग्लै कुरा हो कि पछि अदालतको फैसलाबाट कार्की पदमुक्त भए ।

कांग्रेसमा नेतृत्वले गल्ती गर्दा पार्टीभित्रको प्रतिपक्षले दह्रो विरोध गरेको घटना नै नभएको चाहिँ होइन । ०४८ मा प्रधानमन्त्री निर्वाचित गिरिजाप्रसाद कोइरालाले जब एकलौटी निर्णय गर्न थाले, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायतका नेताहरूले कोइरालाका हर्कतको विरोध सुरु गरे । कोइरालालाई सबक सिकाउन भट्टराईपक्षीय सांसदहरू सरकारको नीति तथा कार्यक्रममा अनुपस्थित रहे । तर, विडम्बना के भइदियो भने त्यही झोंकमा कोइरालाले संसद् भंग गरेर मध्यावधि निर्वाचन घोषणा गरिदिए । नेतृत्वले गल्ती गर्दा कांग्रेसभित्र प्रतिपक्षले कति सशक्त प्रतिरोध गर्थ्यो भन्ने उदाहरण हो यो ।

तर, कांग्रेसको आन्तरिक जीवनमा नेतृत्वले गर्ने गल्तीविरुद्ध हुने सशक्त प्रतिरोध एकादेशको कथा हुन थालेको छ । संसद्मा माओवादीका तर्फबाट सांसदसमेत रहेका राजनीतिक विश्लेषक श्याम श्रेष्ठका भनाइमा, रामचन्द्र पौडेलले केही राजनीतिक विषयवस्तुमा सैद्धान्तिक प्रश्न उठाउने काम यदाकदा नगरेका होइनन् । श्रेष्ठ भन्छन्, "तर, पार्टी नेतृत्व गलत बाटोमा हिँड्दा त्यसलाई सच्याउन जस्तो सशक्त प्रतिपक्षीय भूमिका उहाँबाट निर्वाह हुनुपर्थ्यो, त्यसमा चाहिँ उहाँ नराम्ररी चुक्नुभएको छ ।"

एक समय कांग्रेसभित्रको प्रतिपक्ष निकै शक्तिशाली मानिन्थ्यो । कृष्णप्रसाद भट्टराई सभापति छँदा गिरिजाप्रसाद कोइराला बलिया प्रतिपक्ष थिए। कोइराला सभापति छँदा क्रमशः भट्टराई र देउवा सशक्त विपक्षी थिए। पछिल्लो समय भने कांग्रेसभित्र प्रतिपक्ष शक्तिशाली नहुनुको मुख्य कारण त्यस समूहमै विभिन्न गुट-उपगुट सिर्जना हुनु हो।

देउवालाई चुनौती दिन सक्ने उचाइका नेता यतिबेलासम्म रामचन्द्र पौडेल नै हुन् । तर, महामन्त्री शशांक कोइराला र पूर्वमहामन्त्री प्रकाशमान सिंह उपगुटमा बाँडिएकाले पौडेल समूह पार्टीभित्र कमजोर छ। कोइराला परिवारका शशांक, शेखर र सुजाताबीच पनि विश्वासको सम्बन्ध छैन। पछिल्लो समय तीनै कोइरालाले आफूहरूबीच एकताको सन्देश दिन खोजे पनि त्यो पौडेललाई बलियो बनाउन होइन, कोइराला परिवारलाई नै पार्टीभित्र विकल्पका रूपमा प्रस्तुत गर्नका लागि हो।

प्रतिपक्षी नेताका रूपमा पौडेलले देउवालाई दह्रै चुनौती दिन सक्थे, यदि सुशील कोइरालाको निधनपछि कोइराला समूहका नेताहरूलाई आफ्नो नेतृत्वमा गोलबन्द गर्न सकेका भए । तर, एकातिर आफ्नै समूहभित्र पनि उपगुटहरू, अर्कोतिर कोइरालाको निधनपछि कृष्ण सिटौला र कुलबहादुर गुरुङले त्यो समूह छाडेर आफ्नै समूह निर्माण गरिदिँदा पौडेल थप कमजोर बन्न पुगे । यसका विपरीत देउवाले सिटौला, गुरुङहरूको समर्थन हासिल गर्न सकेका छन् । कांग्रेसभित्र प्रतिपक्षको भूमिका कमजोर हुनुको खास कारण यही हो।

एमाले : राष्ट्रवादको राप

कांग्रेसको १३औं महाधिवेशनमा रामचन्द्र पौडेलले शेरबहादुर देउवासँग जति ठूलो मतान्तरमा पराजय बेहोरेका थिए, नवौं महाधिवेशनमा एमाले नेता माधव नेपालले पाएको मत कता हो कता सम्मानजनक थियो। पौडेल पाँच सय मतान्तरले पराजित भएका थिए भने नेपाल जम्मा ५६ मतले। मतका हिसाबले नेपालले पनि अध्यक्षमा निर्वाचित केपी ओलीकै हाराहारीमा पार्टीभित्रका नेता-कार्यकर्ताको समर्थन पाए पनि नेतृत्वले गरेका गल्ती सच्याउने मामिलामा चाहिँ नेपाल निरन्तर चुकिरहेका छन्।

नेपालले सक्रियता देखाउने हो भने संविधानको स्वीकार्यता बढ्ने गरी ओली पनि संशोधनबारेको छलफलमा सकारात्मक रूपमा आउन बाध्य हुन सक्छन् । तर, स्वीकार्यता बढाउने गरी संविधान संशोधनका लागि पहल गर्नुपर्ने दायित्वबाट चाहिँ नेपाल आफैं विमुख भइरहेका छन्। माओवादी सांसद एवं विश्लेषक श्रेष्ठ भन्छन्, "संविधानको स्वीकार्यता बढाउने दायित्व कांग्रेस र माओवादी केन्द्रको मात्र होइन, एमालेको पनि हो। पार्टीको एक प्रमुख नेताको हैसियतमा नेतृत्वलाई सही बाटो देखाउने कर्तव्य माधव नेपालको पनि हो। तर, मनभित्र जे भए पनि उहाँले ओलीकै बोलीमा लोली मिलाइरहनु भएको छ।"

प्रचण्डको सत्तामोह एमाले-माओवादी केन्द्रबीचको गठबन्धन टुट्नुको एउटा कारण थियो । तर, एमालेभित्रको प्रतिपक्ष निर्णायक बन्न नसक्नु पनि एमाले-माओवादी केन्द्रबीचको गठबन्धन टुट्नुको अर्को कारण हो । जब कांग्रेस सभापति देउवाले ०७२ चैतमा सत्ताको प्रस्ताव प्रचण्डतर्फ फ्याँके, एमाले-माओवादी केन्द्रबीचको सम्बन्धमा दरार उत्पन्न भयो । ०७३ असारमा प्रचण्डलाई सत्ता हस्तान्तरण गर्ने सहमतिका साथ त्यो मतभेद समाप्त त भयो तर ओली त्यसमा टिक्न सकेनन्। उनी आफैंले गरेको सहमतिविपरीत सत्ता हस्तान्तरणको विपक्षमा देखिए। अन्ततः एमाले-माओवादी केन्द्रबीचको सत्ता गठबन्धन टुट्न पुग्यो।

नेता नेपाल र उपाध्यक्ष वामदेव गौतमले एमाले-माओवादी केन्द्रबीचको 'भद्र सहमति'को सार्वजनिक खुलासा गरे पनि कार्यान्वयनका लागि ओलीमाथि निर्णायक दबाब सिर्जना गर्न सकेनन् । स्थानीय निकाय निर्वाचनको टिकट वितरणमा पनि ओलीले एकलौटी गरे । तर, सामान्य असन्तुष्टि जनाउने सिवाय नेपालले केही गर्न सकेनन् । परिणाम, ओली पार्टीभित्र यति शक्तिशाली हुँदै गएका छन् कि अब त चाहेर पनि नेपाल खेमा ओलीको प्रतिरोध गर्न नसक्ने स्थितिमा पुगेको छ।

जानकारहरूका भनाइमा, खास गरी राष्ट्रवादको रापमा ओली पार्टीभित्र यति शक्तिशाली बनिसकेका छन् कि नेपाललाई ओलीले गरेका निर्णयप्रति औँला उठाउँदासमेत बचेखुचेको शक्ति पनि गुम्ने भय छ। त्यसैले, नेपाल चुप रहन बाध्य छन्। एमाले उपमहासचिव घनश्याम भुसाल भन्छन्, "नेतृत्वका गल्तीविरुद्ध पार्टीभित्र आवाज नउठेको होइन । तर, हाम्रो मुख्य ध्यान निर्वाचन र संविधान कार्यान्वयन भएकाले हामीले निर्णायक संघर्ष नगरेका हौं। यो परिस्थितिले सिर्जना गरेको बाध्यता हो।"

पहिलो संविधानसभा अवधिभर एमालेभित्रको प्रतिपक्ष निकै सशक्त थियो। कति सशक्त भने प्रधानसेनापति रुक्मांगद कटवाललाई बर्खास्त गर्ने माओवादी निर्णयमा पार्टी अध्यक्ष झलनाथ खनाल रहे पनि प्रतिपक्षी नेताहरू ओली र नेपालको विरोधका कारण उनी त्यसबाट पछि हट्न बाध्य भए। नेपाल प्रधानमन्त्री छँदा खनाल र खनाल प्रधानमन्त्री छँदा नेपाल-ओलीको प्रतिपक्षी भूमिकाका कारण खनाल-नेपाल दुवै जना प्रधानमन्त्रीबाट हट्न बाध्य भए। नेपाल पार्टी महासचिव रहँदा ओली प्रतिपक्षी भूमिकामा यति सशक्त थिए कि उनको सम्मतिबिना नेपाल

सम्भावित विपक्षी : नेता

नेपाली कांग्रेस

कृष्ण सिटौला

शेरबहादुर देउवासँग नेपाली कांग्रेसको सभापतिमा प्रतिस्पर्धा गरेका नेता हुन्, कृष्णप्रसाद सिटौला । रामचन्द्र पौडेलको सशक्त प्रतिपक्षीय भूमिका नदेखिँदा त्यो भूमिका सिटौलाले निर्वाह गर्न सक्थे । तर, मन्त्रिपरिषद्, पार्टी भ्रातृ संगठनका चुनावमा देउवासँग गठबन्धन गरेर सिटौलाले पनि प्रतिपक्षीय भूमिका निर्वाहको अवसर गुमाएका छन् ।

नेकपा एमाले

झलनाथ खनाल

संसदीय दलमा केपी ओलीसँग प्रतिस्पर्धा गरेका र नवौं महाधिवेशनमा माधव नेपाललाई सघाएका झलनाथ खनाल ओलीलाई चुनौती दिन सक्ने नेता हुन् । तर, खरो रूपमा उत्रनुको साटो मौन र सम्झौतावादी बन्न चाहने स्वभावका कारण उनी प्रतिपक्षीय भूमिका निर्वाह गर्ने अवसरबाट चुकेका छन् ।

माओवादी केन्द्र

वर्षमान पुन

नारायणकाजी श्रेष्ठ प्रभावकारी प्रतिपक्ष बन्न नसकेका र कृष्णबहादुर महराको प्रतिपक्षीय स्वभाव नभएको स्थितिमा प्रचण्डमाथि प्रभाव पार्न सक्ने नेता हुन्, वर्षमान पुन । अघिल्तिर नै उनी प्रचण्डको निर्णयमा असहमति जनाउने त गर्छन् । तर, प्रचण्डबाट निर्णय भइसकेपछि प्रतिवाद गर्नचाहिँ जरुरी ठान्दैनन् । त्यसैले उनी संस्थापन पक्षीय भएर नै खुसी छन् ।

र नियति

शशांक कोइराला

१३औं महाधिवेशनमा सभापतिमा पौडेल खेमाबाट महामन्त्री निर्वाचित भएका हुन् शशांक कोइराला । महामन्त्रीका हैसियतमा सभापतिले गरेका गलत कदमको विरोध र त्यसलाई रोक्न सक्ने भए पनि कतिपय मामिलामा पौडेलभन्दा देउवानिकट देखिन्छन् कोइराला । त्यसैले प्रतिपक्षीय भूमिका निर्वाह गर्न सकेका छैनन् ।

वामदेव गौतम

नवौं महाधिवेशनमा अध्यक्षमा ओलीलाई सघाए पनि नेताका गलत क्रियाकलापको खुलेर विरोध गर्न सक्ने नेता हुन् वामदेव गौतम । तर, एकपटक पार्टी वा सरकारको नेतृत्व गर्ने चाहनाका कारण उनी पनि निर्णायक रूपमा प्रस्तुत हुन सकिरहेका छैनन् । एकपटक पार्टी विभाजन गरेकाले पनि उनलाई ओलीविरुद्ध निर्णायक रूपमा प्रस्तुत हुन अप्ठ्यारो छ ।

जनार्दन शर्मा

सशस्त्र विद्रोहताका कुशल कमान्डर र ऊर्जामन्त्रीका रूपमा लोडसेडिङ हटाउन भूमिका निर्वाह गरेका कारण उनको लोकप्रियता र व्यक्तित्व उँचो भएको छ । प्रचण्डले उनका कुरा त सुन्छन् तर गलत निर्णय रोक्ने प्रयत्न गर्नुको साटो अनावश्यक रूपमा प्रचण्डसँग निकट हुने चाहनाका कारण प्रतिपक्षीय दायित्व निर्वाह गर्न सक्ने हैसियतमा छैनन् ।

कुनै निर्णय गर्न सक्दैनथे, गरिहाले पनि फिर्ता हुन बाध्य हुन्थे । खास गरी संगठनसम्बन्धी निर्णयमा ओलीले नेपाललाई हारावारा खेलाएका थिए ।

एमालेभित्र प्रतिपक्ष कमजोर हुँदै गएको ओलीको सत्तारोहणसँगै हो । नेपाल पक्षीय एक नेताका भनाइमा संविधान जारी भएपछिको ओलीको सत्तारोहण नै पार्टीभित्रको प्रतिपक्ष कमजोर हुनुको मुख्य कारण हो । दोस्रो संविधानसभा निर्वाचनपछि ओली पहिले संसदीय दलको नेता निर्वाचित भए । दोस्रो संविधानसभामा माओवादी पराजित भए पनि संघीयतासम्बन्धी पुरानो अडान छाडेको थिएन । संघीय प्रदेशसम्बन्धी विषयमा कांग्रेस-एमालेको मत मिल्थ्यो । यही कारण नेपाललगायतका नेताहरूले पार्टी नेतृत्वसँग मत बझाउने होइन, मिलेर संविधान निर्माण गर्ने नीति अख्तियार गरे । यसले गर्दा उनको प्रतिपक्षीय भूमिका कमजोर देखिन थाल्यो ।

पार्टी निकायहरूमा ओलीको तुलनामा नेपालको उपस्थिति कमजोर रहेकाले पनि नेपाल प्रभावहीन देखिएका हुन् । नेपाल वा खनाल नेतृत्वमा छँदा प्रतिपक्षी नेताका रूपमा ओली किन शक्तिशाली थिए भने पार्टी केन्द्रीय कमिटी, पोलिटब्युरोजस्ता निकायमा ओलीकै बहुमत हुन्थ्यो । नेतृत्वले गरेका निर्णय फिर्ता गराउन उनी त्यसै कारण सफल हुन्थे । यसविपरीत अध्यक्षको निर्वाचनमा ओलीकै हाराहारीमा मत पाए पनि केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी समितिमा नेपाल अल्पमतमा छन् । एक एमाले नेता भन्छन्, "केन्द्रीय निकायमा ओली बहुमतमा छन् । नेपालले चाहँदैमा निर्णय बदल्न नसक्ने भएकाले पनि उनी सशक्त प्रतिपक्षका रूपमा देखा नपरेका हुन् ।"

माओवादी केन्द्र : विपक्षीहीन संस्थापन पक्ष

तीन महिना पदावधि बाँकी रहेका सेनाप्रमुख रुक्मांगद कटवाललाई पदमुक्त गर्ने निर्णय होस् वा खिलराज रेग्मीको नेतृत्वमा सरकार बनाउने निर्णय, जयबहादुर चन्दलाई प्रहरी महानिरीक्षक बनाउने निर्णय होस् वा प्रधानन्यायाधीश सुशीला कार्कीमाथि महाभियोग लगाउने निर्णय- अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बाट भएका यी गल्तीलाई माओवादी केन्द्रभित्रका प्रतिपक्षी नेताहरूले रोक्न सकेनन् । पार्टी नेता मणि थापा पार्टीभित्र बलियो र नैतिकवान् विपक्ष नभएका कारण माओवादी नेतृत्वबाट लगातार गल्ती दोहोरिने गरेको बताउँछन् ।

बाबुराम भट्टराई, मोहन वैद्यलगायत शीर्ष नेताहरू छँदा एक हदसम्म भए पनि पार्टीभित्रको प्रतिपक्ष भुत्ते थिएन । तर, वैद्यले ०६९ मा पार्टी विभाजन गरे, संविधान जारी भएपछि भट्टराई पनि पार्टीबाट अलग भए । वैद्य र भट्टराईको बहिर्गमनपछि प्रचण्ड पार्टीभित्र झन् यस्तो सर्वेसर्वा बने, जसको निर्णय बदल्ने ल्याकत यतिबेला पार्टीका कुनै नेताले राख्दैनन् । थापाका भनाइमा, माओवादी केन्द्रमा अहिले प्रतिपक्ष नै छैन, केवल असन्तुष्टि मात्र छ, जो फेसबुक र ट्वीटरमा मात्र सीमित छ ।

शान्ति प्रक्रियामा आएपछि प्रचण्डबाट भएको सबैभन्दा ठूलो रणनीतिक गल्ती सेनाप्रमुख कटवाललाई बर्खास्त गर्ने निर्णय थियो । कटवालले तीन महिनापछि स्वतः अवकाश पाउँदै थिए । तर, वैद्य र भट्टराईले प्रचण्डलाई रोक्ने प्रयास गरेनन् । सांसद श्रेष्ठका भनाइमा, बरू वैद्य र भट्टराई दुवैको जोड कटवाललाई बर्खास्त गर्नुपर्छ भन्ने रह्यो ।

वैद्य र भट्टराईको बहिर्गमनपछि माओवादी केन्द्रभित्र प्रतिपक्ष झन् कमजोर भयो । वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ बेलाबेला प्रतिपक्षी भूमिकामा देखिन खोज्छन् । तर, प्रचण्डलाई रोक्न सक्ने ताकत उनीसँग पनि छैन । एक त सांगठनिक रूपमा उनी पार्टीभित्र कमजोर छन् । पार्टीमा दुईतिहाइभन्दा बढी नेता-कार्यकर्ता पूर्वमाओवादीका छन्, एकता केन्द्र-मसालबाट आएका श्रेष्ठ निकटहरूको संख्या एकतिहाइ पनि छैन । र अर्को, जतिसुकै विरोध गरे पनि सत्ता र शक्तिको अवसर आएपछि उनी प्रचण्डसँग साझेदारी गर्न तम्सिहाल्छन् ।

साझेदारीको प्रतिपक्ष

कांग्रेस नेता विश्वप्रकाश शर्माका भनाइमा विपक्षी भनिए पनि खासमा उनीहरू पार्टीभित्रका सत्तापक्ष नै हुन् किनभने संसदीय भाषामा विपक्षी दलको नेतालाई समेत सत्ताको एउटा अंग मानिएको हुन्छ । नेतृत्व असफल भयो भने पार्टी सत्ताको नेतृत्व गर्ने दायित्व पार्टीभित्रको प्रतिपक्षले पाउँछ । जस्तो : देउवा असफल भए भने नेतृत्वका प्रबल दाबेदार पौडेल नै हुन् । यस आधारमा शर्मा पार्टीभित्रको प्रतिपक्षलाई पनि 'वेटिङ इन गभर्मेन्ट' मान्छन् र यस्तो सम्भावना बोकेका नेताहरूबाट खरो विरोधको अपेक्षा गर्न नहुने बताउँछन् ।

संसदीय राजनीतिमा आजको विपक्ष भोलि जसरी सत्तामा पुग्छ, पार्टीको आन्तरिक राजनीतिमा पनि हुने त्यही हो । "भोलि आफू पनि त्यही ठाउँमा पुग्ने हो भने नेतृत्वका गल्तीको किन विरोध गर्ने भन्ने मानसिकता हामीले प्रतिपक्ष मानेर आशा गरेका नेताहरूमा रहेको बताउँछन् राजनीतिशास्त्री एवं विश्लेषक हरि शर्मा । पार्टीभित्रको प्रतिपक्षप्रति शर्मा ज्यादै निराश छन् । भन्छन्, "हाम्रो राजनीतिक प्रणाली यति भ्रष्ट बनिसक्यो कि पार्टी नेतृत्वका गल्तीविरुद्ध पार्टीभित्रको प्रतिपक्षले विरोध गरेर सच्याउला भन्ने आशा नगरे हुन्छ । यदि कसैले विरोध गर्छ भने गल्ती सच्याउन होइन, सत्ता-सुखसुविधाको साझेदारीका लागि हो भन्ने

बौद्धिक विपक्षको ताकत

विसं ०५१ को पहिलो मध्यावधि निर्वाचनमा त्रिशंकु संसद् बनेपछि नेपाली कांग्रेसभित्रको प्रतिपक्ष कमजोर बन्न थालेको हो । किनभने, त्रिशंकु संसद्का कारण सरकार बन्ने/बनाउने खेलमा पार्टीभित्रका गुट-उपगुट निर्णायक हुन पुगे। राजनीतिशास्त्री हरि शर्मा भन्छन्, "सत्तामा पुग्न नेतृत्वका गलत क्रियाकलापको विरोध गर्ने प्रवृत्ति हराउँदै जान थाल्यो ।"

पहिलो मध्यावधि निर्वाचनपछि पार्टीहरूभित्र प्रतिपक्षीय भूमिका क्रमशः कमजोर हुँदै गए पनि बौद्धिक प्रतिपक्षचाहिँ बेलाबेला निकै प्रभावी देखिने गरेको छ । पार्टीको संस्थापनलाई संविधानसभा र गणतन्त्रको निर्णयमा पुऱ्याउन कांग्रेसमा नरहरि आचार्य, प्रदीप गिरी, गगन थापालगायतको बौद्धिक प्रतिपक्षले निर्णायक भूमिका खेलेको थियो भने एमालेमा शंकर पोखरेललगायतको समूहले।

सांगठनिक रूपमा कमजोर भए पनि बाबुराम भट्टराईले बौद्धिक प्रतिपक्षका रूपमा नेतृत्वलाई सही बाटोमा हिँडाउने भूमिका निर्वाह गरे । संसद्वादी-माओवादी-दरबारबीचको त्रिपक्षीय संघर्षमा माओवादी नेतृत्व संसद्वादीसँग होइन, दरबारसँग मिलेर जान चाहन्थ्यो । भट्टराई नै हुन्, जसले दरबारसँग होइन, संसद्वादी शक्तिहरूसँग सहकार्य गरी राजतन्त्रविरुद्ध संघर्ष गर्नुपर्ने धारणा राखे । र, नेतृत्वलाई यसमा सहमत पनि गराए । तर, पछिल्लो समय पार्टीहरूभित्र यस्तो बौद्धिक प्रतिपक्ष प्रभावी देखिन्न । सांसद तथा विश्लेषक श्याम श्रेष्ठका भनाइमा, यस्तो बौद्धिक प्रतिपक्षको भूमिका अचेल मिडिया, नागरिक समूहलगायतले निर्वाह गर्न थालेका छन्। जस्तो : लोकमानसिंह कार्की, आईजीपी नियुक्ति र प्रधानन्यायाधीशविरुद्धको महाभियोग प्रकरणमा मिडिया र नागरिक समाजले सशक्त प्रतिवाद गरेको थियो ।

बाबुराम भट्टराई

नरहरि आचार्य

शंकर पोखरेल

बुझ्ने हुन्छ।"

पार्टी/सत्ताको महत्त्वपूर्ण अवसर बाँडफाँट हुने जब बेला आउँछ, त्यसबेला हुने सौदाबाजी हेर्ने हो भने राजनीतिशास्त्री शर्माले भनेजस्तै नेतृत्वबाट भएका गलत निर्णयविरुद्ध यदाकदा प्रतिपक्षी नेताले गर्ने विरोध देखावटी हो भन्ने पुष्टि हुन्छ। अध्यक्ष प्रचण्डले गलत निर्णय गर्दा फेसबुक र ट्वीटरमा असन्तुष्टि सार्वजनिक गर्ने वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ हुन् वा मञ्च पाएका बेला देउवाका गलत निर्णयविरुद्ध कुर्लने रामचन्द्र पौडेल, मन्त्रिपरिषद् विस्तारको अवसर आउँदा आफ्नो गुटका नेतालाई भाग दिलाउन मजैले सक्रिय हुन्छन्। ११ साउनको मन्त्रिपरिषद् विस्तारमा पनि उनीहरू आफ्नो गुटका आकांक्षीलाई पार्न सफल भएका छन्।

निर्णय जतिसुकै गलत होस्, सच्याउने हदसम्मको विरोध नगर्नु वा गरिहाले पनि नेतृत्व गलत निर्णयबाट पछि हट्न नचाहनुको खास कारण प्रतिपक्षी नेताहरूले गर्ने यस्तै सौदाबाजी हो। यस्तो सौदाबाजी पार्टीका विभाग र राजदूत पदहरूमा समेत हुन्छ। खोजेको भाग दिएपछि कथित असहमति, विरोध र असन्तुष्टि साम्य हुन्छन् भन्ने कुरा देउवा, ओली र प्रचण्डले राम्रैसँग बुझेका छन्। खासमा प्रतिपक्षमा नैतिक बलको अभाव हुँदा नेतृत्वलाई फुक्काफाल निर्णय गर्न सहज भएको छ । किनभने, कुनै पनि पार्टीभित्र त्यस्तो प्रतिपक्ष छैन, जोसँग नेतृत्वले गरेका गल्ती सच्याउन दबाब दिन सक्ने नैतिक ताकत होस् ।

आज प्रतिपक्षी भनिएकाहरू हिजो पार्टी सत्तामा रहनु उनीहरूले नेतृत्वलाई नत्थी लगाउन नसक्नुको अर्को कारण हो । जस्तो : जतिबेला कोइराला पक्षलाई कांग्रेसको संस्थापन मानिन्थ्यो, पौडेल त्यही समूहका हर्ताकर्ता नेता थिए । माधव नेपाल पनि एमालेको पार्टी-सत्तामा १५ वर्ष निरन्तर रहे भने खनाल झन्डै १२ वर्ष। माओवादीसँग एकता गर्नुअघि श्रेष्ठ पनि १० वर्षभन्दा लामो समय तत्कालीन एकता केन्द्रका 'सुप्रिमो' थिए । उनी माओवादीसँग एकता भएपछि प्रचण्डको दाहिना बने ।

एकातिर सत्तालोलुपता र पदको लोभले स्वयं प्रतिपक्षलाई नैतिक रूपमा कमजोर बनाएको छ भने अर्कोतिर नेतृत्वले पनि प्रतिपक्षलाई कमजोर पार्न शक्ति प्रयोग गरिरहेको छ, गर्छ । यस्तो कलामा देउवा, प्रचण्ड र ओली तीनै जना माहिर छन् । विरोधीलाई कमजोर बनाउन उनीहरू सके पद दिन्छन्, नसके आश्वासन । १३औं महाधिवेशनको पूर्वसन्ध्यामा यस्तै हर्कत गरेर देउवा बलियो बने, पौडेल समूह यही कारण कमजोर हुँदै गयो । प्रचण्डले पनि यही तरिका अवलम्बन गरेर भट्टराई, वैद्य समूहलाई कमजोर पारे । हिजो नेपालले पनि यस्तै गरेका थिए, त्यही काम अहिले ओलीले गरिरहेका छन्। राजनीतिशास्त्री शर्मा प्रश्न गर्छन्, "अहिलेको विपक्ष हिजोको सत्तापक्ष हो । हिजो आफू शक्तिमा हुँदा गल्ती गर्नेले अहिले त्यस्तै गल्तीको विरोध कसरी गर्न सक्छ ?" ◆

KMG
KANTIPUR MEDIA GROUP

Radio
Kantipur
रेडियो राष्ट्रको

We are Radio Kantipur, Radio Rastrako

Transforming ourselves to flourish the bond connected from heart to heart. We have become the change to embellish every new relationship. Now, we'd like to strengthen our bond, embracing the changing time and circumstances.

हायात रिजेन्सी होटल, बौद्ध

स्वामित्व : तारा गाउँ विकास समिति
सम्पत्ति : जग्गा (१ सय ४८ रोपनी)
भाडा : वार्षिक ३३ लाख रुपियाँ

कौडीको मूल्यमा सरकारी सम्पत्ति

लिजका नाममा सरकारी स्वामित्वका जग्गा र सम्पत्ति सस्तोमा हत्याउने प्रवृत्ति

मनबहादुर बस्नेत

करिब तीन वर्ष पहिले अर्थात् ५ फागुन ०७० का दिन काठमाडौंका धनाढ्य व्यापारी, उद्योगीहरूमाझ साँच्चै असामान्य माहोल बन्यो । त्यस दिन भारतबाट उडेका १५ वटा निजी विमान काठमाडौँमा अवतरण भइसकेका थिए । केही विमान भोलिपल्ट उत्रँदै थिए । यसरी निजी विमानमा आएकाहरू सोझै काठमाडौँको उत्तरतिर अवस्थित बौद्धको हायात रिजेन्सी होटलमा पुगेर रोकिए । यो त्यही होटल हो, जहाँ भोलिपल्ट अर्थात् ६ फागुनमा एउटा भव्य विवाह समारोह हुँदै थियो । विवाह समारोहमा सहभागी हुन छिमेकी मुलुकका राजनीतिज्ञदेखि प्रतिष्ठित व्यापारीसम्म निम्त्याइएका थिए । राजनीतिज्ञ नितिशकुमारदेखि भारतीय मूलका बेलायती उद्योगपति लक्ष्मी मित्तल, धनाढ्यहरू मुकेश अम्बानी र अनिल अग्रवालसमेत उपस्थित थिए । नेपालका राजनीतिज्ञ र उद्योगी त झन् छुट्ने कुरै भएन । नेपाल र भारतका हाइप्रोफाइल उद्योगी तथा राजनीतिज्ञलाई भेला पार्ने यो विवाह थियो, हायात होटलका मालिकसमेत रहेका अरुण सर्राफकी छोरी नतिशाको ।

रोचक त के भने यति प्रभावशाली व्यक्तिहरूको जमघट गराउने वैवाहिक समारोहस्थलचाहिँ यस्तो थियो, जसलाई राजनीतिज्ञ र कर्मचारीसँगको मिलेमतोमा कौडीको दाममा हात पारिएको थियो । प्रसंग हो, हायात होटलले चर्चेको सरकारी जग्गाको ।

यो होटलको बाहिरि रूप जति वैभवशाली छ, भित्री पाटो भने उत्तिकै विवादास्पद । नेपाल सरकारको समेत सेयर लगानी रहेको यो होटलको कथा सुरु हुन्छ, २५ वर्षअघिबाट । निजी-सरकारी साझेदारीमा अन्तर्राष्ट्रिय स्तरको भव्य होटल बनाउने योजना बन्यो । अनि, ५ भदौ ०४९ मा मन्त्रिपरिषद् बैठकले बौद्धको तारा गाउँ विकास समितिका नाममा रहेको जग्गामा होटल बनाउने निर्णय गऱ्यो । त्यस अनुसार समितिको ३ सय ४ रोपनीमध्ये १ सय ५० रोपनी जग्गा होटलको सेयर स्वामित्वमा परिणत हुने सर्तमा लगानी गर्ने र बाँकी जग्गा लिजमा दिने उल्लेख थियो । यही बीचमा ६ रोपनी जग्गा खानेपानी संस्थानलाई दियो, समितिले । बाँकी रहेको १ सय ४८ रोपनी जग्गाचाहिँ ०५१ मा होटल र समितिबीच ४९ वर्षका लागि लिजमा लिने-दिने सम्झौता भयो ।

पर्यटकीय केन्द्र बनाउने सर्तमा जग्गा लिजमा दिइएको थियो, जहाँ विभिन्न जातजातिको

तस्बिरहरू : भास्वर ओझा

संस्कृति झल्कने 'मिनी नेपाल' बनाउने लक्ष्य थियो। तर, त्यो बनेन। बरू, उल्टै १ सय ४८ रोपनी जग्गा चर्चेको होटलले त्यसबापत वार्षिक ३३ लाख रुपियाँ मात्रै बुझाउँछ समितिलाई। अझ गजब त के भने लिज सम्झौतामा सुरुका १० वर्ष प्रतिरोपनी वार्षिक १० हजार रुपियाँ भुक्तानी गर्ने उल्लेख छ। यस हिसाबले ०६१ सम्मको १० वर्ष अवधिमा होटलले जम्मा डेढ करोड रुपियाँ मात्र भाडा तिर्‍यो। त्यसपछि भने बर्सेनि १० प्रतिशत बढाएर तिर्ने सम्झौता छ। समितिका अनुसार अहिले होटलले वार्षिक करिब ३३ लाख रुपियाँ भाडा तिर्छ। लिज सम्झौता ०९१ सम्म कायम हुनेछ। अर्थात्, अझै १७ वर्ष होटलले सस्तोमा सरकारी जग्गा उपभोग गर्नेछ। "यो कौडीको मूल्य हो," समितिका अध्यक्ष नारदकुमार लुइँटेल भन्छन्।

सरकारी-निजी साझेदारीमा पर्यटन विकास केन्द्र बनाउने लिज सम्झौता थियो, जसमा तारा गाउँ विकास समिति, सर्राफ समूह र आईसीटीसी नेपालबीच सम्झौता भएको थियो। समितिकी तत्कालीन अध्यक्ष अंगुरबाबा जोशी, सर्राफ समूहका राधेश्याम सर्राफ र आईसीटीसीका दिनेशलाल श्रेष्ठले सम्झौतामा हस्ताक्षर गरेका थिए। सम्झौतामा होटलले प्रतिरोपनी १० लाख रुपियाँका दरले उक्त जग्गा किन्न पाउने प्रावधान पनि राखियो। जबकि, मन्त्रिपरिषद्ले गरेको निर्णयमा भने यस्तो केही उल्लेख छैन।

स्मरणीय छ, सुरुमा होटलमा समितिको ४० प्रतिशत सेयर थियो, जुन अहिले खुम्चिएर नौ प्रतिशतमा झरेको छ। सरकारी जग्गा होटलले एकलौटी पार्ने गरी सम्झौता भएको र आफ्नो सेयर स्वामित्व समेत घट्दै गएपछि समितिले आन्तरिक छानबिन गर्‍यो, ०७३ को सुरुमा। तर, होटलले कागजात दिन मानेन। त्यसपछि समितिले उद्योग विभाग, कम्पनी रजिस्ट्रार कार्यालय, राष्ट्र बैंकबाट कागजातहरू भेला पारेर अध्ययन गर्दा ठूलो घोटाला भएको निष्कर्ष निकाल्यो र त्यही आधारमा प्रतिवेदन तयार गरी तालुकवाला संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा बुझायो।

०७३ असोजमा सरकारले समितिका अध्यक्ष लुइँटेलको संयोजकत्वमा मन्त्रालयका उपसचिव टीकाराम पाण्डे र विज्ञ पियुष आनन्दसहितको छानबिन समिति बनायो। यो समितिलाई समेत होटलले छानबिनमा सहयोग गरेन। "धेरैपटक कागजात उपलब्ध गराउन पत्र काट्यौं तर टेरेन," लुइँटेल भन्छन्, "त्यसपछि हामीले पुनः आफ्नै स्रोतबाट जुटाएका प्रमाणका आधारमा रिपोर्ट तयार गर्‍यौं। आफैं सेयरधनी भएको कम्पनीमा हाम्रो हैसियत कस्तो अवस्थामा पुगेछ, बल्ल चाल पायौं।"

यी दुवै प्रतिवेदनमा सरकारी जग्गा सस्तोमा लिजमा दिएकाले त्यसलाई फिर्ता गर्नुपर्ने सुझाव दिइएको छ। प्रतिवेदन गत मंसिरमै मन्त्रालयमा बुझाइएको थियो। तर, झन्डै वर्ष दिन बित्न लाग्दा पनि सित्तैंसरह उपभोग भइरहेको आफ्नो जग्गा फिर्ता लिन वा चलनचल्तीको मूल्यमा भाडा बढाउन सरकारले आँट गरेको छैन।

गोकर्ण फरेस्ट रिसोर्ट, गोकर्ण

स्वामित्व : नेपाल ट्रस्ट
सम्पत्ति : जग्गा (३ हजार ९ सय ७१ रोपनी), एक सय कोठाको रिसोर्ट भवन, गल्फ कोर्स र अन्य पूर्वाधार
भाडा : वार्षिक २ करोड ४० लाख रुपियाँ

सामान्यतः व्यवसायीले सरकारी जग्गा ताक्छन्। किनभने, त्यहाँ मिलेमतोमा थोरै भाडा तिरेर अत्यधिक मुनाफा कमाउन पाइन्छ। पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्, "यस्तोमा पैसा हाल्नेलाई फाइदा हुन्छ, सरकारले चाहिं सोचेजति फाइदा लिन सक्दैन।" यस्तो किन पनि हुन्छ भने लिजमा लिन ठूलो मात्रामा लगानीको आवश्यकता पर्छ। ठूला लगानीकर्ताको पहुँच राजनीति, प्रशासनसम्म हुन्छ।

कतिसम्म भने चन्द्रागिरि हिल्स लिमिटेडलाई सरकारले ७ सय ९ रोपनी जग्गा बर्सेनि २ लाख ५२ हजार रुपियाँ राजस्व तिर्ने गरी ४० वर्षका लागि लिजमा दिएको छ। तत्कालीन वनमन्त्री दीपक बोहराले ०६७ मा यो निर्णय मन्त्रिपरिषद्बाट पास गराएका थिए। सामुदायिक वन भए पनि यसलाई कबुलियत वनमा रूपान्तरण गरी सरकारले यस्तो निर्णय गरेको थियो। सामुदायिक वन उपभोक्ता महासंघकी महासचिव भारती पाठक व्यक्तिलाई लाभ हुने गरी सरकारी सम्पत्तिको दोहन गरिएको बताउँछिन्। भन्छिन्, "एकातिर सस्तोमा दिएको छ। अर्कोतिर लिजका नाममा सरकारी जंगल र जग्गा सखाप पार्ने दाउ गरिंदैछ।"

काठमाडौं बिजनेस पार्क, टेकु
स्वामित्व : नेपाल ट्रस्ट
सम्पत्ति : जग्गा (१९ रोपनी १२ आना), भवन र अन्य पूर्वाधार
भाडा : वार्षिक ४० लाख रुपियाँ

वर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वर
स्वामित्व : त्रिभुवन विश्वविद्यालय
सम्पत्ति : जग्गा (७ रोपनी)
भाडा : वार्षिक ६० लाख रुपियाँ

काठमाडौं प्ला
स्वामित्व : ने
सम्पत्ति : जग्गा (५ रोपनी २
पार्किङ र अ
भाडा : वार्षिक ७५

सस्तोमा ट्रस्टको लिज

हायातदेखि करिब पाँच किलोमिटर उत्तरतिर बढेपछि लोभलाग्दो घना जंगल आउँछ। ३ हजार ९ सय ७१ रोपनी क्षेत्रफलको यही जंगलमा फैलिएको छ, गोकर्ण फरेस्ट रिसोर्ट। यो झन्डै एउटा गाउँकै क्षेत्रफल बराबर हुन आउँछ। यहाँ अन्तर्राष्ट्रिय स्तरको गल्फ कोर्स (१८ होल) र रिसोर्ट सञ्चालनमा छ। नेपाल ट्रस्टको स्वामित्वमा रहेको यसको जग्गा, भवन-पूर्वाधार र गल्फ कोर्ससमेत ३० वर्षका लागि लिजमा दिइएको छ।

लोकतन्त्रको स्थापनाअघि राजपरिवारका नाममा रहेको यो सम्पत्ति ०६२/६३ पछि नेपाल ट्रस्टको स्वामित्वमा आएको हो। राजपरिवारले नै यो सम्पत्ति होटललाई लिजमा दिएकाले सुरुको सम्झौता के थियो भन्ने खुल्न सकेको छैन। ट्रस्टका नाममा आएपछि भने नयाँ सम्झौता भएको थियो। जस अनुरूप एक सय कोठाको यो चल्तीको रिसोर्टले अहिले वार्षिक झन्डै २ करोड ४० लाख रुपियाँ मात्रै तिर्छ, ट्रस्टलाई। लिजको अन्तिम पाँच वर्ष भने उसले वार्षिक २ करोड ६० लाख रुपियाँ बुझाए पुग्छ। अब लिज अवधि करिब आठ बर्ष बाँकी रहेको छ।

यस रिसोर्टको कुनै पनि संरचना हाल यसलाई लिजमा लिने व्यवसायी आङ छिरिङ शेर्पाले बनाएका होइनन्। पूर्ण रूपले बनिबनाउ संरचना लिजमा प्राप्त गरेका हुन् उनले। राजनीतिक शक्ति खास गरी पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीसँग नजिक रहेका शेर्पाले त्यही शक्ति प्रयोग गरी यो सरकारी सम्पत्ति हत्याएका हुन्। स्मरण रहोस्, शेर्पा यती एयरलाइन्स, तारा एयर, हिमालय एयरलाइन्स, एयर डाइनेस्टी, एसियन ट्रेकिङ, थामसेर्कु ट्रेकिङलगायतका अरू थुप्रै ट्राभल कम्पनी, होटल र रिसोर्टका मालिक हुन्। प्रधानमन्त्री हुँदा ओलीको चीन भ्रमण राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सबाट हुन नदिई आफ्नो हिमालय एयरलाइन्सको परीक्षण उडानबाट गराएका थिए शेर्पाले।

नेपाल ट्रस्टले काठमाडौंका थप तीन स्थानमा आफ्नो सम्पत्ति लिजमा लगाएको छ। कमलादी, लाजिम्पाट र टेकुमा ट्रस्टले लिजमा दिएको छ। यी तीनवटै ठाउँ राजधानीका 'क्रिम' क्षेत्र हुन्। यी क्षेत्रमा जग्गाको मूल्य न्यूनतम प्रतिआना एक करोड रुपियाँ छ।

कमलादीको काठमाडौं प्लाजा, जो ५ रोपनी २ पैसा क्षेत्रफलको सम्पत्ति कन्सेप्ट डेभलपर्सले ०५० देखि ०७७ सम्म २७ वर्षका लागि लिजमा लिएको छ। तर, यसबापत ट्रस्टलाई वार्षिक ७५ लाख रुपियाँ मात्र आम्दानी हुन्छ। राजधानीको मुटुमा रहेको यस प्लाजामा बैंक एवं वित्तीय संस्थाका कार्यालय छन्। त्यस्तै, लाजिम्पाटमा ६ रोपनी १३ आनामा रहेको भवनसहितको सम्पत्ति स्ट्यान्डर्ड चार्टर्ड बैंकले लिजमा लिएको छ। बैंकले अहिले वार्षिक करिब ९४ लाख रुपियाँ मात्र तिर्छ। १५ वर्ष अवधिको लिज सम्झौता ०७८ मा सकिन्छ।

ट्रस्टले कमलादी र लाजिम्पाटको भन्दा टेकु (नेसनल ट्रेडिङअगाडि)को जग्गा निकै सस्तोमा दिएको छ। १९ रोपनी १२ आना जग्गामा बनेको आधुनिक व्यापारिक कम्प्लेक्ससहितको

जताततै लिज

काठमाडौं उपत्यकालगायत सहरी क्षेत्रमा सरकारी संस्थाहरूको स्वामित्वमा रहेका अधिकांश जग्गा निजी क्षेत्रलाई व्यापारिक प्रयोजनका लागि लिजमा दिने प्रचलन बढिरहेको छ। सरकारी संस्थान, विश्वविद्यालयदेखि स्थानीय निकायसम्मले आफ्ना जग्गा लिजमा लगाएका छन्। काठमाडौं महानगरपालिकाले एक वर्षअघिदेखि नै बागबजारको पुरानो बसपार्कमा रहेको २३ रोपनी ५ आना २ पैसा जग्गा २९ तले भ्यू टावर बनाउन लिजमा दिइसकेको छ। जलेश्वर स्वच्छन्द विकोइ बिल्डर्सले टावर बनाइरहेको छ। ३० वर्ष लिजमा तीन वर्षभित्र निर्माण सकिएपछि महानगरपालिकाले वार्षिक २ करोड ७० लाख रुपियाँ पाउँछ।

राजधानीको केन्द्रमा रहेका यस्ता सरकारी जग्गा खाली रहन नपाउने अवस्था सिर्जना हुँदैछ। खाद्य संस्थानले थापाथलीमा रहेको ११ रोपनी १५ आना जग्गा कञ्चनजंघा हाउजिङलाई लिजमा दिएको छ। यो जग्गा ३० वर्षका लागि दिइएको हो, जसबापत संस्थानले मासिक १५ लाख ८७ हजार रुपियाँ आम्दानी गर्छ। हाउजिङले ट्रेड टावर नामक व्यापारिक भवन सञ्चालन गरिरहेको छ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको आंगिक कलेज पाटन संयुक्त क्याम्पसले ललितपुरको पुल्चोकमा रहेको १० रोपनी ९ आना जग्गा पनि लिजमा दिएको छ। ३ चैत ०५७ देखि विशालबजार कम्पनीलाई ३० वर्ष लिजमा

जा, कमलादी

पाल ट्रस्ट

आना), बिजनेस कम्प्लेक्स,

न्य पूर्वाधार

लाख रुपियाँ

चन्द्रागिरि हिल्स लिमिटेड, थानकोट

स्वामित्व : जिल्ला वन कार्यालय, काठमाडौं

सम्पत्ति : जग्गा (७ सय ९ रोपनी)

भाडा : वार्षिक २ लाख ५२ हजार रुपियाँ

स्ट्यान्डर्ड चार्टर्ड बैंक, लाजिम्पाट

स्वामित्व : नेपाल ट्रस्ट

सम्पत्ति : जग्गा (६ रोपनी १३ आना), भवन र अन्य पूर्वाधार

भाडा : वार्षिक ९४ लाख रुपियाँ

सम्पत्तिबाट ट्रस्टले वार्षिक ४० लाख रुपियाँ मात्र पाउँछ । टाउन डेभलपर्स नामको कम्पनीले यो जग्गा ३० वर्षका लागि लिजमा लिएको हो । ०७८ सम्म ४० लाख रुपियाँ पाउने ट्रस्टले ०७९ देखि ०८३ सम्म भने ५० लाख रुपियाँ पाउनेछ । टाउन डेभलपर्सले त्यसलाई काठमाडौं विजनेस पार्कको नामकरण गरेर यो जग्गा उपयोग गरिरहेको छ ।

ट्रस्टको वेबसाइटमै टेकुमा आधुनिक भवन बनाई पूर्ण व्यापारिक प्रयोजनमा लगाएको उल्लेख भए पनि ट्रस्टलाई आम्दानी भने न्यून छ । आम्दानी निर्धारणबारे ट्रस्टका प्रवक्ता अशोककुमार भट्टराई अनभिज्ञता प्रकट गर्छन् । पुरानो सम्झौता दरबारसँग भएकाले लिज दर निर्धारण गर्न कठिनाइ भएको हुन सक्ने उनको भनाइ छ । भन्छन्, "म पनि नयाँ हो । पहिले के भएको थियो, थाहा छैन ।" यी तीनवटै क्षेत्रको लिज ट्रस्टले संरचना निर्माणसहित दिएको होइन । खडा भइसकेका संरचनालाई भाडामा लगाएको मात्र हो ।

त्रिवि पनि के कम !

त्रिभुवन विश्वविद्यालय र यस अन्तर्गतका आंगिक क्याम्पसले समेत 'क्रिम' स्थानमा रहेका जग्गा लिजमा दिएका छन् । विश्वविद्यालयले त्रिपुरेश्वरमा पहिले जनप्रशासन क्याम्पस रहेको करिब सात रोपनी जग्गा लिजमा दिएको छ, जहाँ युनाइटेड वर्ल्ड ट्रेड सेन्टर नामको व्यापारिक मल सञ्चालनमा छ । ३० वर्षमा १८ करोड रुपियाँ तिर्ने सर्तमा यो जग्गा त्यस सेन्टरलाई दिइएको हो । यो, निर्माण व्यवसायी शकुन्तलाल हिराचनको कम्पनी हो । सस्तोमा दिएको भन्दै यसबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनमा समेत छ, यो जग्गा । विश्वविद्यालयका पदाधिकारीले भ्रष्टाचार गरेको आरोपमा तीन वर्षअघि विश्वविद्यालयमा छापा मारेर अख्तियारले फाइल तानेको थियो । अन्य फाइल फिर्ता गरे पनि लिज सम्झौताको फाइल भने अझै अनुसन्धानमै छ ।

आर्थिक अनियमितता बढेको भन्दै असार ०६७ मा माधवकुमार नेपाल नेतृत्वको सरकारले सरकारी र सार्वजनिक जग्गा लिजमा दिन बन्देज गरेको थियो । ०७१ मा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति आएपछि यस्तो बन्देज हट्यो । कार्यविधिले ५, २० र ३० वर्षको अवधिलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लिज अवधि मानेको छ । यो कार्यविधिले झनै सरकारी जग्गाको दुरुपयोग बढ्ने भन्दै सर्वोच्च अदालतमा रिटसमेत परेको थियो । अधिवक्ता सल्लु तिवारीले हालेको उक्त रिट कल्याण श्रेष्ठ र ओमप्रकाश मिश्रको इजलासले खारेज गरिदिए पनि लिजमा दिँदा हुने अनियमितता र गैरकानुनी कार्यको सुनुवाइ गर्ने संयन्त्र बनाउन सरकारलाई निर्देशनात्मक आदेश दिएको थियो । तर, त्यस्तो संयन्त्र भने बनेको छैन । फलतः सरकारी जग्गा र सम्पत्ति कौडीको भाउमा भाडामा लागिरहेका छन् । "लामो समयका लागि भाडामा दिएका जग्गाबाट सरकारले लिनुपर्ने जति लाभ लिन सकेको छैन, यो नीतिगत भ्रष्टाचार हो," पूर्वअर्थसचिव खनाल भन्छन्, "सरकार दुब्लाउने र व्यवसायी मोटाउने हुनु हुँदैन । यसलाई नरोकी राज्यको ढुकुटी भरिलो हुँदैन ।" ◆

दिइएको हो । उक्त अवधिमा क्याम्पसले १४ करोड ५९ लाख ८३ हजार रुपियाँ पाउने गरी सम्झौता भएको थियो । तर, सम्झौता अनुसार काम हुन नसकेपछि सम्झौता भंग भएको थियो । त्यसपछि पुनः अर्को पक्षसँग क्याम्पसले लिज सम्झौता गऱ्यो, १० चैत ०७२ मा । १६ करोड ८ लाख १४ हजार रुपियाँमा क्याम्पसले २३ वर्षका लागि लिज सम्झौता गरेको हो ।

अझै थुप्रै सरकारी जग्गासमेत लिजको प्रक्रियामा छन् । नेपाल ट्रस्टको कार्यालयले हाल आफू बसिरहेको दरबारमार्गस्थित दुई रोपनी जग्गासमेत लिजमा दिइसकेको छ । ट्रस्टले थामसेर्कु ट्रेकिङ, जो आङ छिरिङ शेर्पाकै कम्पनी हो, लाई व्यापारिक कम्प्लेक्स बनाउन ३० वर्षका लागि १ अर्ब ४० करोड रुपियाँमा लिजमा दिएको छ । त्यस्तै कमलादीको १२ आना, कालीमाटीको चार रोपनी जग्गासमेत लिजमा दिने तयारी भइरहेको छ ।

घना बस्ती बढेसँगै सहरी क्षेत्रमा खाली जग्गा नरहँदा विपत्का बेला जोगिने ठाउँको अभाव चर्को छ । फाट्टफुट्ट भएका खाली जग्गासमेत व्यापारिक प्रयोजनमा लिजमा दिने चलनले आश्रय स्थल नै नहुने भन्दै तीन महिनाअघि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले यस्तो कार्य रोक्न सरकारलाई निर्देशन दिएको थियो । नेपालमा सरकारी स्वामित्वमा रहेको कति जग्गा निजी क्षेत्रलाई लिजमा दिइएको छ भन्ने आधिकारिक आँकडा छैन । तर, व्यापारिक क्षेत्रमा यस्तो क्रम बढिरहेको छ ।

लेखकको रुवावासी

मदन र पद्मश्री पुरस्कारको मनोनयनमा अन्तहीन विवाद

राजकुमार बानियाँ

'दु:ख नमान मेरा प्रिय साथी हो, म ३४ वर्षदेखि काठमाडौँमा गाई चराएर बसेको छैन । मलाई सब थाहा छ ।'

२५ असारमा मदन पुरस्कारको 'श्रेष्ठ सूची' निस्केपछि कवि नवराज लम्साल *फेसबुक*मा एकाएक झोक्किए । कतिले उनको आवेगमा फूलमाला पहिर्‍याए, कतिले सम्हालिन सम्झाए । त्यसको कारण के भने मदन पुरस्कार गुठीमा पुरस्कारका लागि दर्ता भएका १ सय ९५ पुस्तकमध्ये 'श्रेष्ठ नौ पुस्तक-०७३' मा लम्सालको महाकाव्य *धरा* थिएन ।

साहित्यकै भूतपूर्व विधा बन्न लागेको महाकाव्यमा जमिसकेका लम्सालको *धरा* ६ साउनमा सार्वजनिक पद्मश्री साहित्य पुरस्कारको 'पाँच उत्कृष्ट पुस्तक'मा समेत दरिएन । उनले फेरि लाक्षणिक रूपमा लेखे, 'केही भन्नु छैन । केवल हेरिरहेछु ... हर हर्कत ... ।'

लामो इतिहास बोकेको मदन पुरस्कार र इतिहास छोटो भए पनि उचाइ लिइरहेको पद्मश्री साहित्य पुरस्कारको मनोनयन सूचीलाई आधार मान्ने हो भने गत वर्षका उत्कृष्ट पुस्तक जम्मा १२ वटा हुन आउँछन् । राज सरगमको उपन्यास छाउघर र नवराज पराजुलीको कवितासंग्रह *सगरमाथाको गहिराइ* दुवै पुरस्कारको सूचीमा छन् ।

दुवै सूचीमा नपरेको *धरा*का साथै शारदा शर्माको उपन्यास *कम्प*, सौरभको गैरआख्यान *असंगति*, टंक चौलागाईंको उपन्यास *टालाटुली*, जीवा लामिछानेको नियात्रा *सरसर्ती संसार*, गनेस पौडेलको उपन्यास *पैताला*, हरिमाया भेटवालको उपन्यास *कल्ली*, उमा सुवेदीको उपन्यास *इति* आदिलाई 'सहिदको कोटा'मा राखिएको छ सामाजिक सञ्जालमा । ती पुस्तक सूचीबाहिर पर्नुको रहस्य खोज्नेमा लेखक-प्रकाशक मात्र नभएर पाठकसमेत मनग्गे छन् ।

पुरस्कारदातालाई सरस्वती तिमिल्सिनाले *फेसबुक*मै व्यंग्यवाण हानेकी छन् यसरी :

'सीता : *धरा* अञ्जुलीमा किन अटाएन बूढा ?

सीतापति : अञ्जुलीमा त साना, झीना, मसिना पो अटाउँछन् त । *धरा* त सिंगै पृथ्वी, कुवामा अघाउनेलाई समुद्रको रहस्य के थाहा प्यारी ?'

मदन र पद्मश्रीलाई किन मानक बनाइएको छ भने दुवैको राशि दुई लाख रुपियाँ छ । दुवैको मनोनयन सूची, पुरस्कार घोषणा र वितरण लगभग एकै समय हुन्छ । पुरस्कार छनोट समिति 'गोप्य' राख्छन् । अलिकति फरक- मदन पुरस्कार निवेदन दिनेले मात्र पाउँछ भने पद्मश्रीका लागि निवेदन हालिरहनु पर्दैन । यस वर्ष बजारबाट सोझै २ सय २ वटा पुस्तक संकलन गरेर

पद्मश्रीका उत्कृष्ट पाँच पुस्तक



कहर
जनकराज सापकोटा

घाटमान्डु
कुमार नगरकोटी

सगरमाथाको गहिराइ
नवराज पराजुली

छाउघर
राज सरगम



रोल्पा सुइना
नवीन विभास

मदन पुरस्कारको श्रेष्ठ सूची

गुहा, गुहालेख, गुहाचित्र एवं अन्य सम्पदा
पुरुषोत्तमलोचन श्रेष्ठ

छाउघर
राज सरगम

तपन
शरद पौडेल

दोहाको सीधा उडान
जय छाङ्छा

धृतराष्ट्र
घनश्याम कँडेल

प्रतिनायक
हरि अधिकारी

म स्त्री अर्थात् आइमाई
सीमा आभास

शुक्रराज शास्त्रीको चस्मा
राजेन्द्र पराजुली

सगरमाथाको गहिराइ
नवराज पराजुली

'विभिन्न व्यक्तिहरूको सल्लाहमा' मनोनयन गरेको खेमलाल हरिकला समाज कल्याण प्रतिष्ठानका पूर्वअध्यक्ष राम लामिछानेको भनाइ छ ।

यी दुवै पुरस्कार गैरसरकारी क्षेत्रका हुन् । विडम्बना ! व्यक्तिले दिने पुरस्कारको यति धेरै चर्चा छ भने देशले दिने पुरस्कारको कसैलाई वास्तै छैन । संस्कृति मन्त्रालय, नेपाल प्रज्ञाप्रतिष्ठान, साझा प्रकाशन आदि सरकारी क्षेत्रका पुरस्कारको 'ब्रान्डिङ' नै हुन सकेको छैन । सरकारी पुरस्कारमा रहेको अनास्था गम्भीर प्रकृतिको छ ।

निजी क्षेत्रका पुरस्कारमा यसरी कोकोहोलो मच्चाइनुको कारण के भने सरकारी पुरस्कार राजनीतिक दलबाहिरका मान्छेले पाउँदैनन् । त्यसलाई निष्पक्ष र प्रजातान्त्रिक बनाउने प्रयास नै भएनन् । छिमेकी मुलुक भारतको उदाहरण लिने हो भने त्यहाँ व्यक्तिले भन्दा सरकारले दिने पुरस्कारको महत्त्व हुन्छ । ती पुरस्कारमा प्रश्न उठाउने कमै हुन्छन् ।

पद्मश्री साहित्य पुरस्कार दिने संस्था खेमलाल-हरिकला प्रतिष्ठानका उपाध्यक्ष धनराज गिरीका अनुभवमा 'मगन्ते संस्कार भएका लोभी लेखकहरू' यस्तो विवाद गरिरहन्छन् । "छनोट समितिमा नभए पनि मलाई पुरस्कार दिलाइदेऊ भनेर टेलिफोनमा हैरान पार्छन्, झन् छनोट समिति नै सार्वजनिक गरे के होला ?" उनी भन्छन्, "हरेक गुठीमा निर्णय गर्ने मान्छे नै हुन्, कहिलेकाहीं गल्ती गर्न विवश हुन्छन् । लेखकको सक्कली पुरस्कार पाठकको माया मात्रै हो ।"

चितवनकै 'मिनी पद्मश्री' भनिने ५० हजार राशिको पुरस्कार विराटनगरकी कवि सीमा आभासलाई दिँदा एक शब्द नबोलेका लेखकहरू दुई लाख राशिमा खनिएको गिरीको ठोकुवा छ । "नयनराज पाण्डेको लूलाई भारतको झन्डा कट्टु बनाएर लगाइदिएकाले दिन सकिएन," उनी ठाडै भन्छन्, "*धराको* मनोनयन भूतपूर्व र बहालवाला प्रधानमन्त्रीहरूका भूमिकाका कारण अप्ठ्यारो पर्‍यो ।" स्मरणीय के छ भने लम्सालको महाकाव्यमा प्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्रीद्वय पुष्पकमल दाहाल र केपी शर्मा ओलीका मन्तव्य छन् ।

त्यसो भए पुरस्कार 'कन्टेन्ट'लाई दिने कि भूमिकालाई ? समालोचक महेश पौड्याल भूमिकाका कारण मनोनयनमा नपरेको भन्ने गिरीको तर्कमा आश्चर्य मान्छन् । "कसले भूमिका वा समीक्षा लेख्यो भनेर किताबको स्तर निर्धारण गर्ने मकैगेडे परम्परा कहिलेदेखि सुरु भयो नेपालमा ?" उनी प्रतिप्रश्न गर्छन्, "हजारौं संख्यामा रहेका पाठक र एक मुठी निर्णायकको छनोटमा ३ सय ६० डिग्रीको भिन्नता आउनु आश्चर्य र खेदको कुरा हो ।"

पुरस्कारका जे जस्ता आयाम भए पनि यसको निहितार्थ आशा, प्रोत्साहन र प्रेरणा नै हो । तर, साहित्यमा रहेका बग्रेल्ती पुरस्कार विवादका घेराभन्दा माथि उठ्न सकेका छैनन् । कतिसम्म भने मदन पुरस्कारले १० पुस्तकको श्रेष्ठ सूची निकाल्न पनि कन्जुस्याइँ गरेको आरोप छ लेखकहरूको ।

मदन पुरस्कार गुठीले वर्षभरिमा प्रकाशित नेपाली भाषाका पुस्तकमध्येबाट १० श्रेष्ठ सूची निकाल्ने घोषणा गरेको थियो, १८ चैत ०७२ मा । तर, गत वर्ष सातवटाको मात्र सूची निकाल्यो भने यसपटक नौवटा । "१० वटासम्मका जाने नीति त हो । तर, कहिलेकाहीं पाँचवटा पुस्तकले पाएको अंक समान भइदिन्छ," गुठीका सदस्य-सचिव दीपक अर्याल बाध्यता सुनाउँछन्, "त्यस्तो बेला कि सबैलाई समावेश गर्नुपर्‍यो कि सबैलाई हटाउनुपर्‍यो । त्यसो गर्दा ठ्याक्कै संख्या मिल्दैन ।"

त्यसो त संसारका कुनै पनि पुरस्कार सर्वमान्य छैनन् । तर, विदेशका अभ्यास हाम्रा तुलनामा समृद्ध मानिन्छन् । जस्तो : बेलायतको प्रसिद्ध बुकर पुरस्कारमा जो कसैले सजिलै मनोनयन पाउँदैन । अक्सफोर्ड युनिभर्सिटीको विभागीय प्रमुख, राम्रो मिडियाको साहित्य बिटको प्रमुखसहितको १० सदस्यीय छनोट समिति घोषणै हुन्छ । नोबेल पुरस्कारमा नोबेल विजेता, राष्ट्र वा सरकारप्रमुख र विख्यात प्राध्यापकले मात्र मनोनयन गर्न पाउँछन् ।

त्यस वर्ष कुन कुन लेखक प्रतिस्पर्धामा थिए भन्ने कुरा ५० वर्षपछि मात्र थाहा हुन्छ । त्यतिबेला सम्बन्धित लेखकहरू दुनियाँमा हुँदैनन् । "पुस्तकको सूची सार्वजनिक गरेर कसैलाई पुरस्कार दिनु लेखकको अपमान हो," पुरस्कारसम्बन्धी अध्येता गनेस पौडेल भन्छन्, "नोबेल या बुकर प्राइजका लागि लेखक र प्रकाशकले मनोनयन गर्न पाउने हो भने ती किताब पढेर कहिले सकिएला ?"

हाम्रा अधिकांश पुरस्कार निवेदन, भनसुन, हचुवा निर्णय, लेनदेन र रित्तो खाममै आधारित छन् । तिनले पारदर्शी हुन जानेका पनि छैनन् । सबैमा परम्परावादी सोच हावी छ । प्रयोगलाई प्रायः रुचाउँदैनन् । "यसपटक झन्डै दुई सय पुस्तक पुरस्कारका दाबेदार रहेछन् । के ती सबै पुस्तक पाँच जनाले एक वर्षभित्रै पढिसक्छन् ?" गनेसको तर्क छ, "पूरै किताब नपढेसम्म उत्कृष्ट वा निकृष्ट कसरी थाहा हुन्छ ? पाँच पाना पढेर छाडिदिने हो कि हल्ला भएको किताब मात्र पढ्ने ? मापदण्ड के हो ?"

गुठीका अनुसार मदन पुरस्कार छनोटका लागि प्रारम्भिक चरणका तीन-चारवटा समिति हुन्छन् । तर, ती सबै गोप्य रहन्छन् । गुठीको त्रैमासिक मुखपत्र *नेपालीमा* भर्खरै ५० वर्षअगाडिका निर्णायक को को थिए ? कसले के भनेका थिए ? आदि केही लेख छापिएको छ । "लेखक नभए पुरस्कारको महत्त्व हुँदैन, विवाद हुने पनि पुरस्कारको महत्त्व भएरै हो," मदन पुरस्कार गुठीका सदस्य-सचिव अर्याल विवादलाई सामान्य मान्छन्, "मनोनयन सूचीमा सबैलाई पार्न सम्भव पनि छैन, छनोटमा सबैलाई चित्त नबुझ्न पनि सक्छ ।"

स्पष्ट छ, आमनेपाली लेखक पुरस्कारको च्याँखे दाउमै हुन्छन् । वर्षको अन्तिम महिनाको मिति राखेर हतारहतार पुस्तक निकाल्नुपर्ने कारण पनि त्यही हो । पुरस्कार फिर्ता वा अस्वीकार गरेका उदाहरण कमै छन् । संयम, मर्यादा, स्तर र हैसियत देखाउन पनि चुकेका छन् । आखिर सधैं लेखकको रुवावासी र पुरस्कारको आलोचना किन भइरहन्छ त ? "बजारमा नवीन पुस्ताका पाठकको बाहुल्य छ तर पुरस्कारको निर्णायक ६०-७० वर्षमाथिको पुरानो पुस्ता छ," समालोचक महेश पौड्याल निष्कर्ष दिन्छन्, "नवीन पुस्ताको मनोविज्ञान र फेरिँदो सौन्दर्य बुझ्न नसकेकाले नै पुरानो पुस्ता आलोचित भएको हो । अब नवीन पुस्ताका लेखक, समीक्षक र पाठकसँग पुरस्कारदाताको सहकार्य जरुरी भइसक्यो ।" ◆

पत्रकारिताको कोर्सबुकजस्तो

■ माधव बस्नेत

अढाई दशक पत्रकारिता क्षेत्रमा बिताइसकेका महेन्द्र विष्टले पत्रकारको हकहितका लागि स्थापना गरिएको नेपाल पत्रकार महासंघको नेतृत्व गरिरहेका छन् । करिब १२ हजार पत्रकारको सुरक्षा, चासो, न्यूनतम पारिश्रमिक जस्ता सरोकारको नेतृत्व महासंघको काँधमा छ । प्रेस काउन्सिल, न्यूनतम पारिश्रमिक निर्धारण समिति, सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समितिमा रहेर काम गरेको अनुभव छ उनीसँग । उनै पत्रकार विष्टद्वारा लेखिएको पुस्तक हो, *नेपालमा प्रेस स्वतन्त्रता* । विष्टले विद्यावारिधिका लागि लेखेको थेसिसको परिमार्जित रूप हो यो पुस्तक ।

विष्टको पुस्तकमा राजनीतिक विचारधाराको प्रारम्भिक चिन्तन, स्वतन्त्रतावादी अवधारणा, पूर्वीय मान्यता, लोकतन्त्रको आधुनिक मान्यता, राजनीतिक प्रणाली र स्वतन्त्रताको अभ्यास, प्रेस स्थापनापछिको अवधारणा र अभ्यासलाई समेटिएको छ । यसै गरी पुस्तकमा प्रेस स्वतन्त्रताको आधुनिक मान्यता, प्रेस स्वतन्त्रताका सिद्धान्त, अधिनायकवादी सिद्धान्त, उदारवादी वा स्वतन्त्रतावादी सिद्धान्त, सोभियत साम्यवादी सिद्धान्त, सामाजिक उदरदायित्वको सिद्धान्तलाई पनि समावेश गरिएको छ । प्रेस स्वतन्त्रताका विश्वव्यापी मान्यता र घोषणाजस्ता साधारण तर नबुझी नहुने विषयलाई पनि विष्टले पुस्तकमा सरल ढंगले प्रस्तुत गरेका छन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्वन्धी १० मुख्य चुनौती के-के हुन् ? राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुभवलाई पुस्तकमा मिहिन ढंगले केलाइएको छ ।

विष्टद्वारा लिखित पुस्तकका अनुसार प्रेस स्वतन्त्रताका मुख्य चुनौती थुप्रै छन् । जस्तो : मिडियामाथि सरकारी नियन्त्रणका संयन्त्रहरू, फौजदारी मानहानिका प्रावधान, पत्रकारविरुद्धको हिंसा, सूचनाको हकमा सीमा, अभिव्यक्ति स्वतन्त्रता, अधिकारको उपयोगमा विभेद आदि । यसै गरी सुरक्षा



नेपालमा प्रेस स्वतन्त्रता
लेखक : महेन्द्र विष्ट
प्रकाशक : सीएमआर-नेपालसँगको सहकार्यमा साङ्ग्रिला पुस्तक प्रालि
पृष्ठ : ३१५
मूल्य : ४७५ रुपियाँ

र अभिव्यक्ति स्वतन्त्रता, इन्टरनेटमा अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा सञ्चार प्रविधिमा पहुँच पनि पत्रकारले भोग्नुपरेका बाधा हुन् । अनुभव जनित विष्टको यो निचोडलाई कसैले पनि नकार्न सक्तैन ।

पुस्तकमा ६ अध्याय छन् । पहिलोमा लोकतन्त्र र प्रेस स्वतन्त्रता, दोस्रोमा नेपालमा पत्रकारिता र प्रेस स्वतन्त्रताको विकास, तेस्रोमा कानुनी व्यवस्था, अनुमतियोग्य बन्देज र नियमन प्रणाली, चौथोमा नेपाली मिडियाको स्थिति र पत्रकार सुरक्षा, पाँचौंमा नेपालमा प्रेस स्वतन्त्रता अध्ययन नतिजा र छैटौंमा निष्कर्ष खण्ड छ ।

नेपालमा प्रेस स्वतन्त्रताका लागि भएका सम्पूर्ण आन्दोलन, पहल र प्रयास समेटिएको छ पुस्तकमा । प्रजातन्त्र पुन:स्थापनापछिको २७ वर्षे कालखण्ड, त्यसमा पनि माओवादी सशस्त्र द्वन्द्वको १० वर्षे अवधिमध्ये पछिल्लो पाँच वर्षमा राज्य र विद्रोही दुवैतर्फबाट पत्रकार र तिनका सहयोगीसमेत गरी २५ जना मारिए । राजाको सक्रिय शासनकाल १९ माघ ०६१ देखि ११ वैशाख ०६३ सम्मको १५ महिने अवधिमा दुई पत्रकार मारिनुका साथै १ सय ८३ जनालाई आक्रमण गरियो । यस अवधिमा १ हजार ६ सय ८३ वटा प्रेस स्वतन्त्रता हननसम्बन्धी घटना भएको पुस्तकमा पढ्न पाइन्छ । लोकतन्त्र बहालीपछि मात्र १ हजार ९ सय २१ वटा प्रेस स्वतन्त्रता हननका घटना भइसकेको विवरण पढ्दा नेपालका पत्रकारहरू कस्तो अवस्थामा काममा खटिन बाध्य छन् भन्ने दुखेसोको खुलासा हुन्छ ।

०४६ मा बहुदलीय व्यवस्था स्थापना हुँदै गर्दा पत्रपत्रिकाको संख्या ६ सय १८ थियो । त्यसको १५ वर्षपछि ०६१ चैत मसान्तसम्म आइपुग्दा त्यो संख्या बढेर ४ हजार ४९ वटा पत्रिका दर्ता भएका छन् । भलै दर्तामध्ये कतिपयको प्रकाशन बन्द भइसकेको होला । प्रेस काउन्सिलले अभिलेख राखे अनुसार ०७२/७३ सम्ममा दैनिक, अर्ध-साप्ताहिक, साप्ताहिक र पाक्षिक गरी ३ हजार ७ सय पत्रिका दर्ता छन् । यसले प्रश्न उठाउँछ- के वैध स्रोतबाटै यतिका धेरै अखबार चलेका होलान् ? छापाबाहेक एफएम रेडियो, टेलिभिजन, अनलाइनहरूको उपस्थिति पनि उस्तै छ । १० माघ ०७३ सम्ममा इजाजत प्राप्त एफएमको संख्या सात सय पुगिसकेको छ भने तीमध्ये ५ सय ६५ त नियमित प्रसारणमा छन् । २० माघ ०७३ सम्म इजाजत प्राप्त टेलिभिजनको संख्या १ सय ४ छ ।

पुस्तक पढिसक्दा के निष्कर्षमा पुग्न सकिन्छ भने पत्रकारिता सबैभन्दा चुनौतीपूर्ण तर असुरक्षित, नभई नहुने तर कतिपय सन्दर्भमा हेयको दृष्टिले हेरिने पेसा हो । पत्रकार आफैंले पेसागत मर्यादा जोगाउन नसकेका कारणले पनि यस्तो अवस्था सिर्जना भएको हो । यो पुस्तकको महत्त्व के भने पत्रकार र पत्रकारिता बुझ्न चाहने अध्येता, अनुसन्धानकर्ता र अभियन्ता सबैका लागि उत्तिकै उपयोगी छ । पत्रकारिता सिक्दै गरेका हुन् वा पाका, सबैका लागि यसले 'कोर्सबुक'को काम गर्नेछ । शासन पद्धति, लोकतान्त्रिक व्यवस्था, यसको अवधारणाजस्ता विषय बुझ्न पनि पुस्तकले सहयोग पुर्‍याउनेछ । ♦

तेह्र वर्षपछिको नेपाल

निशान्त खनाल

सन् २०१२ मा प्रकाशित र २०१७ मा दोस्रोपटक मुद्रण गरिएको *नेपाल २०३०, अ भिजन फर पिसफुल एण्ड प्रोस्पेरस नेसन* विभिन्न क्षेत्रका विज्ञहरूद्वारा लेखिएका १० अध्यायहरूको सँगालो हो । संयुक्त राष्ट्रसंघले २०१६ देखि कार्यान्वयनमा ल्याएको दिगो विकास लक्ष्यले नेपालको आर्थिक-सामाजिक विकासका निम्ति एउटा चुनौतीपूर्ण अवसर दिएको छ । दिगो विकासका १७ लक्ष्य हासिल गर्न मुख्य भूमिका रहेका १० महत्त्वपूर्ण विषयलाई यस पुस्तकले समेटेको छ ।

विश्वका सबै सरकारले प्रतिबद्धता जनाएका ती विकास लक्ष्यहरूले सन् २०३० सम्ममा सबै प्रकारका गरिबी र भोकमरी उन्मूलन गर्नेदेखि विपद्सँग जुध्ने क्षमता मजबुत बनाउने उद्देश्य राखेका छन् । पुस्तकले उठाएका १० विषयमा विज्ञहरूले नेपालले सन् २०३० सम्ममा हासिल गर्न सक्ने उपलब्धिहरूको एउटा खाका तयार गरेका छन् ।

सागरराज शर्माद्वारा लेखिएको पहिलो अध्याय नेपालमा विकासका सम्भावनाहरूसँग सम्बन्धित छ । शर्माले जलविद्युत्, पर्यटन, वित्तीय व्यवस्थालगायतका विषयमा हासिल हुने प्रगतिले नेपाललाई सन् २०३० सम्म सामाजिक र आर्थिक रूपले सबल तथा सक्षम बनाउने तर्क प्रस्तुत गरेका छन् ।

नेपालको विकास वृत्तमा कम कुरा गरिने तर अथाह सम्भावना रहेको क्षेत्रका रूपमा सञ्जय खनालले नेपालले विज्ञान तथा प्रविधिको प्रयोग गरेर राष्ट्रिय महत्त्वका परियोजनाको द्रुत विकास गर्नुपर्ने तर्क गरेका छन् । भोला थापा र विनोद अर्यालले सन् २०३० सम्ममा नेपालमा ३३ लाख ८४ हजार ३ सय २२ जनालाई सवारी चालक अनुमति-पत्र वितरण हुने र जम्मा ४ हजार ५ सय २९ किलोमिटर राजमार्ग निर्माण भइसकेको हुने प्रक्षेपण गरेका छन् । यो अध्यायले नेपालले यातायात व्यवस्थामा भोग्नुपर्ने वातावरणीय र अन्य चुनौतीहरूको सम्बन्धमा पनि समस्या र समाधानका विषयलाई उठान गरेको छ ।

पुस्तकको चौथो अध्याय नेपालको जलस्रोत सम्बन्धमा केन्द्रित रहेको छ । यस अध्यायमा नेपालको जलस्रोत सम्बन्धमा गरिएका अध्ययन राष्ट्रिय योजनाहरू र रणनीतिहरू सम्बन्धमा चर्चा गरिएको छ । लेखक शान्तबहादुर पुनले ०३० सम्ममा नेपालको जलस्रोतको उपयोगका लागि नेपालका प्रमुख राजनीतिक पार्टीहरूले जलस्रोतको उपयोग तथा व्यवस्थापनमा साझा धारणा बनाउनुपर्ने सुझाव दिएका छन् ।

पीताम्बर शर्माद्वारा लेखिएको 'नेपालमा पर्यटन' अध्यायले सन् २०३० मा नेपालमा २० लाख पर्यटक भित्रिने सम्भावना रहेको देखाउँछ । यसका लागि चाल्नुपर्ने आवश्यक कदम र गर्नुपर्ने नीतिगत र अन्य सुधारहरू अध्याय ५ ले समेटेको छ ।

शान्ति र स्थायित्वका लागि सुरक्षासम्बन्धी अध्यायमा विष्णुराज उप्रेतीले सन् २०३० सम्म नेपालले सम्पूर्ण सुरक्षा चुनौतीलाई सम्बोधन गर्न सक्नुपर्ने विषयमा जोड दिँदै नेपालले तय गर्ने भावी सुरक्षा नीतिहरू मानव अधिकार, प्रजातन्त्र र आधारभूत राज्य प्रणालीसँग मेल खाने हुनुपर्ने सुझाव दिएका छन् ।

महिला सशक्तीकरणसम्बन्धी अध्याय ७ मा यमुना घलेले महिला सशक्तीकरणका विषयमा यथेष्ट लगानी गरिएमा सन् २०३० सम्ममा नेपालका महिलाले राजनीति, शिक्षा र नीति निर्माण तहको मूलधारमा उल्लेख्य उपस्थिति जनाउन सक्ने सम्भावना रहेको तर्क गरेकी छन् । यसका लागि राख्नुपर्ने लक्ष्यहरू सुझावका रूपमा उक्त अध्यायमा उल्लेख गरिएको छ ।

नेपालको कृषि अनि भूमि व्यवस्थासम्बन्धी आठौं अध्यायमा कैलाश प्याकुरेलले कृषिका लागि उपयुक्त भूमि हुँदाहुँदै नेपालले उपलब्धि हासिल गर्न नसकेको कुरा व्यक्त गरेका छन् । साथै, सन् २०३० सम्ममा नेपालले भूमिहीन किसानका समस्या समाधान गर्न सकेको खण्डमा परिवर्तन सम्भव रहेको उल्लेख गरेका छन् । उक्त अध्यायले दिगो कृषि र भूमिसुधारमा देखिएका समस्या अनि समाधानका साथै सन् २०३० को लक्ष्य हासिल गर्नका लागि चाल्नुपर्ने आवश्यक कदम उल्लेख छ ।

जलवायु परिवर्तन र यसबाट हुने समस्याहरूबाट बच्नका लागि नेपालको व्यवस्थित अनुगमनका साथै संस्थागत निर्णय र सहभागिता मुख्य चुनौती रहेको अध्याय ९ मा महेश बाँस्कोटाले उल्लेख गरेका छन् । सन् २०३० सम्म जलवायु परिवर्तन र



नेपाल २०३०,
अ भिजन फर पिसफुल एण्ड प्रोस्पेरस नेसन

प्रकाशक : अद्रोइत पब्लिकेसन, नयाँ दिल्ली
सम्पादक : सागरराज शर्मा, विष्णुराज उप्रेती, कैलाश प्याकुरेल
पृष्ठ : २१०
मूल्य : ६५० (भारतीय रुपियाँ)

यसका समस्याहरूसँग जुध्न नेपालले आफ्ना नागरिकलाई तयार राख्नुपर्ने कुरा यस अध्यायमा उल्लेख गरिएको छ ।

पुस्तकको अन्तिम अध्यायमा सुरेशराज शर्माले 'सन् २०३० मा नेपालको शिक्षा' सम्बन्धी अध्यायमा शिक्षा क्षेत्रको समग्र विकासका लागि राजनीतिलाई यसमा प्रवेश गराउन नहुने कुरामा विशेष जोड दिएका छन् । शर्माले सुझबुझपूर्ण निर्णयका साथ नेपालमा शिक्षासम्बन्धी नीति र कार्यक्रमहरू तय गरिएमा सन् २०३० सम्ममा निजी, सामुदायिक र सार्वजनिक क्षेत्रको संलग्नतामा नेपाल अन्तर्राष्ट्रिय शैक्षिक केन्द्र बन्न सक्ने सम्भावना व्यक्त गरेका छन् ।

यस पुस्तकको मुख्य कमजोरी पुनःप्रकाशित गर्दा समेत पुस्तक अद्यावधिक नगर्नु नै हो । पुस्तकमा समावेश गरिएका तथ्यांक तथा विवरण पुरानै छन्, शिक्षा, स्वास्थ्य पर्यटन, विज्ञान तथा प्रविधि, महिला सशक्तीकरणलगायतका विषय पछिल्लो समयमा नेपालले हासिल गरेका उपलब्धिहरू सम्बन्धित अध्यायहरूसँगै राखिएको भए पाठकलाई अवस्था बुझ्न सजिलो हुने थियो । २०१२ पछिका चार वर्षमा नेपालले हासिल गरेको दिगो विकासका लक्ष्य र तिनमा भएको प्रगतिको विवरण पनि राखिएको भए पुस्तकको उचाइ बढ्ने थियो । यस विषयमा सम्पादक मण्डलको ध्यान नपुगेको देखिन्छ ।

पुस्तकको सबल पक्ष भन्नु नै यसको सकारात्मक भाव हो । लेखकहरूले नेपालमा सम्भावना रहेको कुरालाई तथ्यांक र खोजमार्फत पुष्टि गरेका छन् । पुस्तकमा राखिएका सुझाव नीति निर्माण तहमा हुनेहरूका लागि महत्त्वपूर्ण छन् । यो पुस्तक विद्यार्थी, शोधकर्ता र राजनीतिज्ञका लागि उपयोगी सन्दर्भसामग्री हुन सक्ने छ । ◆

संस्मरण

॥ ध्रुवचन्द्र गौतम

‘मिस्टर परफेक्सनिस्ट’

वि सं ०१० तिर म वीरगन्जमै थिएँ । एक दिन खेल्दाखेल्दै चउरमै कसैले खबर ल्यायो- गोपाल दाइको कथा छापिएको छ, काठमाडौँबाट प्रकाशित *प्रगति* पत्रिकामा ।

खबर सुन्नासाथ म उत्सुक भएँ । साहित्यिक कथा-कवितासित मेरो परिचय भइसकेको थियो । त्यस्तोमा आफ्नो परिवारको एक सदस्यले लेखेको कुनै रचना पढ्नु एउटा फरक अनुभव थियो । त्यस्तो त्यो मेरो दोस्रो अनुभव थियो । पहिलो अनुभव, धनुषचन्द्रको ‘कहानीको प्लट’ भन्ने कथा पढ्दाको थियो ।

गोपालचन्द्रको त्यो कथा मैले सास नफेरेर पढेँ भन्दा हुन्छ । एकभन्दा बढीपटक पढेँ । भावुक प्रेमको सुन्दर कथा थियो त्यो, जसमा काव्यात्मक अनुभूति जताततै भेटिन्थ्यो । त्यसबखत गोपालचन्द्रको लेखाइबाट साहित्यिक भाषा यस्तो हुँदो रहेछ जस्तो लागेको थियो । आफूले देखिरहेको, बोलिरहेको, भेटिरहेको आफ्नै दाइ, यसरी छापिएको पढ्नु ठूलो कुरो लागिरहेको थियो । गोपालचन्द्र गौतमले अरू पनि कथा लेखेका छन्, पत्रिकामा छापिएका पनि छन् । तर, अहिले मलाई उनको एउटै साहित्यिक रचनाको सम्झना गर्नुपर्‍यो भने, ‘झ्याउँकीरी’ कथाकै मात्र टड्कारो सम्झना आउँछ । अन्य कथाको सम्झना धमिलो रूपमा आउँछ ।

‘फ्रेन्ड, फिलोसोफर, गाइड’ भन्छन् नि कसैले, मेरा लागि तिनै दाजु त्यस्तै छन् । त्यसमा गोपाल गोतामेसँगको सम्बन्धमा, ‘फ्रेन्ड’ तत्त्व अलिक बढी थियो । कुनै समस्या बताउँदा उनी लामो भूमिका बाँध्थे रोचक किसिमले, त्यसपछि पात्र खडा गर्थे र कथा भन्थे । अन्त्यमा भन्थे, त्यो पनि मै हुँ वा अरू छ भने त्यसको नाम बताउँथे । उनका बयान सुन्दा कुनै आख्यान सुनेजस्तो रमाइलो र कौतूहल हुन्थ्यो । पछि उनी पत्रकारितामा पूर्णतः समर्पित भएर लागे । उनीकहाँ वीरगन्जमा विभिन्न पत्रकारहरू विचार-विमर्श गर्न र खास ‘इस्यु’मा उनको राय जान्न आइरहन्थे । उनलाई भेट्न आउनेमा अहिले मैले सम्झेको एक नाम शक्ति लम्साल हो । उनी साहित्यिक चेत पनि भएका हुनाले मलाई पनि प्रोत्साहन नै दिन्थे, कुरा गर्दा । वीरगन्जका पत्रकारहरूमा प्रमुख रूपमा जगदीश शर्मा र गोपाल गिरी हुन्थे । जगदीश शर्माले पत्रकारितामा ‘गोपाल गोतामे’ सम्मान पनि राखेका छन्, जुन हरेक साल उनी संलग्न संस्थाले २ फागुनमा प्रदान गर्छ । २ फागुनमा गोपाल गोतामेको पुण्यतिथि हो ।

गोपालचन्द्र पछि पत्रकारितामै लागे । वास्तवमा कथा, कविता, नाटक लेखे पनि, पत्रकारिताको उनको लामो इतिहास छ । ००८ सालतिर (दरभंगाबाट) *मशाल* भन्ने एउटा अखबार प्रकाशित हुन्थ्यो, उनी त्यसका सम्पादक थिए । यही सम्झेर होला, धेरै वर्षपछि विराटनगरमा मैले मनमोहन अधिकारीको अन्तर्वार्ता लिँदा गोपाल दाइले उनलाई ‘आदि पत्रकार’ भनेका थिए । *विमर्श*को फाइलमा अझै त्यो सुरक्षित हुनुपर्छ ।

त्यसअघि गोपालचन्द्र केही साथीहरूका साथ एउटा क्रान्तिकारी समूहमा संलग्न थिए, जसले राणा शासनबाट देशवासीलाई मुक्त तुल्याउन चाहन्थ्यो । उनीहरूको त्यो संगठनमा तेजबहादुर अमात्य पनि थिए ।

गोपाल दाइको गालामा एउटा चिरिएको खत थियो । भनिन्छ, एकपटक ती क्रान्तिकारीले एउटा पेस्तोल प्राप्त गरे । त्यसपछि वीरगन्जनजिकको एउटा जंगलमा गए त्यसको जाँच गर्न । पहिलोपटकमा पेस्तोल पड्केन । अर्कोपटक ट्रिगर थिच्दा, गोपाल दाइलाई लाग्यो । उनी ढले । साथीहरू आत्तिए मर्‍यो भनेर । कसैले त भनेछ पनि, यसलाई यहीँ छाडेर भागौँ । कसैले मानेनन् । यस्तैमा गोपालचन्द्र बिउँझेछन् । भनेछन्, तिमीहरू मलाई मारेर भाग्न आँटेको ? यसरी क्रान्ति हुन्छ ? पछि सद्भाव भयो, सबै फर्के । गोली गाला छिचोलेर गएको रहेछ । त्यही छिचोलेको दाग उनको गालामा सधैँभरि रह्यो ।

त्यस्तो क्रान्तिकारी र साहित्यिक पृष्ठभूमिमा राखेर उनले पत्रकारिता गरेका हुन् । त्यसकारण उनको पत्रकारिता फरक खालको हुने नै भयो । कुनै बेला उनी सरकारी जागिर खान्थे र पत्रकारिता गर्थे । *मातृभूमि*मा उनी अत्यन्त सक्रिय थिए । *मातृभूमि*का सम्पादक गोविन्द वियोगी उनलाई माया मात्र गर्दैनथे, अत्यन्त मान्थे पनि । आत्मीय सम्बन्ध हुनाले गोपालचन्द्रलाई बारम्बार भन्थे, ‘गोपालजी अति माइल्ड लेख्नु

होला है, अहिले सिचुएसन त्यस्तै छ ।' गोपाल दाइ धेरै माइल्ड हुन मान्दैन थिए । कतिपटक त वियोगी दाइसँग रिसाएर फोन राखिदिएको पनि घटना छ माइल्ड हुन नमानेर । तर, उनीहरूबीचको सम्बन्ध यति आत्मीय थियो कि गोपालचन्द्र 'यतिसम्म गर्ने, यसभन्दा बढी नगर्ने' सर्त मान्थे । पत्रकारितामा त्यति आत्मीय सम्बन्ध मैले कमै देखेको छु ।

पत्रकारितामा लागे पनि गोपालचन्द्रको साहित्यिक रुचि कम भएन । उनी बेलाबेलामा साहित्यिक समालोचना पनि लेख्थे । बालकृष्ण समको *चिसो चुल्हो* महाकाव्यबारे लेख्दा नेपाली साहित्यमा नौलो चहक भनेर प्रशंसा गरेका थिए भने विजय मल्लको 'कालो चस्मा' (गगल्स)को निकै आलोचना गरेर पनि लेखेका थिए । कथा सुनाउन उनी माहिर थिए । आफूले भविष्यमा लेख्ने कुनै कथा होस् कि अन्य कथा नै, उनी यति कुशलतापूर्वक सुनाउँथे कि श्रोता मुग्ध हुन्थे । भाउजू शान्ता गौतम भन्थिन्, 'एकपटक गोपाल दाइले 'गुलसनोवर'को कथा लगातार सात दिन सुनाए । श्रोता उत्सुक भएर निश्चित समयमा सुन्न भनेर आउँथे । उनकी श्रीमती सुधा गौतम भन्थिन्, 'उहाँलाई त यस्तो गरेर बस्न पाए पुग्थ्यो ।' यो पक्कै हो, गोपालचन्द्रसँग बस्दा दिन बितेको पत्तै हुँदैन थियो । एकपछि अर्को विषय, साहित्य, राजनीति, फिल्म आदि । वीरगन्ज गएका बखत धनुषचन्द्र, गोपालचन्द्र र म हरबखत साथै हुन्थ्यौँ, ईश्वरचन्द्र आवश्यकतानुसार । साँझ 'बैठकी' हुन्थ्यो । मैले धेरै मानिसका साथ 'बैठकी' गर्ने अवसर पाएको छु । अझै पनि मैले हाम्रो त्यो बैठकीजस्तो 'बैठकी' पाउन बाँकी छ ।

कहिलेकाहीँ बहस पनि हुन्थ्यो, साहित्यिक । बहसमा कुनै कुनै विषयमा राय बाझिन्थ्यो । धनुषचन्द्र र गोपालचन्द्रसँग म एक्लैले बहस गर्नु पर्थ्यो । गोपाल दाइ त्यस्तोमा कुनै कुनै बेला भन्थे, 'दाजु हेर ! यिनीहरू दू अक्षर पढलिया, सन्तन को दुःख दिया हुन् । कहिलेकाहीँ भन्थे, 'तिमीहरू नामी बनिया हौ, त्यसकारण तिमीहरूको जे पनि चल्छ तर मलाई मञ्जुर छैन ।' यस्तै यस्तै । मैले यसरी पाएका ज्ञानमा सर्वश्रेष्ठ ज्ञान म त्यहीँ पाउँथेँ ।

उनीसँग बहुमुखी प्रतिभा थिए । कविता, कथा, नाटक, समालोचना, निबन्ध के लेखेनन् ? तर, पछि उनको चाख पत्रकारितामै भयो । दुई अखबार सँगसँगै चलाउँथे, एक प्रकारले । काठमाडौँको *मातृभूमि* र वीरगन्जको *अचेल* ।

गोपाल दाइ यसप्रति सदैव सजक थिए, कुन सामग्री *मातृभूमि*मा दिने र कुन *अचेल*मा । *मातृभूमि*का लागि लेख्दा मैले कतिपटक देखेको छु, कागजका गोला चारैतिर यति धेरै छरिएका हुन्थे कि विश्वासै हुँदैन थियो, एक जनाले एउटा न्युज बनाउन वा एउटा लेख लेख्न यतिपटक लेख्छ ।

एक दिन त मैले सोधेँ, के भयो ?

उनले भने, "चित्तै बुझेन ।"

अचम्म के भने उनी त्यस्तो रातभरि गरिरहेका रहेछन् । धचजस्तै पत्रकारितामा उनी 'परफेक्सनिस्ट' थिए । साँच्चि भन्ने हो भने *निमित्त नायक* टेलिसिरियलमा एक दृश्यमा जुन प्रेम-पत्रका टुक्राहरूको ओइरो लाग्छ, त्यो लेख्दा मैले गोपालचन्द्रको कोठामा छरिएका ती कागतका गोला पनि सम्झेको थिएँ ।

गोपाल गोतामे प्रायः भन्थे 'धुरे ! म पनि गुलेरी हुन्छु । हिन्दीका लेखक चन्द्रधर शर्मा गुलेरी, जसले थोरै कथा लेखे, तिनमा पनि *उसने कहा था* भन्ने एउटै कथाले उनलाई प्रख्यात बनाएको थियो ।' गोपाल दाइले तिनैलाई संकेत गरेका हुन् । उनले एउटा कथाको प्लट सुनाएका थिए । मैले 'यो कथा लेख्नुपर्छ' भनेँ । उनले लेखे । उनले लेखेको अन्तिम कथा त्यही थियो । त्यो कथा, 'तृष्णा' शीर्षकमा *मधुपर्क*मा छापियो । मलाई लाग्छ, 'तृष्णा'ले नेपाली यौन-कथामा उत्कृष्ट स्थान राख्छ ।

मेरो *डापी* उपन्यास ईश्वरचन्द्रले प्रकाशन गराइदिए । त्यसमा अन्य परिश्रम गोपालचन्द्रले गरिदिए । उनको पत्रकारिताको उपनाम सञ्जय प्रयोग गरेर भूमिकासमेत लेखिदिए । त्यो भूमिका मेरो कृतिबारे लेखिएको एक उच्चकोटिको भूमिकामध्ये एक मान्छु ।

उनी ०४६ को आन्दोलनमा 'झन्डा बोकेर हिँड्छु' भन्थे । गोविन्द वियोगी दाइ भन्थे, आन्दोलनलाई सहयोग गर्ने अरू पनि उपाय छन् । सारांश यो कि उनी सुरुदेखि अन्त्यसम्म प्रगतिशील आस्थाका पत्रकार/लेखक/विचारक रहे । उनी चिन्तनशील थिए । त्यसकारण नेताहरू मनमोहन अधिकारी, भरतमोहन अधिकारी, राधाकृष्ण मैनाली आदि उनीसित भेट्न/विमर्श गर्न आउँथे । मानिसलाई आफ्नो तर्कद्वारा सन्तुष्ट पार्ने खुबी थियो उनमा । त्यसकारण बारम्बार उनलाई भेट्न आउँथे नेताहरू । वीरगन्ज जेलमा राजनीतिक बन्दीहरू हुन्थे । दसैँ-तिहार वा अन्य विशेष बेलामा, उनी तिनका लागि घरबाट परिकार पठाइरहन्थे । कति नेताहरू, अहिले पनि त्यो सम्झिन्छन् ।

व्यक्तित्व उनको अत्यन्त सरल थियो तर जीवन्त थियो । प्रकाश काफ्लेको समयमा जब मानव अधिकार आयोग गठन भयो, पहिलो अध्यक्षता उनैलाई ग्रहण गर्न आग्रह गरिएको थियो, उनले मानेनन् । कारण थियो, उनको संकीर्ण स्वभाव । अन्त्यमा, करै गरेर गोपाल गोतामे दाइलाई प्रथम उपाध्यक्ष बनाइयो । प्रकाश काफ्ले भनिरहन्थे, 'गोपाल दाइका नाममा मानव अधिकार पुरस्कार राख्छु, उहाँको फोटो कार्यालयको ढोकामा झुन्ड्याउँछु ।' पछि काफ्लेको पनि निधन भयो ।

गोपाल दाइको निधन अचानक भएको थियो । अहिले पनि त्यस परिस्थितिको बयान गर्न म असमर्थ छु । हामी सबै दाइभाइ त्यस बखत वीरगन्जमै थियौँ । रमाइलो एकाएक शोकमा परिणत भएजस्तो भएको थियो । उनका छोराछोरी, बुहारीहरू सब थिए, केवल गोपाल दाइ एक्कासि उठेर हिँडिदिएका थिए । जीवनमा यस्ता शोकको कल्पना गरिएको हुँदैन तर आउँदो रहेछ ।

निधनपछि गोपाल गोतामेलाई लेखकका रूपमा दिने एउटा श्रद्धाञ्जली के हुन सक्थ्यो ? मैले त्यही गरेँ । मैले पढेको उनको पछिल्लो कथा, 'झ्याउँकीरी'माथि एउटा टेलिफिल्म बनाएँ र प्रदर्शित गरेँ ।

स्मृतिको जंगलैजंगल छ, कति हिँड्नू ? मेरा सबै दाइ मेरा 'रोल मोडेल' हुन् अर्थात् अनुकरणीय । अरूका नजरमा गोपाल दाइ कस्ता थिए ? नमुनास्वरूप म एकै जनाको भनाइ उद्धृत गर्छु यहाँ । धनुषचन्द्रको साला अर्थात् शान्तादेवीको भाइ सुरेश अधिकारी मसँग भन्थे, 'तपाईंहरू पाँचै जनामा मलाई गोपाल सबभन्दा मन पर्छ ।'

स्मृतिको त सीमा हुँदैन तर लेख्नुको सीमा छ । त्यसकारण गोपाल गोतामेबारे अहिलेलाई यत्ति नै । ◆

"गोपाल दाइको निधन अचानक भएको थियो । अहिले पनि त्यस परिस्थितिको बयान गर्न म असमर्थ छु । हामी सबै दाइभाइ त्यस बखत वीरगन्जमै थियौँ । रमाइलो एकाएक शोकमा परिणत भएजस्तो भएको थियो । उनका छोराछोरी, बुहारीहरू सब थिए, केवल गोपाल दाइ एक्कासि उठेर हिँडिदिएका थिए ।"

टाटा टिगोर नेपालमा

भारतीय बजारमा आएको चार महिनापछि टाटाको टिगोर कार नेपाली बजारमा भित्र्याउने तयारी भइरहेको छ । ह्याचब्याक वर्गमा पर्ने यो कारलाई नेपाली बजारमा सिप्रदी ट्रेडिङले ल्याउन लागेको हो । सिप्रदी नेपालमा टाटाको आधिकारिक बिक्रेता हो ।

टाटा टिगोरको मूल्य भारतमा ४ लाख ५९ हजार भारतीय रुपियाँबाट सुरु छ । नेपालमा भने अझै यसको मूल्य तोकिएको छैन । टाटा टिगोर १२ सय सीसीको इन्जिन भएको कार हो । पाँच जनाका लागि सिट भएको यसमा १ सय ६५ मिलिमिटरको ग्राउन्ड क्लियरेन्स छ । जुन सहरी बाटोका लागि पर्याप्त मानिन्छ । यो कारमा पावर स्टेरिङ फिचर पनि उपलब्ध छ । र, यसको माथिल्लो भेरिएन्टमा पार्किङ क्यामेरा, एन्टिलक ब्रेकिङ सिस्टम, एयरब्यागजस्ता आधुनिक फिचर पनि उपलब्ध छन् । तर, पाँच गियरसहितको यसका कुनै पनि भेरिएन्टमा अटोमेटिक ट्रान्समिसन उपलब्ध छैन ।

विन्डोज स्टोरमा माइक्रोसफ्ट पेन्ट



विन्डोज टेनको पछिल्लो फल क्रिएटर अपडेटमा पेन्टलाई इनबिल्ट फिचरबाट हटाउने भएको छ । '८० को दशकमा यो फिचर सुरु हुँदा सबैले रुचाएका थिए । यसको लोकप्रियता त्यतिबेला झन् बढ्यो, जब विन्डोज ९८ मा पेन्टबाट जेपीईजी फर्मेटमा फाइलहरू सेभ गर्न मिल्ने भयो ।

त्यसबेलादेखि माइक्रोसफ्ट पेन्ट फोटो सम्पादन गर्न र इमेज फाइलमा कस्टमाइज्ड नोट बनाउन प्रयोग हुँदै आएको छ । क्रिएटर अपडेटमा पुरानो पेन्ट फिचर हटाइए पनि पेन्ट थ्रीडी भनेर नयाँ फिचर आउने भएको छ । पेन्ट थ्रीडीको राम्रो पक्ष भनेको यसले पनि फोटो सम्पादन गर्न सक्छ । त्यो पनि थ्रीडी इमेजमा । पुरानै पेन्ट रुचाउनेहरूका लागि यो विन्डोज स्टोरमा उपलब्ध हुनेछ । विन्डोज स्टोरबाट पुरानो पेन्ट फिचर सित्तैँमा डाउनलोड गरी चलाउन सकिनेछ ।

गुगलको अर्को प्रयोग

गुगलको भ्वाइस सर्च फिचर ओके गुगल सायद सबैले चलाएका होलान् । यो एन्ड्रोइड प्रयोगकर्ताले लगभग सबै डिभाइस जस्तैः स्मार्टफोन, ट्याब्लेट आदिमा प्रयोग गरेका छन् । ओके गुगलबाट प्रयोगकर्ताले बोलेरै आफ्नो डिभाइसमा गुगल सर्च गर्न सक्थे । यसलाई अझ प्रभावकारी बनाउनुको



साटो गुगलले अर्को आटिफिसियल इन्टेलिजेन्स गुगल एआई ल्यायो ।

गुगल एआई ओके गुगलभन्दा अझ प्रभावकारी र राम्रो युजर इन्टरफेस भएको आटिफिसियल इन्टेलिजेन्स हो । यसबाट प्रयोगकर्ताले बोलेरै गुगल सर्च मात्र होइन, स्मार्टफोनका अन्य फिचर जस्तै : क्यामेरा, म्युजिक/भिडियो प्लेयर चलाउन, कल वा म्यासेज आदि गर्न पनि सक्छन् । ओके गुगल र गुगल एआई दुवैको काम गर्ने तरिका एउटै भएपछि अहिले गुगलले हरेक डिभाइसबाट ओके गुगल हटाउँदै छ । अब गुगलको क्रोम अपरेटिङ सिस्टमबाट चल्ने ल्यापटपमा पनि यो हुने छैन । बरू, त्यसको ठाउँमा गुगल एआई मात्र हुनेछ ।

स्मार्टफोन र ट्याबलेटहरूमा एआईको राम्रै प्रयोग भए पनि ल्यापटपमा भने यसको प्रभावकारिता कमै छ । तर, गुगल एआईलाई क्रोम ओएस भएका ल्यापटपमा पनि उत्तिकै प्रभावकारी बनाउन गुगलले यसमा केही नयाँ फिचर पनि थप्ने तयारी गर्दै छ ।

सोनीको नौलो स्मार्टफोन

सोनीको नयाँ स्मार्टफोन एक्सपेरिया एक्सजेडएस अब नेपाली बजारमा उपलब्ध हुनेछ । ६९ हजार रुपियाँ मूल्य रहेको यो स्मार्टफोनको प्रि-बुकिङ खुला गरिएको छ । यो स्मार्टफोन गत फेब्रुअरीमा मोबाइल वर्ल्ड कंग्रेसबाट लन्च भएको थियो ।

एक्सजेडएसको अधिकांश फिचर सोनी एक्सपेरियाकै अघिल्लो स्मार्टफोन एक्सजेडकै जस्तो छ । यो स्मार्टफोनमा मात्रै ५.२ इन्चको फुल हाई डेफिनेसन डिस्प्ले छ । चार जीबी र्‍यामसहित ६४ जीबी आन्तरिक मेमोरी क्षमता भएको यो स्मार्टफोन एन्ड्रोइडको ७.१ अपरेटिङ सिस्टममा (ओएस) आधारित छ, जुन एन्ड्रोइडको पछिल्लो ओएस हो ।

यसमा १९ र १३ मेगापिक्सेलका दुई क्यामेरा छन् । १३ मेगापिक्सेलको सेल्फी क्यामेराबाट कम प्रकाश भएको समयमा पनि राम्रो गुणस्तरमा फोटो खिच्न सकिन्छ । त्यस्तै, रियर क्यामेराले फोरके गुणस्तरको भिडियो खिच्न मिल्छ ।

यसबाहेक यसमा फिङ्गरप्रिन्ट र गाइरो सेन्सर पनि छ । र, यो स्मार्टफोन वाटर र डस्टप्रुफ पनि छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

मृतकका नाममा

■ शब्द/तस्बिर : विमल खतिवडा

मृतकलाई सम्झने अनेकौं तरिका हुन्छन् । कोहीले मन्दिर, कोहीले पार्टी–पौवा त कोहीले विद्यालय बनाएर आफन्तलाई लामो समयसम्म सम्झने प्रयास गर्छन् । तर, बीपी राजमार्ग खण्डमा एउटा यस्तो दृश्य देख्न सकिन्छ, जहाँ मृतकलाई सम्झने शैली केही अनौठो छ । सिन्धुलीको साबिकको झाँगाझोली गाविस (हाल : सुनकोसी गाउँपालिका–५)स्थित रिट्ठेभीरमा पर्ने राजमार्गमा ऐना राखिएको हो । ऐनाले सबैको ध्यान तान्छ ।

भित्तामा पूजा गर्ने सानो मन्दिर पनि छ । इलाका प्रहरी कार्यालय खुर्कोटका सई टेकबहादुर लामाका अनुसार बीपी राजमार्ग सञ्चालनमा नआउँदै ०६४ मा कच्ची सडक हुँदा रिट्ठेभीरबाट गाडी खस्यो । ४२ जनाभन्दा बढी यात्रुको मृत्यु भयो । त्यसपछि पनि दुईवटा जिप दुर्घटनामा परे । ती दुर्घटनामा आफन्त गुमाएकाहरूले सम्झनामा भगवान्को मूर्ति स्थापनासँगै ऐना राखिदिएका हुन् ।

यो राजमार्गमा जति नयाँ गाडी गुड्छन्, सबैले आफ्नो गाडी नम्बर ऐनामा लेखेर दुर्घटना नहोस् भन्दै भित्तामा झुन्ड्याउँछन् । पहिलोपटक यो राजमार्गमा ग१ज ६३४४ नम्बरको फोर्स जिप कुदाउँदा चालक अनन्त श्रेष्ठले पनि ऐना किनेर राखे । मन्दिर स्थापना गरेर ऐना राखेसँगै दुर्घटना नभएको दाबी चालकहरूको छ । ◆



कमजोर कमब्याक

फिल्मी करिअर ओरालो लागिरहेकै बेला घरजम गरेकी थिइन्, हर्षिका श्रेष्ठले । चम्केका हिरोइन त विवाहपछि चलेनन् भने हर्षिकाको हालत खराब हुनु नौलो भएन । तैपनि, ढिलै सही उनले *मेरी कुसुम*मा काम गर्न पाइन्, एकल हिरोइनका रूपमा । त्यसैले *मेरी कुसुम* हिट भए करिअर उकालो लाग्ने आशा थियो उनको । तर, ६ साउनमा प्रदर्शित यो फिल्म बक्स अफिसमा कमजोर साबित भयो । एकातिर यो फिल्म प्रचारप्रसारबिनै सिनेमा हलमा पुग्यो, अर्कातिर *म यस्तो गीत गाउँछु*को चपेटामा पऱ्यो । त्यसैले त झन्डै तीन वर्षपछि नयाँ फिल्म रिलिज हुँदा हर्षिका हाँस्न सकिनन् । विचरी ! ◆

तस्बिर : महेश प्रधान

एक नम्बरवालीको हाल

लगातारको असफलताबाट आजित भएकी हिरोइन केकी अधिकारीलाई *घामपानीले* सान्त्वना दियो । फिल्म हिट त भएन तर औसत व्यापार गऱ्यो । त्यसभन्दा सुखदचाहिं उनको कामले प्रशंसा पायो । दयाहाङ राईसँगको 'केमेस्ट्री' जमेको थियो । यही फिल्म रिलिज भएको पनि चार महिना बित्नै लाग्यो तर केकी अभिनीत नयाँ फिल्म प्रदर्शन भएको छैन । त्यसो त उनले फिल्मै नपाएको भने होइन । *घामपानी* चल्नुअगावै *राज्जारानीको* सुटिङ भ्याएकी थिइन् भने त्यसपछि *ऐश्वर्या* सकिन् । तर, फसाद के भने यी दुवै फिल्म कहिले रिलिज हुन्छन्, टुंगो छैन । अर्को कुनै फिल्ममा अनुबन्धित भएकी पनि छैनन् । म्युजिक भिडियोमा रमाउनु परेको छ । जबकि, उनी कुनै समय एक नम्बरवाली हिरोइन भनेर चिनिन्थिन् । अहिले भने यस्तो छ हाल । ◆

पुर्पुरोमा हात

होस्टेल *रिटर्न्स* के रिलिज भएको थियो, नाजीर हुसैनलाई फिल्मको ओइरो लाग्न थाल्यो । रंगमञ्चबाट फिल्ममा फड्को मारेका यी अभिनेताको जीवन्त अभिनयले सबैलाई भुतुक्कै बनाएको थियो तर माग बढेसँगै नाजीरमा घमण्ड पनि बढ्यो । त्यही भएरै त होला, सुटिङको केही दिनअगाडि उनले *ए मेरो हजुर २* बाट हात झिके । उनको ठाउँमा निर्माण पक्षले हतारहतार सलोन बस्नेतलाई राख्यो । नाजीरले त्यो फिल्म छोडेर *तिमीसँग* गरे । तर, *ए मेरो हजुर २* को गीत र ट्रेलरले *यूट्युबमा* तहल्का पिट्यो भने त्यसका सामु *तिमीसँगको* टिजर र गीत फिक्का साबित भयो । त्यसमाथि *तिमीसँगमा* नाजीरलाई भन्दा नवअभिनेता आकाश श्रेष्ठलाई महत्त्व दिएको थियो, फिल्म युनिटले । आफ्नो पूर्वनिर्णयप्रति उनलाई पश्चात्ताप लागेको हुनुपर्छ । तर, के गर्नु ढिलो भइसक्यो । अब पुर्पुरोमा हात राख्नुबाहेक विकल्प नै के छ र ! ◆

एकपछि अर्को पीडा

चपली हाइट २ रिलिजको पूर्वसन्ध्यामा पारामिता राज्यलक्ष्मी राणा फुरुंग थिइन् । नहुन् पनि कसरी, एक त उनको 'डेब्यु' फिल्म, त्यो पनि रियल प्रेमी आयुष्मान देशराज जोशीसँग । त्यसमाथि यो सुपरहिट *चपली हाइटको* सिक्वेल थियो । नयाँ कलाकारका लागि यति सुखद संयोग हुनु चानचुने पनि होइन । तर, जसै फिल्म रिलिज भयो, पारामिताले एकपछि अर्को पीडाको सामना गर्नुपऱ्यो । पहिलो त फिल्म फ्लप भइदियो, समीक्षात्मक प्रतिक्रिया पनि सकारात्मक रहेन । अर्कोतिर, केही समयपछि आयुष्मानसँगको उनको सम्बन्ध पनि टुंगियो । यतिबेला आयुष्मान प्रियंका कार्कीसँग 'डेट' गरिरहेका छन् । प्रियंका र आयुष्मानको जोडीले *कथा काठमाण्डूमा* सँगै काम गरे तर पारामिताको दोस्रो फिल्मको पत्तो छैन । मन कति पोल्दो हो उनको ? ◆

फिल्म ● प्रेमगीत २

★½☆☆☆

सतही प्रेममा अल्झिएको प्रेमगीत

गोकर्ण गौतम

पर्दामा पात्र प्रेम गर्छन् तर आभास दर्शकलाई हुनुपर्छ। पात्रले पीडा पाउँछन् तर दर्शकलाई दुख्नुपर्छ । हाँसे पनि, रोए पनि, घृणा गरे पनि पात्रसँगसँगै तानिनु पर्छ दर्शक । र, यसका लागि पात्रले संवादमार्फत होइन, निर्देशकले दृश्यमार्फत पात्रको भोगाइ पस्कनु पर्छ । अन्यथा जतिसुकै चमकदार दृश्य होस्, फिल्ममा विरक्त पैदा हुन्छ। हामीकहाँ बन्ने अधिकांश फिल्ममा हुने यस संक्रमणबाट *प्रेमगीत* २ पनि मुक्त हुन सकेको छैन । केन्द्रीय द्वन्द्वलाई विश्वसनीय बनाउन नसक्दा *प्रेमगीत*बाट 'प्रेम' हराएको छ ।

रामशरण पाठक यस फिल्मका पटकथाकार र निर्देशक हुन् तर उनले न पटकथा खँदिलो लेखेका छन्, न निर्देशनका क्रममा पटकथाका कमजोरीलाई सुधारेका छन् । 'क्लिसे' प्लट र कमजोर धरातलमा उभिएका पात्रका कारण सर्वप्रिय हुन सक्ने सम्भावना बोकेको प्रेमकथा फिक्का साबित भएको छ । तर, सिनेमाटोग्राफी, लोकेसन, संगीत र क्लाइमेक्सले फिल्मको लाज बचाएको छ । नामका पछाडि २ राख्नुबाहेक यसको कथाको*प्रेमगीत*सँग कुनै सरोकार छैन ।

बर्माबाट आफ्नी हजुरआमाको देश नेपाल घुम्न आएकी छन्, गीत (अश्लेषा ठकुरी) । उनलाई घुमाउने दायित्व आइपर्छ, प्रेम (प्रदीप खड्का)लाई । सुरुमा त उनी गीतलाई बेवास्ता गर्न खोज्छन् तर यात्राका क्रममा उनीहरू नजिकिन्छन् । गीत बर्मा फर्किन्छिन्, यता प्रेम तड्पिन्छ। सम्पर्क नभएपछि प्रेम पनि थाइल्यान्ड जान्छ, जहाँ गीत पढिरहेकी छन्। भेट हुन्छ तर अंगद (सन्तोष सेन) बाधक बनिदिन्छन्। गीतसँग प्रेम गरेकै कारण प्रेमको रामधुलाइ गर्छन्, गीतलाई नछोडे ज्यानै लिने धम्की दिन्छन्। आखिर अंगद को हुन्? प्रेमले गीतलाई पाउला त? यो फिल्मको सुन्दरता भनेकै क्लाइमेक्स हो । जुन फिल्मी ह्याङबाट मुक्त छ र यथार्थपरक पनि ।

बर्मामा एक बुर्जुकले नेपालको माया दर्शाउँदै दिएको लम्बेतान भाषणसँगै फिल्म सुरु हुन्छ । गीत नेपाल आएपछि मात्र होइन, प्रेमसँग घुम्न निस्केपछि पनि निर्देशक पाठकले कथामा रोचकता सिर्जन सकेका छैनन् । काठमाडौंदेखि मुगुसम्म पुग्दा कुनै अवरोध आउँदैन, न त एकअर्कालाई नजिकबाट नियाल्ने मौका पाउँछन् । मुगुको जीवनशैली नजरअन्दाज गरिएकाले यात्रा सुक्खा लाग्छ । मुगुसम्म पुग्दा त्यतिधेरै समय खर्चेका निर्देशकले फर्कँदा एउटै दृश्य देखाउन आवश्यक ठानेनन्। मध्यान्तरसम्म 'ट्वीस्ट'को अपेक्षा राखिनु थप निराशातिर धकेलिनु मात्र हो ।

मध्यान्तरपछि कथाले गति त लिन खोज्छ। तर, नेपाल बसाइका क्रममा गीतसँगको सम्बन्ध जति गहिरो र कसिलो देखाइन्छ, त्यस आधार मा प्रेम त्यति त्यागी र 'आसिक' प्रेमी होला भनेर दर्शकलाई पत्यार लाग्दैन । यसका लागि निर्देशकले पहिल्यै उनीहरूलाई अति समर्पित देखाउनु पर्थ्यो। त्यस्तै धरातल कमजोर छ, नेपाली केटाप्रतिको अंगदको एकोहोरो आक्रोशको। उनको 'फ्ल्यासब्याक' मात्रले त्यो हदसम्मको घृणालाई 'जस्टिफाइ' गर्दैन। जबकि, गीत उनको नजिकका नातेदार पनि होइनन्। यसरी पात्र र तिनीहरूको सम्बन्धलाई वजनदार बनाउन नसकेका निर्देशकले क्लाइमेक्सचाहिँ निकै बुद्धिमत्तापूर्वक खिचेका छन्। अंगद र प्रदीपको फाइट त आकर्षक छ नै, रिडबाट पैदा गरिएको संवेदनाले जोकोहीको मन छुन्छ । यहाँ गीत र अंगदको अभिव्यक्तिको प्रयोग साँच्चै सराहनीय छ ।

फेरि पनि क्लिसे दृश्य त कति हो कति ? प्रेम लिफ्टमा अड्किएर एयरपोर्ट जान नपाएको, औषधि हालेको पानी पिएर पखाला लागेको, *फेसबुक*मा प्रेमसँग साथी बन्न गीतले गरेको हर्कत, प्रेमका बुबाले गीतको खातिरदारी गर्नुको नियत, प्रेमका साथीहरू र गीतकी हजुरआमाको उपस्थिति आदि आदि । भनिहालियो, बर्मादेखि थाइल्यान्ड अनि काठमाडौं हुँदै मुगुसम्म पुगेको छ, *प्रेमगीत* २ को कथा । थाइल्यान्ड र मुगुका चहकिला दृश्य लोभलाग्दो शैलीमा कैद गरि एका छन् । तर पनि, दर्शकको मन चंगा हुँदैन । किनभने, फिल्म सुन्दर देखिने दृश्यहरूको एल्बम मात्र होइन। दृश्यमा आत्मा हुनुपर्छ। नत्र असनको गल्लीमा रुमल्लिएको *जात्रा* र पशुपति क्षेत्रमा सीमित *पशुपतिप्रसाद* किन अब्बल ठहरिन्थे !

फिल्मको सुरुआतमा लेखिन्छ, आमभन्दा अलग प्रेमकथा। बर्मेली केटी र नेपाली केटाको माया हाम्रा लागि नवीन भन्न सकिएला तर निर्देशकले दाबी गरेजस्तो चरित्र र प्रवृत्तिगत रूपमा यो विछट्टै नौलो प्रेमकथा होइन । तैपनि, उनी घिसिपिटी र आयातीत प्रेमकहानीभन्दा माथि उठ्न खोजे, त्यो सकारात्मक छ । *प्रेमगीत*बाट प्रदीप जसरी 'सरप्राइज प्याकेज'का रूपमा उदाएका थिए, त्यसलाई निरन्तरता दिन सकेका छैनन् । भिन्न लुक्स र फाइटबाहेक अभिनयमा कुनै प्रगति छैन। उनीसँगको अपेक्षा यति मात्र होइन । सुनील पोखरेलसँग अभिनय प्रशिक्षण लिएको भनिएकी अश्लेषाले निराश तुल्याउँछिन्, उनको अनुहारको भावभंगिमा र संवाद बोल्ने शैलीमा स्वाभाविकताको सुगन्ध छैन । अभिनयमा आमूल परिवर्तन नगरे हिरोइनको भीडमा हराउने डर छ। निर्मातासमेत रहेका सन्तोष सेन एक्सन दृश्यमा जमेका छन्। निर्माताका रूपमा फिल्मलाई 'रिच' बनाउन कुनै कन्जुस्याइँ गरेका छैनन् । शिशिर भण्डारीलाई राखिनुको एउटै उद्देश्य हँसाउनु हो तर उनलाई 'ओभर-एक्टिङ'ले गाँजेको छ ।

लोकेसन छनोट र पुरुषोत्तम प्रधानको छायांकन पूरापूर तारिफयोग्य छ। आवरण मात्र हेर्ने हो भने केही दृश्य अन्तर्राष्ट्रिय स्तरका छन्। 'कहानी यो प्रेमगीतको...'सँगै अन्य गीतहरू श्रुतिमधुर छन् । रेनेशा वान्तवा राईको कोरियोग्राफी उस्तै आकर्षक लाग्छ । पार्श्वध्वनि र कलाकारको वेशभूषा पनि प्रसंशनीय छ ।

प्रदीपका 'हार्डकोर फ्यान'का लागि मात्र हो, *प्रेमगीत* २ । दाँज्नै पर्दा, मेकिङमा *प्रेमगीत*भन्दा अब्बल छ भने कथा र कथा भन्ने शैलीमा कमजोर । ◆

अचानक

'जंगबहादुर इतिहासकै ब्रिलिएन्ट पात्र हुन्'

राणा खलकका भित्रिया र राणाकालीन इतिहासका जानकार राजनीतिज्ञ **सागरशमशेर जबरा** अहिले लेखक बनेर चर्चामा छन् । राणा शासनको उदय र पतनलाई लिएर उनले लेखेको पुस्तक *सिंहदरबार* अहिले बजारमा छ । नेपाली कांग्रेसको राजनीतिमा जीवन समर्पित गरेका उनीसँग त्यसै पुस्तकको सेरोफेरोमा रहेर गरिएको कुराकानी :

८० को हाराहारी उमेरमा पुगेर लेखक बन्नुभएको छ नि ?

लेखक बन्ने प्रयत्न र लेखाइको सुरुआत भएको एक दशक भइसकेको छ। सामग्रीको संकलन, अन्तर्वार्ता र स्रोतको प्रमाणीकरण गर्दैमा केही समय लाग्यो । खासमा भन्ने हो भने नेपाली कांग्रेसको इतिहासमा राणाकालीन युग पनि गाँसिएको छ । यो इतिहाससँगै शासनरत राणा परिवारको वंशक्रममा हामी तीन दाजुभाइ (भरत, जगदीश र म) पनि समयको साक्षी थियौं नै। हामी तीनै जना राणा वंशज भइकन प्रजातान्त्रिक अभियान र स्वतन्त्रताको चेतना लिएर अघि बढेका थियौं ।

कसरी यो पुस्तक लेख्ने सोच आयो ?

राणाकालीन समयको इतिहास लेख्दा कि एउटा पक्ष कि अर्को पक्षको चर्को स्तुति अथवा निन्दा गरिएको मैले पाएको छु । यसमा ९० प्रतिशतजति लेखाइ राणाकालको विरोधमा केन्द्रित छ । राणा शासनका 'इन्साइडर र आउटसाइडर' दुवै रहेका हामी तीन दाजुभाइमध्ये एकले इतिहासको सही अध्याय लेख्ने निधो भयो । यसमा मैले कोलकाता पुगेर भरत दाइलाई अनुरोध गरें । उहाँले लेख्न चाहनुभएन । सिमला पुगेर जगदीश दाइलाई भनें । उहाँले 'मेरो क्षेत्र साहित्य हो, इतिहास तिमी नै लेख' भन्नुभयो । यसकारण म पुस्तक लेख्न बसेको हुँ ।

राणा इतिहासका बारेमा त अरूले पनि लेखेकै छन् नि ?

इतिहासका बारेमा सही किताबको अभाव त छ नै, कतिपयमा इतिहासको अपव्याख्या पनि भएको छ । पुरुषोत्तमशमशेर राणाले इतिहासलाई राम्रोसँग अभिलेखबद्ध गर्नुभएको छ, यो विस्तृत पनि छ । तर, उहाँ सधैंजसो चन्द्रशमशेरविरुद्ध लेख्न रुचाउनुहुन्छ । पछि भेटघाट भएका बेला उहाँ आफैंले भन्नुभयो- 'हो, मैले अलिक हडबडाएर लेखेको रहेछु।' बरू, भीमबहादुर पाँडेले लेखेको पुस्तक *त्यस बखतको नेपाल* निकै आधिकारिक र अर्थपूर्ण छ ।

इतिहासको आधिकारिकता पहिल्याउन मैले ४० जति विज्ञ राजनीतिज्ञ र जानकारसँग राजनीतिक अन्तर्वार्ता लिएको छु । हामीकहाँ सही अध्ययन र ज्ञान नभएकै अवस्थामा इतिहास लेखिएको अवस्था छ। म भने जुद्धशमशेरदेखि पछिसम्म इतिहासको कठघरामा कतिपय देखिएको र कतिपय सुन्दै आएको क्षणको साक्षीसमेत हुँ । अर्कातिर, धेरैले नेपालको अथवा राणाकालीन इतिहासको कुरा लेख्ने क्रममा काठमाडौं केन्द्रित हुने गरेका छन् । म भने विराटनगर, पाल्पादेखि भारतमा कोलकाता, बनारससम्म इतिहास उधिन्दै पुगेको छु।

तपाईंले जंगबहादुर राणालाई इतिहासकै 'ब्रिलिएन्ट' पात्र भन्नुभएको छ, यसको आधार के हो ?

जंगबहादुर राणालाई सधैं गाली गर्ने एउटा भाँडो मात्रै बनाइयो । मैले त इतिहासमा पृथ्वीनारायण शाहपछि 'ब्रिलिएन्ट' पात्रमा जंगबहादुर र बीपी कोइरालालाई मात्रै देखेको छु। गणेशमानजी र किसुनजीलाई पनि म योग्य ऐतिहासिक पात्र मान्छु । कतिपयले प्रचण्ड र केपी ओलीलाई पनि सक्षम राजनीतिज्ञ भन्छन् तर यी दुवै चतुर हुन् । म नैतिक र राजनीतिक रूपले यिनलाई नेता मान्नै सक्दिनँ। जंगबहादुरका हकमा हामीकहाँ उनको 'पर्सेप्सन' बल्ल बुझ्न थालिएको छ। 'कि बुद्ध बन्छु कि जंगबहादुर बन्छु' भनेर बनाइएको स्लोगनमा पनि आ-आफ्नै बुझाइ होला। इतिहास बुझ्दा जंगबहादुरलाई मैले 'ब्रिलिएन्ट' पाएको छु, सामान्य 'पर्सेप्सन'भन्दा धेरै माथि ।

अरू राणा प्रधानमन्त्रीका बारेमा चाहिं ?

चन्द्रशमशेरका बारेमा धूर्त र निरंकुश भन्ने अवधारणा यथावत् छ। शिक्षा क्षेत्रमा चन्द्रशमशेरले निकै काम गरेका हुन्। सन् १९२३ को नेपाल-ब्रिटिस मैत्री सन्धिका बारेमा जसले जे भने पनि 'नेपाल स्वतन्त्र रहिरह्यो' भन्ने आधार त त्यहींबाट बनेको हो। जुद्धशमशेरको 'इमेज' अलिक माथि देखिन्छ, जसका बारेमा बालकृष्ण समले पनि सह्राएर लेख्नुभएको छ । पद्मशमशेरलाई रुन्चे राजा भनिन्थ्यो, हो पनि। तर, शिक्षा क्षेत्रमा पद्मशमशेरले केही काम गरेकै हुन्, तत्कालीन संविधान ल्याउने कामका हिमायती पनि उनै हुन्। बरू, मोहनशमशेर र देवशमशेरको 'इमेज' कमजोर छ, मेरो 'पर्सेप्सन' र लेखाइमा ।

इतिहास लेखनका लागि माध्यम किन अंग्रेजी छान्नुभयो ?

अंग्रेजीमै लेख्ने निधो गर्नुको कारण यस भाषाप्रति औसतमा मेरो राम्रै पकड रहेको स्वमूल्यांकन छ। अर्को कुरा, मेरो छोराकै पुस्तालाई हेर्ने हो भने (पाठकीय स्वादमा) नेपालीभन्दा अंग्रेजी भाषा सहज र सरल लाग्ने अवस्था आइसकेको छ। ◆

॥ जनक नेपाल

तालीवाला वामदेव

एमाले नेता वामदेव गौतमको आफ्नै शैली छ, हठी तर स्पष्ट । उनी नघुमाएरै सीधै आफ्ना कुरा राख्छन् । भाषण गर्दा कार्यकर्ताले ताली बजाएको उनलाई मन पर्छ । ताली बजेन भने मुखै खोलेर भन्छन्, 'खोइ ताली पिटेको ?'

प्रदेश-५ का स्थानीय तहमा जितेका प्रमुख-उपप्रमुखका लागि एमालेले १० साउनमा नेपालगन्जमा राखेको प्रशिक्षणको सुरुमै उनले सहभागीबाट ताली मागे । कार्यवाहक अध्यक्षका रूपमा प्रशिक्षण उद्घाटन गर्न आइपुगेका गौतमले स्थानीय तह प्रमुखलाई अध्यक्ष वा मेयर भनेनन्, सीधै स्थानीय सरकारका 'प्रधानमन्त्री' भनेर सम्बोधन गरे । स्थानीय तहले पर्याप्त आन्तरिक स्रोत संकलन नहुँदासम्म तलब-भत्ता वा अरू सुविधा नलिन निर्देशन दिंदा सहभागीले ताली बजाएनन् । 'यो कुरा मन परेन कि क्या हो ? ताली त बजेन,' ठट्यौली पारामा प्रस्तुत भएका गौतमले थपे, 'ताली पिट्नूस्, ऊर्जा प्राप्त हुन्छ ।'

अनि, गाउँ तथा नगर परिषद् उद्घाटनमा प्रधानमन्त्री, मन्त्री, पूर्वप्रधानमन्त्री वा पार्टी नेता गएको पनि उनलाई मन परेको रहेनछ । आफूलाई पनि त्यस्तो निम्तो आएको तर आफू स्थानीय तहको अधिकार घटाउन नगएको उनले प्रस्टीकरण दिए । 'एउटा सरकारको परिषद् वा संसद्मा अर्को संसद्को नेता कसरी मुख्यमन्त्री हुनसक्छ ?' उनले निर्देशन दिए, 'आफ्नो परिषद्को पानस आफैं बाल्नूस् । आफैं मुख्य अतिथि हुनूस् ।'

वनभोज र तीर्थाटनको राजनीति

भनिन्छ, राजनीतिमा जे पनि सम्भव छ । प्रस्टै बहुमत हुंदा पनि नतिजा उल्टिएका घटना छन् । सरकार बनाउन र ढाल्न सांसद खरिद-बिक्रीसम्मका घटना भएको विकृत इतिहास साक्षी छ । त्यसैले समय बितेपछि नपछुताउनका लागि पार्टीहरू जे गर्न पनि तयार हुन्छन् । तिनले रात-दिन नभनेर आफ्ना उम्मेदवार जिताए । जितेपछि तिनै जनप्रतिनिधिले पुनः गाउँ-नगरपालिकामा आफ्नै उम्मेदवारलाई भोट नहाल्लान् भन्ने कत्रो चिन्ता !

बाँकेको डुडुवा गाउँपालिकामा कांग्रेस र एमालेले जनप्रतिनिधिलाई अयोध्या दर्शन गराए । कोहलपुर नगरपालिकामा एमालेले निर्वाचित प्रतिनिधिहरूलाई ठाकुरद्वारा लगेर राख्यो । निर्वाचित ७७ प्रतिनिधिमध्ये एमालेका ४०, कांग्रेसका ३२ र माओवादी केन्द्रका ५ जना छन् ।

बाँके जिल्लाका आठवटै स्थानीय तहमा ४ साउनका लागि बोर्ड चुनाव तोकिएको थियो । चुनावको एक दिनअघि नै कोहलपुरमा एमालेका निर्वाचित प्रतिनिधिहरू खुसीयालीमा वनभोज भन्दै ठाकुरद्वारा पुगे । बर्दियाको ठाकुरबाबा नगरपालिकामा एमालेबाट उपमेयर उम्मेदवार विना भट्टराईको रिसोर्टमा वनभोज गरियो । 'नढाँटी भन्नुपर्दा त्यो सबै मत जोगाउनकै लागि थियो,' वनभोजको अगुवाइ गरेका एमालेका एक नेता यस्तो सुनिए, 'खसी यतैबाट लगेका थियौं । वनभोज पनि रमाइलै भयो, यता चुनाव पनि जितियो ।' कांग्रेसले चाहिं आफ्ना निर्वाचित प्रतिनिधिलाई नेपालगन्ज लगेर राखेको थियो । अर्को दिन बिहान चिया खुवाएर सीधै मतदान गर्न ल्याइएको थियो । भोट खसाएपछि मात्र जनप्रतिनिधिलाई अरूसँग भेट्न दिइएको थियो ।

डुडुवाको अयोध्या दर्शन त्यसभन्दा रोचक छ । त्यहाँ मुख्य प्रतिस्पर्धी कांग्रेस र संघीय समाजवादी फोरमले एमालेका पाँच भोटका लागि ठूलै कसरत गरे । कांग्रेससँग अध्यक्ष/उपाध्यक्षसहित १२ जनप्रतिनिधि छन् भने संघीय फोरमले १० र फोरम लोकतान्त्रिकले ५ पद जितेका छन् । एमालेको जिल्ला नेतृत्व संघीय फोरमलाई सघाउन चाहन्थ्यो । गाउँ कमिटीले कांग्रेससँग गठबन्धन गर्ने निर्णय गर्‍यो । कांग्रेस-एमालेको १७ र दुई फोरमको १५ मत हुने भयो ।

संख्यामा बहुमत देखिए पनि कांग्रेस-एमालेले मालती यादवको भोट क्रस हुने शंका गरे । एक भोट पनि क्रस भए, चुनाव बराबरमा जान्थ्यो । त्यो जोखिम उनीहरू मोल्न चाहँदैनथे । त्यसैले जुक्ति निकाले, १७ जनै जनप्रतिनिधि अयोध्या भ्रमणमा जाने । २ साउनमा अयोध्या गएकाहरू दर्शन गरेर मतदानअघि टुप्लुक्क डुडुवा आइपुगे । मतदान मध्याह्न १ बजेसम्म थियो । शंका गरिएकी मालती भने मतदान समय सकिएपछि मात्र गाउँ आइपुगिन् । सुरुमा त उनकै हेलचेक्र्याइले अनुपस्थित भएको भनियो । पछि रहस्य खुल्यो, अर्कै गठबन्धनका उम्मेदवारलाई भोट जाने ठानेर उनलाई जानेरै ढिलो पठाइएको रहेछ ।

वाह रे विकासप्रेमी मेयर !

तस्बिरहरू : जनक नेपाल

स्थानीय तह निर्वाचन सकियो । विजेता मेयर-उपमेयर काम सुरु नगर्दै हप्तौंदेखि सम्मान थाप्न व्यस्त छन् । त्यस्तै, एक सम्मान कार्यक्रममा नेपालगन्ज उपमहानगरपालिकाका मेयर धवलशमशेर राणा र उपमेयर उमा थापामगर-सामुन्ने पूर्वमेयर विजय गुप्ताले भावुक हुँदै भने, 'सडक विस्तार अवरोध नेपालगन्जको विकासको कलंक हो । त्यसमा सम्झौता नगर्नुहोला ।'

स्थानीय तह निर्वाचन बहिष्कार गरेको राजपाका नेता गुप्ताको सुझाव सुनेपछि राणा पनि के कम ! कडा शब्दमा भनिदिए, 'सदरलाइन सडक विस्तार रोक्ने घर डोजर लगाएर भत्काउँछु र बिल पठाउँछु ।' एउटा सडक विस्तारमा यतिधेरै प्रतिबद्ध देखिएका मेयर राणा हुलाकी राजमार्गको पुष्पलाल चोक-बसपार्क खण्ड विस्तारमा भने फरक देखिए । सडक निर्माण मापदण्ड ३० मिटरको छ । तर, उपमहानगरपालिकाले खुम्च्याएर २२ मिटरको बनाउने सहमति दिएको छ ।

सडक विस्तारमा घरधनीको जहाँतहीं विरोध छ । तर, मापदण्ड भुलेर सडक साँघुरो भने कमै ठाउँमा बनाइएको छ । त्यसमाथि, विकासप्रेमी भनेर प्रचार गरिएका राणाको यो दोहोरो मापदण्ड भत्किने सूचीमा रहेका घरका धनीबाहेक अरूलाई चित्त बुझ्ने कुरै भएन । त्यसैले सामाजिक सन्जालमा टिप्पणी गर्न थालिएछ, 'वाह रे विकासप्रेमी मेयर !' ◆

www.acplnepal.com

अर्घाखाँची
ओ.पि.सि. सिमेन्ट

'मुर्खता नगरौं'
सहि सिमेन्ट रोजौं

सिमेन्ट खर्चमा १ प्रतिशत रकम बचाउन के तपाई सस्तो सिमेन्ट प्रयोग गरी आफ्नो घरको १०० प्रतिशत सुरक्षा जोखिममा पार्नुहुन्छ?

मुर्खता नगरौं अर्घाखाँची ओ.पि.सि. सिमेन्ट नै रोजौं।

अर्घाखाँची सिमेन्टले मात्र दिन्छ
सही मूल्य, सही तौल र सही गुणस्तर।

(सुनिल थापा)

फ्याक्ट्री: मैनहीया गा.वि.स.-१, रुपन्देही, नेपाल । फोन नं. ९८५७०१५०७० । मुख्य कार्यालय: थापाथली, काठमाडौं । फोन नं. +९७७-१-४१०२१८८/४१०२१४३

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८